काठमाडौं, नेपालगन्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

नागरिक शनिबार



**अक्षर**

प्रकृतिमा सबै चिज छ, प्रकृतिले आफूसँग भएका सबै चिज बिनाभेदभाव दिन्छ तर पर्खनुपर्छ । पाउने प्राकृतिक समय सुन्दर हुन्छ ।



**अक्षर**

आधुनिकता आवश्यक छ, आध्यात्मिकता पनि त्यत्तिकै आवश्यक छ । प्रविधिले सुविधा दिन्छ, दिशा दिँदैन । कृत्रिम बुद्धिमत्ताले सूचना दिन्छ, विवेक दिँदैन ।



**खेल**

स्पेनिस क्लब रियाल मड्रिड छाड्ने भिनिसियसको निर्णय हुँदा आर्सनलले ती ब्राजिलियन फरवार्डलाई आफ्नो बनाउन तयार थियो ।

वर्ष १८, अंक ९२, पृष्ठ ८, शनिबार-आइतबार २३-२४ साउन २०८३, श्रावण कृष्णपक्ष दशमी-एकादशी, Saturday-Sunday, 8-9 August, 2026, नेपाल संवत् ११४६, मूल्य- १०/-

# नेताका नामका भवन मर्मत गर्न ११ करोड

भुवन शर्मा

*काठमाडौं, साउन २२*

सरकारले चालु आर्थिक वर्ष २०८३/८४ मा चार शीर्ष नेता बिपी कोइराला, मदन भण्डारी, कृष्णप्रसाद भट्टराई र गजेन्द्रनारायण सिंह स्मृति भवनको मर्मत तथा सम्भार गर्न ११ करोड रुपैयाँ बजेट छुट्याएको छ। उक्त बजेट संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमार्फत छुट्याइएको हो। ती चार भवन पर्यटकीय केन्द्र र ऐतिहासिक महत्त्वपूर्ण भवन भएकाले मर्मत-सम्भार गर्न बजेट विनियोजन गरिएको मन्त्रालयका प्रवक्ता जयनारायण आचार्यले बताए। 'पर्यटकीय तथा ऐतिहासिक दृष्टिकोणले महत्त्वपूर्ण मानिएका भवनको मर्मत तथा सम्भार गर्नु सरकारको काम हो,' आचार्यले भने। उनका अनुसार उक्त बजेट अझै कार्यान्वयनमा आएको छैन। 'तर कसैले विनियोजन गरिएको बजेट लिन अस्वीकार गरे उक्त रकम अन्य शीर्षकमा रकमानन्तर हुन्छ या फ्रिज हुन्छ,' उनले भने।

गत भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनका क्रममा ती चार भवनमा आगलागी भई क्षतिग्रस्त भएका थिए। ती चार भवनको मर्मत तथा संरक्षण गर्न सरकारले चालु आवमा बजेट छुट्याएको हो। मन्त्रालयका अनुसार बिपी कोइरालाको जन्मघर कोइराला निवास मर्मत तथा सम्भार विराटनगर महानगरपालिका-७ स्थित कोसी अस्पताल चोक मोरङलाई दुई करोड, मदन भण्डारी स्मृति भवन निर्माण तथा सम्भार रतुवामाई नगरपालिका-१० मोरङलाई दुई करोड, गजेन्द्रनारायण सिंह स्मृति भवन मर्मत तथा सम्भार राजविराज सप्तरीलाई दुई करोड तथा कृष्णप्रसाद भट्टराई स्मृति भवन निर्माण

> बिपी कोइराला, मदन भण्डारी, कृष्णप्रसाद भट्टराई र गजेन्द्रनारायण सिंह स्मृति भवनको मर्मत तथा सम्भार गर्न सरकारले ११ करोड रुपैयाँ बजेट छुट्याएको छ।
>
> कोइराला निवास मर्मत बजेट फिर्ता गर्न सरकारलाई शेखरको पत्र

तथा सम्भार बाडेगाउँ ललितपुरलाई पाँच करोड बजेट छुट्याइएको छ। हाल ती चार घर नेपाली राजनीतिक तथा सामाजिक इतिहाससँग महत्त्वपूर्ण रूपमा जोडिएका छन्। अघिल्लो आर्थिक वर्ष २०८२/८३ मा तत्कालीन सहरी विकास मन्त्रालयले दर्जनौं ठाउँमा विभिन्न पार्टीका शीर्ष नेताका नाममा निर्माण भएको निवास तथा स्मृति भवनको मर्मत-सम्भार गर्न तथा अन्य शीर्षकमा करोडौं बजेट छुट्याएको थियो। तर चालु आवमा भने कुनै पनि नेताका नाममा भवन तथा अन्य शीर्षकमा साबिकाको सहरी विकास मन्त्रालय तथा हालको पूर्वाधार विकास मन्त्रालयले एक रुपैयाँ पनि बजेट नछुट्याएको उक्त मन्त्रालयका एक सहसचिवले बताए। पोहर साल तत्कालीन सहरी विकास तथा उपप्रधानमन्त्री प्रकाशमान सिंहको पालामा नेताका नाममा निर्माण भएको निवासको मर्मत तथा अन्य शीर्षकमा यसरी ठुलो रकम बराबरको बजेट छुट्याइएको थियो।

कांग्रेस नेता डा. शेखर कोइरालाले विराटनगर-७ स्थित ऐतिहासिक कोइराला निवासको मर्मत तथा संरक्षणका लागि सरकारले विनियोजन गरेको दुई करोड रुपैयाँ फिर्ता गर्न सरकारलाई आग्रह गरेका छन्। उनले साउन २० गते संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवलाई चिठी लेख्दै कोइराला निवासको मर्मत तथा संरक्षणमा विनियोजन गरिएको रकम आफूले नैतिक रूपमा स्वीकार गर्न नसक्ने बताएका हुन्। सो रकम अन्य अत्यावश्यक क्षेत्रमा खर्च गर्न पनि सरकारलाई अनुरोध गरिएको छ । मुलुक आर्थिक अभावसहित विभिन्न समस्या हुँदा राज्यको सीमित स्रोतसाधन नागरिकको हितमा प्रयोग हुनुपर्ने उनको भनाइ छ। 'राज्यसामु आमनागरिक जो वञ्चना, अभाव र अनेकन् कष्टमा छन् त्यस्ता नागरिकको उत्थानका लागि उपलब्ध सीमित स्रोत र साधनको उपयोग होस् भन्दै विनम्रतापूर्वक, विराटनगर महानगरपालिका-७ कोसी अस्पताल चोक मोरङस्थित (कोइराला निवास) को मर्मत तथा सम्हार भनी विनियोजन गरिएको उक्त रकम नैतिक रूपमा स्वीकार गर्न असमर्थ छु,' चिठीमा उनले भनेका छन्, 'विराटनगर महानगरपालिका वार्ड नं. ७ स्थित पिताजी कृष्णप्रसाद कोइरालाद्वारा शताब्दी पहिले निर्मित घर, जो कोइराला निवास भनी चिनिन्थ्यो, गत वर्ष भाद्र २४ गते जेन्जी आन्दोलनको क्रममा जलाइयो। यसको ऐतिहासिकता भौतिक रूपमा नष्ट गर्ने काम भयो।'

बिपी सम्पूर्ण नेपालीको गाँस, बास र कपासका लागि जीवनभर संघर्षरत रहेको स्मरण गराउँदै चिठीमा उनले भनेका छन्, 'राज्यले त्यसतर्फ समग्र रूपमा आफूलाई समर्पित गरोस्, यही नै बिपीप्रति सच्चा श्रद्धाञ्जली हुने छ, यही नै कोइराला निवासप्रति न्याय गरेको ठहरिने छ।' डा. शेखरका पिता कृष्णप्रसाद कोइरालाले शताब्दीअघि उक्त घरको निर्माण गरेका थिए।

# सत्ताको प्राथमिकतामा किन पर्दैन सञ्चार क्षेत्र ?

## सत्तामा पुगेपछि सञ्चार क्षेत्र राजनीतिक दलहरूको प्राथमिकताबाटै बाहिरिँदै गएको छ।

नागरिक संवाददाता

*काठमाडौं, साउन २२*

चैत १३ गते मुलुकको कार्यकारी प्रमुख प्रधानमन्त्रीको जिम्मेवारी समालेका बालेन्द्र शाहले पहिलो पटक साउन १० गते राष्ट्रका नाममा सम्बोधन गरे। मुलुकको समसामयिक विषयमा होइन, सुनसरीको देवानगन्ज-३ स्थित कप्तानगन्जमा भएको दुई पक्षीय विवादको आगो तराई मधेसमा पनि सल्कन थालेपछि प्रधानमन्त्रीले सम्बोधन गरेका हुन्। त्यो पनि प्रधानमन्त्री शाहले आमसञ्चारका माध्यमहरूलाई बोलाएर वा पत्रकार सम्मेलन गरेर होइन, आफ्नै सामाजिक सञ्जालमार्फत पहिलो सम्बोधन सार्वजनिक गरे।

- सामाजिक सञ्जाललाई सञ्चारको साधन बनाउँदै मूलधारको पत्रकारितालाई बेवास्ता गरेको आरोप सरकारमाथि छ।
- पत्रकारिताका कमजोरी सच्याउने जिम्मेवारी पत्रकार र सञ्चार क्षेत्रकै भएको विज्ञहरू बताउँछन्।
- विज्ञापन बजार खुम्चिँदा सञ्चारगृहमा श्रम र आर्थिक संकट विकराल बन्दै गएको छ।
- सञ्चारमाध्यम उद्योग हो कि सामाजिक सेवा भन्ने बहससँगै यसको नियमन र सञ्चालनमा स्पष्ट नीति आवश्यक देखिएको छ।
- पत्रकार महासंघले दीर्घकालीन नीति सुधारभन्दा आन्दोलनमा सीमित हुँदा पत्रकार र सञ्चार उद्योगबिचको दुरी बढेको छ।

सरकार नियन्त्रित सार्वजनिक सेवा प्रसारण नेपाल (नेपाल टेलिभिजन) ले प्रधानमन्त्री शाहको सम्बोधन रेकर्ड गरेको थियो। तर प्रधानमन्त्रीलाई निजी सञ्चार क्षेत्रमाथि त विश्वास लागेन नै, राज्य नियन्त्रित संस्थामाथि पनि भरोसा भएन। त्यसैले त उनले नेपाल टेलिभिजनबाट आफ्नो सम्बोधन प्रसारणपूर्व झन्डै दुई मिनेट (१.५७ सेकेन्ड) अघि नै सामाजिक सञ्जाल फेसबुकमा राखे। स्थानीय तहको निर्वाचनअघि सञ्चारगृहमा गएर अन्तर्वार्ता दिएका शाहले काठमाडौं महानगरपालिकाको मेयरको जिम्मेवारीमा पुगेपछि नेपाली सञ्चारमाध्यममा कार्यरत पत्रकारलाई अन्तर्वार्ता होइन, भेट्न पनि आवश्यक ठानेनन्। अहिले मुलुकको प्रधानमन्त्रीको जिम्मेवारीमा रहेका शाहले सरकारमातहतका निकायलाई पनि विश्वास नगरेको स्पष्ट हुन्छ। जबकि प्रधानमन्त्री शाहको पार्टी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको करिअर नै सञ्चारकर्मीका रूपमा निर्माण हुँदै अहिलेको अवस्थामा पुगेका हुन्।

लामिछाने मात्र होइन, शाह नेतृत्वको सरकारमा सहभागी कम्तीमा तीन मन्त्रीको पृष्ठभूमि पनि सञ्चारकर्मीकै छ। उनीहरू मात्र होइन, रास्वपाबाट अहिले प्रतिनिधिसभा प्रतिनिधित्व गर्ने दुई दर्जन बढी सदस्यले पनि यही क्षेत्रबाट आफ्नो करिअर सुरु गरेका हुन्। अहिले उनीहरू नै संसद्मा दुई तिहाइ बहुमतनजिक छन् भने सरकारमा पनि रास्वपा नै छ। यस क्षेत्रलाई बुझेका मात्र होइन, भोगेकाहरूबाट नेपाली सञ्चार क्षेत्र र सञ्चारकर्मीहरूले सुधार तथा सकारात्मक विभेदको अपेक्षा राखेका थिए र छन्।

बाँकी पृष्ठ २

## पत्रकारिता : दिशा कता ?



रामकृष्ण रेग्मी




कस्तो रमाइलो र सहज हुन्थ्यो यदि आज पत्रकारिताको उपस्थितिलाई पहिल्याउने कम्पास उपलब्ध भए वा सम्बद्ध संकेत कुनै एपमा देखिए। जुनसुकै समय, जुनसुकै स्थान, जसकसैबाट, जुनसुकै माध्यम वा प्ल्याटफर्मबाट सूचना प्रवाह हुने, चुहिने, सर्वत्र फैलने, भाइरल नै बनिदिने वर्तमान परिवेशको मर्मलाई बुझी पत्रकारिताले बाटो पहिल्याउनु आजको अनिवार्यता हो।

विश्वसनीयतासँग सम्बद्ध मान्यताका लागि त्यसो गर्नुपर्ने स्थिति छ। नगर्दा सूचनाको आँधीमा, हल्लाको बहावमा आल्गोरिदमको पेचिलो जोड्ने-गुन्ने क्रममा बजारको प्रचार दाउमा हराउने र समाज दिग्भ्रमित हुने सम्भावना रहन्छ। साथै भर्भराउँदो, फराकिँदो सामाजिक सञ्जाल, सूचना प्रवाहका सहश्र प्ल्याटफर्मको यथार्थतालाई मानेर पत्रकारिताका रिपोर्टिङ सम्पादन प्रस्तुतिसँग सम्बद्ध अनेक प्रक्रियालाई क्रियाशील बनाउनु छ। त्यसमा ध्यान नदिँदा पत्रकारिता अब किन चाहिन्छ र भन्ने भाष्यसँग प्रतिस्पर्धा गर्न सकिन्न।

बाँकी पृष्ठ ३

## नेपाली सञ्चारका चुनौती



किशोर नेपाल

नेपालका पहिलो जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाले सानो पुँजीमा चलेका सानो आकारका नेपाली पत्रपत्रिकाको विकासका लागि सरकारले अनुदान दिने निर्णय गर्नुभएको थियो। त्यो बेला नेपालको राजधानी काठमाडौंबाट गोरखापत्र दैनिक प्रकाशित हुन्थ्यो। गोरखापत्र सरकारकै एउटा उपक्रम थियो।

२००७ सालमा प्रजातन्त्रको स्थापनापछि देशका केही बौद्धिक व्यक्तिले पत्रपत्रिकाको प्रकाशन सुरु गरेका थिए। हरेक दिन साँझ नयाँ सडकको पिपल चौतारामा बिक्रीका लागि समाज, नयाँ समाज, हालखबर, स्वतन्त्र समाचार र अंग्रेजी भाषाको दि कमनरलगायत दर्जन बढी समाचारपत्रको बजार लाग्थ्यो। त्यतिबेला पशुपतिदेव पाण्डे, गोपालदास श्रेष्ठ, दाताराम शर्मा, मदनमणि दीक्षितलगायत पत्रकारिताको मूल्य र महत्त्व बुझेका तन्नेरी व्यक्तित्व पत्रकारिताको विकासका लागि जुटेका थिए। बिपी स्वतन्त्र प्रेसको पक्षपाती हुनुहुन्थ्यो। प्रजातान्त्रिक समाजलाई जीवन्त राख्न स्वतन्त्र पत्रकारिताको अपरिहार्यताबारे बिपीको मनमा कुनै संशय र द्विविधा थिएन।

अहिले नेपालको राजनीतिक परिस्थिति बदलिएको छ।

बाँकी पृष्ठ २

## मिडियामा बहुआयामिक संकट



विपुल पोखरेल

देशमा २०४६ सालको राजनीतिक परिवर्तनपछि सबैभन्दा बढी फस्टाएको क्षेत्रका रूपमा पत्रकारितालाई लिइन्थ्यो। पत्रकारिताको महत्त्व र आवश्यकताको बोध सबै पक्षलाई भएका कारण यो पेसाप्रतिको सम्मान र सहयोगी भावना नै पत्रकारिताको प्रवर्धनको सबैभन्दा ठुलो आधार थियो। प्रविधिको विकाससँगै पत्रकारिताका आयामसमेत थपिँदै गए। छापा मामाध्यमसँगै टेलिभिजन, एफएम रेडियो, अनलाइनको बाक्लो उपस्थितिले पत्रकारिता क्षेत्रलाई अझ झाँगिन मद्दत नै पुग्यो। २०४६ को परिवर्तनपछिको राज्य संयन्त्रले पत्रकारितालाई व्यावसायिक बनाउने सन्दर्भमा पनि कामहरू गऱ्यो। नीति, कानुन निर्माणका शृङ्खलाहरू सुरु भए। पत्रकारिता क्षेत्रले पनि आफूलाई स्वघोषणा गरेर 'मिसन पत्रकारिताबाट अगाडि बढ्दै व्यावसायिक पत्रकारिताको चरणमा प्रवेश गरेको' रूपमा भाष्य बनाउन थाल्यो। मिडियामा निजी क्षेत्रको पनि क्रमशः थुप्रै लगानी हुँदै आयो। यो लगानी अहिलेसम्म २०-२२ अर्ब रुपैयाँ पुगेको आँकडा छ।

अमेरिकाका तेस्रो राष्ट्रपति थोमस जेफर्सनको 'यदि मलाई सरकारबिनाको समाचारपत्र वा समाचारपत्रबिनाको समाचारपत्रमध्ये एक रोज्न दिइयो भने, मैले अलिकति पनि नहिचकिचाईकन दोस्रो (सरकारबिनाको समाचारपत्र) नै रोज्ने छु' भन्ने भनाइले लोकतान्त्रिक शासकहरूले पत्रकारितालाई कुन रूपमा महत्त्व दिन्छन् भन्ने एउटा मापकका रूपमा अहिलेसम्म लिने गरिन्छ। नेपाली पत्रकारिताले पनि लोकतान्त्रिक शासकसँग यही तहको बुझाइ रहन्छ भन्ने विश्वास गर्छ र लोकतन्त्रप्रति बलियो पक्षधरता देखाउँछ। लोकतन्त्रप्रतिको नेपाली पत्रकारको पक्षधरतालाई अन्तर्राष्ट्रियस्तरमा समेत चर्चा गरिन्छ। सञ्चारविज्ञ तथा सिपिजे, आरएसएफ जस्ता अन्तर्राष्ट्रिय प्रेस अधिकारवादी संस्थाको विश्लेषणअनुसार विश्वका धेरैजसो प्रजातान्त्रिक मुलुकमा 'एड्भोकेसी जर्नलिज्म'लाई निष्पक्षताको मर्मविपरीत मानिए पनि नेपालको सन्दर्भमा भने यो 'प्रजातान्त्रिक प्रतिबद्धतासहितको नागरिक दायित्व'का रूपमा स्थापित भयो। नेपाली पत्रकारले निरंकुशताविरुद्धको संघर्षमा समाचार कक्ष र सडक दुवैलाई लोकतन्त्रको रक्षाकवच बनाएको विषयलाई पनि उनीहरूले निकै महत्त्वका साथ चर्चाको विषय बनाउँदै आएका छन्।

> मिडिया क्षेत्रमा सुधार ल्याउन सरकारले मुख्यतः नीतिगत, आर्थिक, कानुनी र नियमनकारी सुधार गर्नुपर्ने देखिन्छ। यसका लागि सरकारले पारदर्शी र विभेदरहित विज्ञापन प्रणाली लागु गर्दै मदिरा, कस्मेटिक्स, औषधिजस्ता वस्तुको विज्ञापनमा निश्चित आचारसंहितासहित उदार नीति अपनाउनुपर्छ, जसले मिडियाको आर्थिक संकट हल गर्न सहयोग पुऱ्याओस्।

नेपालमा अहिले पनि लोकतान्त्रिक प्रक्रियाबाट निर्वाचित सरकार छ। संविधान उही छ, कानुनहरू फेरिएका छैनन्। तै पनि मिडिया क्षेत्रले अहिले आफूलाई सुरक्षित ठानिरहेको छैन। असुरक्षा सरकारको रवैयाले मात्र हैन, आफ्नो लगानीको सुरक्षाका कारण पनि यो क्षेत्र धेरै हतोत्साही देखिन्छ। २०-२२ अर्ब रुपैयाँ लगानी भइसकेको क्षेत्रले लगानीको सुरक्षा, व्यावसायिक प्रवर्धनका लागि राज्यको योजना र स्वस्थ प्रतिस्पर्धाको वातावरणको अपेक्षा गर्नु स्वाभाविक हो। अझ अहिलेको सरकार त मिडियाको अत्यधिक प्रयोगबाट जन्मिएको राजनीतिक दलको छ। मिडियाको बलमा उदाएर सत्तामा पुगेको शक्ति मिडियालाई पारदर्शी र उत्तरदायी बनाउँदै लगानीको सुरक्षा तथा दिगोपनाका लागि योजना बनाउँछ भनेर अपेक्षा गर्नु पनि अस्वाभाविक होइन।

बाँकी पृष्ठ ३

## प्रेस स्वतन्त्रतामा प्रतिबद्ध छौं



डा. विक्रम तिमिल्सिना

प्रेस स्वतन्त्रता नभएको लोकतन्त्र नै हुन सक्दैन, भए पनि बलियो हुन सक्दैन। यसमा बहस गर्नुपरेन। तर यसमा विश्वासनीयता हुनुपर्छ भन्नेतर्फ सबैको ध्यान जानुपर्छ। हाल सम्पादकीय निर्णयमा प्रेस स्वतन्त्रतालाई के कसरी हेरिएको छ भन्नेबारे पनि छलफल हुनुपर्छ भन्ने मलाई लाग्छ।

अहिले जिम्मेवार प्रेसले आफूलाई अकाउन्टेबल बनाउन के गर्नुपर्छ भन्नेतर्फ सबै सचेत हुनुपर्ने बेला आएको छ। आजको मिडियाले पब्लिक ट्रस्टमा एकदमै ख्याल गर्नुपर्ने हुन्छ। मूलधारका पत्रपत्रिका, टेलिभिजन तथा डिजिटल प्ल्याटफर्म, अनलाइन मिडिया, एआई कन्टेन्टलाई कसरी लिने ? फेक भनाइ, ब्ल्याकमेलिङ, क्लियरिफाई र मिडिया क्रेडिबिलिटी भनेको के हो ? यही नै आजको ठुलो प्रश्न बनेको छ।

अहिले निकै जटिल प्रश्न बनिरहेको प्रेस स्वतन्त्रता भनेको के हो ? प्रेस स्वतन्त्रतालाई कानुनले चिन्छ कि चिन्दैन, सम्पादकीय छलफलका क्रममा यसलाई कसरी हेरिएको छ ? यस्तो प्रेस स्वतन्त्रता बनोस्, जसले जे मन लाग्यो लेख्न पत्रकारलाई डर लागोस्। डरको पत्रकारिताले मात्र सञ्चारकर्मीले नियमित व्यावसायिक काम गर्न सक्छ त ? लेख्न डराउनुपर्ने अवस्थाले लोकतन्त्र जोगाउँछ त भन्नेतर्फ पनि छलफल हुनुपर्छ भन्ने मलाई लागेको छ। यी सबै विषयबारे गहन छलफल भई मिडिया ऐनमा आउनुपर्छ भन्ने मलाई लाग्छ। आजको मिडिया उद्योगले बुझ्नुपर्ने मुख्य विषय मिडियाप्रतिको विश्वसनीयतालाई अहिले समाजले कसरी लिएको छ ? भन्नेतर्फ पनि गहन छलफल हुनुपर्छ।

बाँकी पृष्ठ २

# कांग्रेस इतर पक्षले राष्ट्रिय भेला नरोक्ने

काठमाडौं, साउन २२ (नागरिक)- नेपाली कांग्रेसको संस्थापन इतर पक्षले साउनको अन्तिम साता काठमाडौंमा बोलाएको राष्ट्रिय भेला नरोक्ने भएको छ। इतर पक्षले शुक्रबार पत्रकार सम्मेलन गरी भेला नरोक्ने जनाएको हो।

गत पुसमा भएको कांग्रेस विशेष महाधिवेशनले नयाँ नेतृत्व चयन गरेपछि आधिकारिक नेतृत्व विवादमा सर्वोच्च अदालतले यसअघि दिएको फैसला पुनरवलोकनका लागि बिहीबार निस्सा दिएपछि इतर पक्ष (शेरबहादुर देउवा) ले भेला रोक्ने अनुमान धेरैले गरेका थिए। यसअघि सर्वोच्च अदालतले विशेष महाधिवेशनबाट निर्वाचित गगनकुमार थापा नेतृत्वको कार्यसमिति नै आधिकारिक कांग्रेस भएको फैसला सुनाएको थियो। देउवा पक्षले थापा नेतृत्वलाई आधिकारिक कांग्रेसको मान्यता दिने सर्वोच्च अदालतको निर्णयमा पुनरवलोकन मागसहित निवेदन दिएको थियो। उक्त निवेदनको मागबमोजिम सर्वोच्चले पुनरवलोकनका लागि अनुमति दिएको हो।

संस्थापन इतर पक्षले स्वदेश फर्कन लागेका तत्कालीन सभापति शेरबहादुर देउवालाई धरपकड गर्न खोजिए प्रतिवादमा उत्रिने चेतावनी पनि दिएको छ। इतर पक्ष राष्ट्रिय भेला आयोजक समितिका संयोजक शशांक कोइरालाले देउवा नेपाल फर्कंदा धरपकड भए विरोधमा उत्रिने बताएका हुन्। फागुन २१ गतेको निर्वाचनअघि स्वास्थ्य उपचारका लागि भन्दै विदेश गएका देउवा यही साउन २६ गते स्वदेश फर्किने तयारीमा छन्। देउवाले भेलालाई सम्बोधन गर्ने दाबी पनि आयोजकले गरेका छन्। कांग्रेस असन्तुष्ट अर्थात् इतर पक्षले साउन २९ देखि ३१ गतेसम्म काठमाडौंमा राष्ट्रिय भेला आयोजना गर्दै छ। भेला तयारीका लागि विभिन्न ३२ वटा समिति गठन गरिएका छन्।

नेपाल प्रहरीले पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका तत्कालीन सभापति देउवाको परिवारमाथिको अनुसन्धान जारी रहेको बताएको छ। प्रहरीले शुक्रबार पत्रकार सम्मेलन गरी सम्पत्ति शुद्धीकरणसहितका विषयमा देउवा परिवारमाथिको अनुसन्धान जारी रहेको जनाएको हो। सम्पत्ति

> वैधता विवादमा फैसला आउन केही समय लाग्ने

शुद्धीकरण अनुसन्धान विभागले अदालतबाट देउवा र उनकी पत्नी एवं पूर्वपरराष्ट्रमन्त्री आरजु राणाविरुद्ध पक्राउ पुर्जीसमेत लिएको थियो। उक्त पुर्जीबारे देउवा परिवार सर्वोच्च अदालत गएको थियो। सर्वोच्च अदालतले देउवा परिवारविरुद्धको पक्राउ पुर्जी तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको थियो। देउवा परिवार नै अहिले देशबाहिर छ।

गत भदौ २३ र २४ गते भएको जेनजी विद्रोहपछि कांग्रेसभित्र चुलिएको विवाद विशेष महाधिवेशन हुँदै विभाजन उन्मुख बन्न पुगेको छ। तत्कालीन सभापति देउवा र उनको समूह विशेष महाधिवेशनको पक्षमा थिएन। देउवासहितको सहभागिताबिना भएको विशेष महाधिवेशन र त्यसबाट चुनिएको थापा नेतृत्वको समितिलाई निर्वाचन आयोगले मान्यता दिएको थियो। सोही आधारमा सर्वोच्च अदालतले पनि वैशाख ४ गते थापा नेतृत्वलाई नै आधिकारिक मान्यता दिएको थियो। त्यसप्रति असन्तुष्ट पक्ष पुनरवलोकन निवेदन लिएर सर्वोच्च अदालत पुगेको थियो। त्यसलाई स्वीकार गर्दै सर्वोच्चले निस्सा दिएको हो। सर्वोच्चले सोहीअनुसार विपक्ष अर्थात् विशेष महाधिवेशनबाट आएको नेतृत्वलाई शुक्रबार म्याद पठाएको छ। पुनरवलोकनको कानुनी प्रक्रिया पूरा गरी सर्वोच्च अदालतबाट आदेश आउन केही महिना लाग्ने जानकार बताउँछन्।

# सत्ताको प्राथमिकताबाहिर सञ्चार क्षेत्र

पृष्ठ १ बाट

चुनावपछि रास्वपा र उसको नेतृत्व सरकारको प्राथमिकतामा आमसञ्चार क्षेत्र परेको छैन। सामाजिक सञ्जाललाई नै जनतासम्म पुग्ने साध्य र साधनका रूपमा उपयोग गर्दै आएको रास्वपा र सरकारको सञ्चारकर्मी र सञ्चारमाध्यमलाई हेर्ने दृष्टिकोण पुराना दलका नेताको भन्दा पनि अनुदार देखिएको छ।

हुन त २०७९ मंसिरमा भएको निर्वाचनबाट रास्वपा चौथो शक्तिका रूपमा उदाएको थियो। त्यससँगै रास्वपा सभापति लामिछाने उपप्रधान तथा गृहमन्त्रीको जिम्मेवारीमा पुगे। लामिछानेको नागरिकतासहित विषयमा सञ्चारमाध्यमले निरन्तर प्रश्न उठाए र सर्वोच्च अदालतले उनका सबै पद खारेज गरिदियो। फेरि नागरिकता लिएर उपनिर्वाचनमा प्रतिस्पर्धा गरेका लामिछानेले सञ्चारमाध्यम र सञ्चारकर्मीका विषयमा 'विष नै वमन' गरे। मूलधारका सम्पादको नामै उल्लेख गरेर उनले '१२ भाइ' भाष्य निर्माण गरे। आफ्ना कमजोरी उजागर हुँदा विगतमा अन्य दल र नेताहरूले पनि पत्रकार र पत्रकारिता प्रतिप्रश्न उठाएर पन्छिने गरेका थिए र छन्।

यसको मतलब पत्रकारिता क्षेत्रमा समस्या नै छैन भन्ने होइन, समस्या छन्। भ्युजकारिताले अधिकारको मात्र कुरा गर्ने जिम्मेवारीबोध र कर्तव्यबोध हराउँदै जाँदा पत्रकारिताको साख मात्र गिराएको छैन, गुमाएको पनि छ। नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष शिव गाउँले केही साताअघि महासंघको राष्ट्रिय भेलामा यही कुरा सुनाउँदै भनेका थिए, 'प्रेस पास र पत्रकारिताका औजारहरू पछिल्ला दिनमा शक्ति प्रदर्शन गर्ने साधन बनाइएका छन्। शक्ति प्रदर्शन गर्ने अहंकार पत्रकारिताको आचरण र नैतिकताभित्र पर्दैन।'

पत्रकारिताले मूलतः जनताका प्रश्नहरूको प्रतिनिधित्व गरेर सत्ता वा शक्तिबाट त्यसको जवाफ माग्नुपर्ने हो। तर अहिले पत्रकारिताका धेरै प्रश्नले जनताको चाहना वा रुचि बोक्न छाडेका छन्। तत्कालीन मुद्दा थाहा नपाउने, अगाडि जो भेट्यो उसैलाई जे पायो त्यही सोध्ने र अफ कार्यक्रममा बोलाइएका अतिथिलाई सक्दो मानमर्दन गरेर अपमानित गरेर उसको उछित्तो काढेर पछि मात्र सेलिब्रेटी पत्रकार भइन्छ भन्ने मनोविज्ञान विकास भएको छ।

पत्रकारले नै आफ्ना प्रश्नहरू कमजोर बनाइरहेका छन् भने प्रविधिले ल्याएको अवसर अर्थात् डिजिटल प्ल्याटफर्महरू त्यसका लागि सहयोगी बनेका छन्। पत्रकार र पत्रकारिताका विषयमा उठेका प्रश्नको जवाफ अरू पेसा, व्यवसाय र क्षेत्रका मान्छेले होइन, यही क्षेत्रले दिनुपर्छ र सच्चिने तत्परता देखाउनुपर्छ।

एउटा पत्रकार, सम्पादक वा सञ्चारगृह नागरिकका प्रश्नबाट विमुख हुन पाउँदैन। ऊ सधैं जवाफदेही र जिम्मेवार बन्नुपर्छ। आजका दिनमा अपवादबाहेकका सञ्चारकर्मी र सञ्चारगृह त्यसबाट विमुख रहेको आरोप लाग्ने गरेको छ। एउट सञ्चारगृह हुन के के योग्यता, क्षेमता र जनशक्ति चाहिन्छ? त्यसले उत्पादन गर्ने सञ्चार सामग्रीहरू प्रशोधन त्यसअनुसार भएका छन् कि छैनन्, अहिलेको सबैभन्दा ठुलो प्रश्न यही छ। पत्रकार र सञ्चारगृहका मात्र होइन, यस क्षेत्रमा काम गर्ने संघ/संस्था र सरकारको पनि यसको विकास र विस्तारमा ध्यान पुगेको छैन। विपक्षमा हुँदा सञ्चारमाध्यमलाई उपयोग गर्न उद्यत् हुने दलहरू सत्तामा गएपछि नियन्त्रण गर्न सक्रिय हुने पुरानै परिपाटी हो। अहिलेको सरकारले नियन्त्रण होइन, बेवास्ता गर्दै सामाजिक सञ्जाललाई नै सञ्चारको टुल्सका रूपमा उपयोग गर्दै आएको छ। तर यस क्षेत्रको विकास, विस्तार र व्यवस्थित गर्न सरकारको कुनै चासो र चिन्ता देखिएको छैन। वर्षौं पुराना कानुनहरूको अध्यावधिक मात्र होइन, सामाजिक सञ्जाललाई नियमन गर्ने कानुन निर्माण गर्नुपर्ने आवश्यकता विज्ञहरूले औंल्याउँदै आएका छन्।

कुनै समय हावा भरिएको बेलुनजस्ता सञ्चार गृहहरू विज्ञापन बजारमा आएको संकुचनसँगै अहिले हावा फुस्केका बेलुनजस्तो बन्न पुगेका छन्। यसले सञ्चारमाध्यममा श्रम समस्या विकराल बन्दै गएको र सञ्चार संस्था टिकाइराख्न पनि धौधौ परेको देखाउँछ। हिजो दलहरू संकटमा पर्दा र लोकतान्त्रिक प्रक्रिया अवरुद्ध हुँदा पत्रकार र सञ्चार उद्योगले महत्त्वपूर्ण योगदान गरेको थियो र अहिले पनि गर्दै आएको छ। तर अहिले सञ्चार क्षेत्र संकटग्रस्त बन्दै जाँदा यो विषयमा सरकार र सरोकारवालाको चिन्ता र चिन्तन देखिएको छैन।

सञ्चारकर्मीको मात्र होइन, सञ्चारमाध्यमको पनि विकास र विस्तारलगायतको विषय उठानको अगुवाइ नेपाल पत्रकार महासंघले गर्नुपर्ने हो। पत्रकार, प्रकाशक/सञ्चालक र सरकारसँग यस क्षेत्रका समस्या, विकास र विस्तारमा उसको अहं भूमिका हुनुपर्छ र हुन्छ तर श्रमको मुद्दालाई मात्र उसले बोक्दा पत्रकार र सञ्चालक/प्रकाशकबिचमा पुलको भूमिका निर्वाह गर्नुपर्ने पत्रकार महासंघ र सञ्चालक/प्रकाशक भैंसीदेखि जोगी र जोगीदेखि भैंसी डराउनेजस्तो बन्न पुगेका छन्। जसले सञ्चार गृह र पत्रकारहरू खासखास समस्या के-के हुन् र कसरी समाधान गर्न सकिन्छ भन्ने बहस र छलफल हुनै सकेको छैन। श्रमदेखि यस क्षेत्रका समस्याको दीर्घकालीन समाधानका लागि नीति निर्माणमा लाग्नुपर्ने महासंघ धर्ना र जुलुसमा सीमित हुन पुगेको छ। त्यसले तत्काल कुनै घटना विशेषलाई सम्बोधन गरेर पनि रोगको उपचार नहुँदा महासंघप्रति पत्रकारहरूकै विश्वास कमजोर बन्दै गएको छ।

सञ्चारमाध्यम वा गृहहरू उद्योग कि सोसल सर्भिस भन्ने प्रश्न र बहस पनि सुरु भएको छ। उद्योग हो भने अन्य उद्योगमा जस्तै यस क्षेत्रमा पनि पुँजी, बजार, श्रमिकको सुनिश्चितता नभई दर्ता भएर मात्र वा त्यतिकै सञ्चालन गर्न पाइने कि नपाइने? त्यसका लागि निश्चित लगानीको सुनिश्चितता चाहिन्छ कि चाहिँदैन भन्ने प्रश्न उठ्न थालेको छ। होइन यो सोसल सर्भिस हो भने यसबाट व्यापार-व्यवसाय मात्र होइन, यसले आर्जन गरेको सम्पत्ति व्यक्तिको हुने कि नहुने? त्यति मात्र होइन, श्रम ऐन कि श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गर्ने भन्ने विवाद र बहस पनि सँगै आएको छ।



## धितोमा रहेको अचल सम्पत्ति बिक्रीको लागि गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको सूचना

प्रकाशित मितिः २०८३।०४।२३

यस वित्तीय संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको कर्जा वित्तीय संस्थासँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा यो सम्बन्धमा पटक पटक लिखित तथा मौखिक रुपमा तरताकेता गर्दा, विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा ऋण कर्जा भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आजसम्म उक्त कर्जाको सावाँ, ब्याज तथा हर्जाना ब्याज चुक्ता भुक्तान गर्नेतर्फ तपसिलमा उल्लेखित ऋणीहरुले कर्जा र ब्याज चुक्ता नगरेकोले धितो सुरक्षणमा रहेको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा आजका मितिले १६ औं दिनमा यसै वित्तीय संस्थाको कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएको हुँदा इच्छुक महानुभावहरु सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। धितो जमानत तथा व्यक्तिगत जमानत दिनुहुने महानुभावहरुलाई पनि धितो सुरक्षणमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गरिने बारे यसै सूचनाद्वारा जानकारी गराउदछौ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ तथा सोको नियमावली, २०५९ अनुसार ऋणी, व्यक्तिगत जमानीकर्ता तथा धितो जमानीहरुको अन्य चल अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायधिकरणमा मुद्दा दायर गरिने तथा कर्जा सूचना केन्द्रको कालो सूचीमा समेत सामावेश गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता, धितो जमानीहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपसिल**

| क्र.सं. | ऋणीहरुको विवरण | धितोको विवरण |
|---|---|---|
| १ | **इन्दु कुमारी झा**<br>ठेगानाः जिल्ला महोत्तरी बनौली वडा नं. ०८<br>हाल जनकपुरधाम उ.म.न.पा.०७<br>बाबुको नामः नान्टुन झा<br>ससुराको नामः योगेन्द्र झा<br>पतीको नामः राजिव कुमार झा<br>**शाखा कार्यालयः जनकपुरधाम** | श्री योगेन्द्र झाको बुहारी राजिव कुमार झाको पत्नी जिल्ला महोत्तरी बनौली वडा नं. ०८ बस्ने इन्दु कुमारी झाको नाउँमा दर्ता कायम रहेको जग्गा जिल्ला धनुषा जनकपुर वाड नं. ७/१३९४ १८ स्थित कित्ता नं. ९६ को क्षेत्रफल ०-०-५-० र जि. महोत्तरी सुगा भवानीपटी वडा नं. १ कित्ता नं.९९८ को क्षेत्रफल ०-१-१०.५-० को घर जग्गा र लिगलगापात समेत। |
| | **जमानीकर्ताको बिबरण** | |
| | राजिव कुमार झा | आशिस कुमार झा |
| | अंकित कुमार झा | |
| २. | **ऋणीहरुको विवरण** | **धितोको विवरण** |
| | **बबी देवी सिंह**<br>ठेगानाः जिल्ला महोत्तरी मनरा वडा नं. ०६<br>बाबुको नामः सुरेन्द्र प्रसाद सिंह<br>ससुराको नामः शुभ नारायण सिंह राजपुत<br>पतीको नामः बद्री नारायण सिंह<br>**शाखा कार्यालयः जनकपुरधाम** | श्री धरखन सिंहको नाती रामजनम सिंहको छोरा जिल्ला महोत्तरी मनरा गा.वि.स. वडा नं. ०६ बस्ने शुभ नारायण सिंह राजपुतको नाउँमा दर्ता कायम रहेको जग्गा जिल्ला महोत्तरी मनरा वडा नं. ७ स्थित बि.नं.५४१ को क्षेत्रफल ०-४-७-० को घरजग्गा र लिगलगापात समेत। |
| | **जमानीकर्ताको विवरण** | |
| | शुभ नारायण सिंह राजपुत | शान्ति सिंह |
| | | बद्री नारायण सिंह |

**शर्तहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यसै वित्तीय संस्थाको कर्पोरेट कार्यालयमा कार्यालय, जनकपुरधाममा समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र सादा कागजमा लेखी बोलपत्रवालाको सम्पूर्ण विवरण (नाम, ठेगाना) तथा हस्ताक्षर सहित खामबन्दी गरी बाहिर "**जग्गा खरिदको बोलपत्र**" समेत स्पष्ट रुपमा लेख्नु पर्नेछ।
३. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको धितोमा रहेको सम्पति के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ र आफुले कबुल गरेको रकमको कम्तीमा १० (दश) प्रतिशतका दरले हुने रकम यस वित्तीय संस्थाको धरौंटी खाता नं. ९२६६०१०१४०००७ मा जम्मा गरेको बैंक भौचर निवेदन साथ पेश गर्नु पर्नेछ।
४. यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको ४:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम दिन वित्तीय संस्था विदा परेमा सोको भोलिपल्ट वित्तीय संस्था खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन पनि वित्तीय संस्था विदा परेमा सो को भोलिपल्ट वित्तीय संस्था खुलेको दिनमा बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको ७ (सात) दिन भित्र बाकी कबुल रकम वित्तीय संस्थामा जम्मा गर्नु पर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. बोलपत्र आंशिक वा पूर्णरुपमा स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार वित्तीय संस्थामा सुरक्षित रहनेछ।
९. दाखिल खारेज गर्न अड्डामा लाग्ने सम्पूर्ण दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
१०. अन्य थप जानकारी आवश्यक भएमा वित्तीय संस्थामा सम्पर्क गर्नुहोला।

**बोलपत्र खोल्ने मितिः २०८३ साल भाद्र ८ गते सोमवारका दिन दिउँसो ४:०० बजे**

**मल्टीपर्पस फाइनान्स लिमिटेड**
**Multipurpose Finance Ltd.**
कर्पोरेट कार्यालयः जनकपुरधाम ४, विधापति चौक, सम्पर्क नं. ०४१-५९११७०
Email: mfclfin43@gmail.com, website: www.multipurposefinance.com


# नेपाली सञ्चार क्षेत्रका चुनौती

पृष्ठ १ बाट

जेन्जी विद्रोहअघि तत्कालीन सरकारले सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाएको थियो। फेसबुकलगायत विभिन्न सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने नियत राखेको थियो सरकारले। तर सरकारको त्यो कदमको विरोधमा तन्नेरी पुस्ता विरोधमा उत्रियो। लोकतान्त्रिक गणतन्त्रको सुरक्षाका नाममा प्रविधिको छलांग रोकेर समाजको विकास हुन्छ भन्ने सोच्नु गलत विचार थियो। तर विचार सामयिक हुन्छन्, सार्वकालीक हुँदैनन्। समयको परिवर्तनसँगै जनताको विचारमा ठुलो हलचल आउने गर्छ। आजको संसार आदर्शबाट होइन, आवश्यकताबाट चलेको छ।

यता केही समयदेखि पत्रकारिताका गुरुहरूले पत्रकारिताको सबैभन्दा सजिलो सिद्धान्त र सूत्रका रुपमा रहेका के? किन? कहिले? कहाँ? को? कसरी? जस्ता प्रश्नहरू संकटमा परेको बताउँदै आएका छन्। यो देखेर यो सूत्रका जन्मदाता कवि रुडयार्ड किपलिंगको आत्मा छटपटाइरहेको होला। अहिलेको पत्रकारितामा यी खोजपूर्ण प्रश्न आफै अलमलिएका छन्। यो सरल परिभाषाको अस्तित्व संकटमा परेको छ।

किपलिंगको जमाना आदर्शवादी थियो। त्यो समयमा सत्य र निष्ठालाई डग्न नदिई पत्रकारितामा लागेका मानिसलाई पत्रकारिता व्यवसायमा लागेका साहुजीहरू नियमित मासिक पारिश्रमिक दिन्थे। पत्रकारले साहुजीको बही-खाता, सम्पत्ति र ऐश्वर्य हेर्दैनथे। इमानजमानको जमाना थियो। समाचारको बजार सानो थियो। उत्पादनमा अहिलेको जस्तो खासै विविधता पनि थिएन। साहुजीहरूमा सम्मानको लोभ पक्कै थियो। तर सम्पत्तिको लोभको प्रकोप थिएन।

अहिले पत्रकारिता र सञ्चार जगत्मा व्यापक परिवर्तन आइसकेको छ। सन १९८० को समयमा क्यानाडेली सञ्चारविद् मार्सल मकलुहानले सूत्र पाक्य बोलेका थिए, 'मिडियम इज दि मेसेज।' यो सन्देशद्वारा मकलुहानले सञ्चार जगत्मा हुन लागेका आमूल परिवर्तनको स्पष्ट संकेत गरेका थिए। 'मिडियम इज दि मेसेज' वाक्य सजिलै स्थापित भएको थिएन। दुनियाँ आर्थिक परिवर्तनको बाटोमा तीव्र गतिले हिँडेको थियो। क्रमिक रुपमा उद्योग र व्यवसायका आवश्यकता बढ्दै थिए। ती आवश्यकता परिपूर्तिका लागि सञ्चार र संवाद अपरिहार्य थियो। उद्योगपतिहरूले आफ्ना उत्पादनका पक्षमा ग्राहकलाई रिझाउनु अस्वाभाविक थिएन। मकलुहानले यसैलाई संकेत गरेर बाटो देखाएका थिए- मिडियम इज दि मेसेज।

एक ताका हाम्रो नेपाली समाजमा भारतबाट प्रसारित हुने सरकारी रेडियो आकाशवाणीको 'पञ्चरंगी कार्यक्रम विविध भारती' र श्रीलंका रेडियोबाट प्रसारित हुने हिन्दी सिनेमासँग सम्बन्धित विविध मनोरञ्जक कार्यक्रम अदभूत प्रेरणाका स्रोत बनेका थिए। अहिलेका युवकयुवती टिकटकमा रत्तिएजस्तै त्यतिबेलाका युवकयुवती 'इतना तो मुझ से न प्यार जता, कि मैं इक बादल आवारा' जस्ता फिल्मी गीतमा रमाउँथे। अहिले त मनोरञ्जनका माध्यमहरू बग्रेल्ती छन्। सूचना आफैं मनोरञ्जन बनेको छ।

नेपालमा लोकतान्त्रिक गणतन्त्रको संस्थापन भएको दुई दशक पूरा भइसकेको छ भन्दा फरक पर्दैन। कांग्रेस, कम्युनिस्ट, माओवादी, समाजवादी र हालै बनेको रास्वपा : सबै दल र विचारका राजनीतिक नेताले प्रत्येक क्षण र प्रत्येक दिन, साँझ-बिहान नेपाली जनताको महान् संघर्षबाट स्थापित यो व्यवस्थाको अस्तित्व रक्षाको कसम खाने गरेका छन्। नेपाली आर्थिक जगत्ले खुला र उदार बाटो अपनाएसँगै पत्रकारिताका मान्यता पनि बदलिइसकेका छन। आजको पत्रकारले जनताका जिज्ञासाका जवाफ खोज्ने कष्ट गर्दैन। उद्योगधन्दामा लागेका व्यक्तिहरूको 'आर्थिक' आवश्यकता बुझेर त्यसप्रति जिज्ञासा राखे पुग्छ। काठमाडौं उपत्यकाको खानेपानी आपूर्तिका लागि सुरु भएको मेलम्ची आयोजनामा नेपाल सरकारले ९० अर्ब रुपैयाँ खर्च गरिसकेको छ। तर मेलम्ची खानेपानी आयोजना सुचारु हुन सकेको छैन। यस्तो अवस्थामा नेपालका सञ्चारकर्मीहरू कवि रुडयार्ड किपलिंगको भनाइको उत्प्रेरक मूल्य र महत्त्व रहेको छैन। कसैले टिकटकमा मेलम्ची आयोजनालाई हास्यव्यंगको विषय बनाएर प्रस्तुत गऱ्यो भने मानिस एकछिन हेरेर रमाउँछन्। दुःखमा होस् वा सुखमा, सरकार जनता 'खुसी' भएर हाँसेको मन पराउँछ। स्वास्थ्य, शिक्षा र खानेपानी जस्ता आधारभूत आवश्यकतासम्म नपाउने जनता सामाजिक सञ्जालको नौटंकी हेरेर रमाउँछन्।

पक्ष र विपक्ष नाममा अहिलेको पत्रकारितामा मच्चिएको रडाको स्वाभाविक हो। केही समयअघि, एकजना नामुद औद्योगिक घरानाका सदस्यमाथि सरकारी जग्गा हिनामिना गरेको मुद्दा लाग्यो। सरकारवादी रहेका धेरैजसो मुद्दा 'उहिल्यै लाग्नुपर्ने' र फैसला हुने प्रवृत्तिका छन्। ती मुद्दा यत्रो समयपछि किन लागे त? अहिले मुद्दा लगाउने र त्यतिबेलाको अपराधका लागि मुद्दा खेप्ने दुवै पक्ष सूचनाको समान धरातलमा उभिएका छन्।

नेपाली जनताले व्यवस्थामा आक्रामक परिवर्तन गरे : २०४६ मा पनि र २०६२ मा पनि। त्यो परिवर्तनले केही मानिसका अनुहारमा चमक आयो तर प्रशासनिक संयन्त्रमा रत्तिभर परिवर्तन ल्याएन। राजाको शासनमा जसको निधारमा राजाले 'शक्तिको सिन्दूर' लगाइदिन्थे, गणतान्त्रिक शासनका सञ्चालकले पनि तिनैको निधारमा शक्तिको सिन्दूर लगाइदिने गरेका छन्। अहिले पत्रकारिताको ऐनामा नयाँ व्यवस्थामा विकृतिको पुरानै खजाना देखियो भने यो अस्वाभाविक होइन तर त्यसो भएको छैन। पत्रकारिताको ऐना आफैं धुमिल हुँदै गएको छ। त्यसमा भ्रष्टाचारका आकृतिहरू देखिन छाडेका छन्।

मानवीय संसारलाई ट्यूब र टनेलबाट निःसृत पत्रकारिताको स्वाद चखाउने तन्नेरीहरू धन्य छन्। हालसालै युट्युबमा हो कि टिकटकमा नेपाल सरकारका एकजना सचिव 'सरकारले वैदेशिक रोजगारीमा जानेहरूको सेवा सुविधा बढाउन लागेको बताउँदै थिए। सुन्दै अचम्म लाग्दो कुरा। उनले प्रतिनिधित्व गर्ने नेपाल सरकारले वैदेशिक रोजगारीमा गएर कतारको कुनै गोठमा वा होटेलमा काम गरिहेका नेपालीको तलब बढाउन कुन मालिकसँग कुरा गर्ने हो? संसारको कुनै कुनामा पनि माग्नेले तातो भात पाउँदैन।

विश्वमा एकातिर सम्पत्तिको थुप्रो लाग्दै छ भने अर्कोतिर गरिबीको बढ्दो भेलले संसार निस्सासिँदै छ। यस्तोमा कसले कसको रक्षा गर्न सक्छ?

सञ्चारका हिसाबले हेर्दा हाम्रो देश सामाजिक सञ्जालमा छताछुल्ल भएको हो कि सामाजिक सञ्जाल हाम्रो देशमा छाएको हो? भन्न सकिँदैन। देशमा बेरोजगारी बढेपछि काम नपाएर छटपटाएका तन्नेरी जमात वैदेशिक रोजगारीको खोजीमा लाग्नु अनौठो होइन। २०४६ सालको आन्दोलनले प्रजातन्त्रको पुनर्स्थापना गरेपछि जनताले देशमा नयाँ बिहानीको कल्पना गरेका थिए। त्यो कल्पना कल्पनामै सीमित भयो। त्यो समययताका देशका सञ्चालकहरूले नै अहिले पनि राज्य शक्ति सञ्चालन गरिरहेका छन्। शासन पुरानै ढर्रामा चलेको छ। पञ्चायत ढलेर बहुदलीय व्यवस्थाको स्थापना हुँदा राजा खुसी थिए। उनका भाइभारदार, सकल परिवार, सेना, व्यापारी र चाकरीदारहरूको वर्चस्व यथावत रहेको थियो। अहिले राजा छैनन् र पनि राजाका 'प्रतिविम्ब' शासनमा छाएका छन्।

विश्व मानचित्रबाट अलग भूभाग होइन नेपाल। तर नेपालीले राजनीति वा अर्थशास्त्रका विषयमा विश्वव्यापी मान्यताको पालन गर्नु पर्दैन। राजा वीरेन्द्रको प्रत्यक्ष शासनका बेलामा नै नेपाल रमितेको हैसियतमा पुगिसकेको थियो। पेरिसमा आयोजित गरिब देशको सम्मेलनमा हाम्रा राजालाई विश्वका नेताहरूले 'दरिद्र नारायण' बनाइदिएका थिए। दरिद्र देशहरूका नेताका रुपमा नेपालको चयन हाम्रा लागि गौरवको विषय थियो कि हीनताको पराकाष्ठा? यो प्रश्न कहिल्यै कसैबाट उठेन।

राजाले १५ वर्षमा देशलाई एसियाली मापदण्डमा पुऱ्याउने 'वाचा' गर्दा नेपाली कांग्रेसका क्रान्तिकारी नेता गिरिजाप्रसाद कोइरालाले त्यो काम आफूले १० वर्षमै पूरागर्ने चुनौती दिएका थिए। तर के भयो? त्यो प्रत्यक्ष नै छ।

हाम्रा हरेक नीतिनियम विलक्षणका छन्। चाहे राजनीति होस् अथवा वयापार, उद्योग होस् अथवा खेती, ती एउटै जालोमा उनिएका छन्। यहाँको न्याय पद्धति, साहित्य, कलाकारिता र पत्रकारिताको पनि आफ्नै अनौठो नीति र नियम छ। यो नीति र नियमअनुसार, कुनै व्यापारीले 'कर नतिरेको' पोल खोल्न जुटेको पत्रकार समाचारको बिट मार्ने बेलामा अलमलिन्छ। सरकारले राजनीतिका नाममा राज्य संयन्त्रमा बसेर गुण्डागर्दी गर्ने व्यक्तिहरूलाई प्रश्रय दिन्छ।

अहिलेको पत्रकारिता सामाजिक सञ्जालमा निर्भर छ। पत्रकारिताका लागि यो घातक प्रवृत्ति हो। तर यो पत्रकारितासँग संलग्न स्थायी पवृत्ति पक्कै होइन। यसलाई साना र गरिब मुलुकहरूमा देखिने स्वाभाविक प्रवृत्ति भनेर पन्छाउने गरिएको छ। भारत जस्तो स्वतन्त्र पत्रकारिताको लामो इतिहास भएको देशका पत्रकारसमेत कर्पोरेट प्रलोभनमा फसेका छन्। अहिलेको नेपाली पत्रकारिता सानातिना प्रलोभनभन्दा धेरै नै विकृत र घातक प्रवृत्तिको दलदलमा फसिसकेको छ। कुनै पनि देशमा टिकटक बन्नु, युट्यूब सक्रिय हुनु, फेसबुक 'फेसलेस' हुनु प्राविधिक विकाससँग जोडिने सामान्य विषय हुन्। तर यसलाई असामान्य बनाइएको छ। देशमा पत्रकारिता पढाउने पेसामा लागेका गुरुवरहरू सनातनदेखि चल्दै आएको पाठ्यक्रमलाई निरन्तरता दिने चिन्तामा अलमलिएका छन्।

के हो त पत्रकारिताको अर्थ? 'मिडियम इज दि मेसेज' कि 'मेसेज थ्रु दि मिडियम?' नेपालको आकार सानो छ र पनि सामाजिक सञ्जाल र पत्रकारिताबिचको भेद छुट्याउन सकिने अवस्था छैन। स्थापित भनिने सञ्चारमाध्यमहरू समेत आफूलाई सामाजिक सञ्जालको तहमा उतार्न तत्पर देखिन्छन्।

पत्रकारिता अहिले सुदखोर अपराधी, भ्रष्टाचारी र जनतालाई लठ्याएर मोजमज्जा गर्नेहरूको जन्जाल र सञ्जालबाट घेरिन थालेको छ। जान्नेबुझ्ने, पढेलेखेका मानिस सामाजिक सञ्जालमा देखिएको 'विद्रुप' अवस्थालाई वैदेशिक रोजगारीसँग जोडेर उम्किन चाहन्छन्। तर वैदेशिक रोजगारीका लागि नागरिकलाई विदेश पठाउने देश नेपाल मात्र होइन। वैदेशिक रोजगारीका लागि विदेश जाने नेपाली मात्र होइनन्। वैदेशिक रोजगारीमा गएर कमाउने र देशलाई संकट पर्दा मनग्य सघाउने नौजवानहरूको कमी छैन। ती कमाउँछन् र देशलाई आवश्यक परेका बेला राष्ट्रिय बजेट बनाउनसमेत सहयोग गर्छन्।

संघीय राजधानी सहर काठमाडौंमा सामाजिक सञ्जालमार्फत चर्का स्वरले अरुलाई गाली गर्नेको संख्या ठुलै छ। तन्नेरीहरूमा देशदेशावर डुलेका व्यक्तिहरूको अतिशयोक्ति दोहोऱ्याएर आफ्ना लागि मोक्षको बाटो खोज्ने चलन अचाक्ली बढेको छ। पारिवारिक र सामाजिक सम्बन्धहरू दूषित भएका छन्।

दक्षिण एसियाली देशहरूमा राजनीतिज्ञ र पत्रकारबिचको घनिष्ठ सम्बन्ध नौलो होइन। यस्तो सम्बन्धले समाचारको एकरसता हटाएर त्यसलाई जीवन्त बनाउन ठुलो भूमिका निर्वाह गर्छ। नेपालमा पनि राजनीतिज्ञ र पत्रकारबिचको सम्बन्ध सधैं प्रगाढ रहने गरेको छ। नेपाल गणतान्त्रिक राष्ट्रमा रुपान्तरित भइसकेपछिको समयमा यो सम्बन्ध बढी नै गाढा भएको छ। पत्रकारिता गर्नेका लागि स्थानीय तहका वडा कार्यालयदेखि संघीय मन्त्रालयसम्मले वृत्ति विकासको बाटो खोलेका छन्। जतातत पत्रकार जनप्रतिनिधिको सल्लाहकार बनेर जागिरमा लागेका छन्। पत्रकारको रुपरंग फेरिन थालेको छ। स्वभावैले रोमाञ्चकता रुचाउने देशभरका टाठाबाठाहरूको 'कुन बाहुबली नेताको पछि लाग्दा कति फाइदा लिन सकिन्छ' भन्ने चिन्ताले पत्रकारिताको करङ छेड्न थालेको छ।

नेपालका 'गणतान्त्रिक' पत्रकारहरू संस्थागत हिसाबले नै राजनीतिज्ञहरूका 'डार्लिंग' बन्न थालेका छन्। पत्रकारहरूको 'एडजस्टमेण्ट' का लागि राजनीतिक दलका प्रचार विभागअन्तर्गत खोलिएका साना समूहहरू भीमकाय भ्रातृ संगठनका रुपमा विकसित हुन थालेका छन्। पहिले आफू कांग्रेस, माओवादी, एमाले, मधेसी इत्यादिको सदस्य भएको गर्व ओकलिसकेपछि मात्रै पत्रकार हुँ भन्ने व्यवसायीको संख्या बढ्दै गएको छ। पार्टी सम्बद्ध संगठनहरूको विवाद र सक्रियताका कारण निरन्तर घर झगडामा अल्झिएको पत्रकारहरूको मूल संस्था नेपाल पत्रकार महासंघले पत्रकार आचार विधिलाई तीलगंगामा बगाइदिएकोछ। जुन पार्टीको समूहले चुनाव जितेको छ, महासंघ त्यही समूहको पेवा हुने भएपछि आचार विधिको आवश्यकता नै पर्दैन। अब यो संस्था पत्रकारहरूको महासंघ नभएर राजनीतिक दलहरूको प्रत्यक्ष निर्देशनमा चल्ने 'नौटंकीको अखडा' मा रुपान्तरित हुने क्रममा छ।

कतै केही चुइँक्क भयो कि पत्रकार आआफना संगठनमार्फत चरणबद्ध आन्दोलनमा उत्रिन्छन्। देशको 'छाता संगठन' नेपाल पत्रकार महासंघलाई युनियन, चौतारी र सेन्टरहरूको रंगीन छाता ओढाइएको छ। आन्दोलनका संयोजकहरू पत्रकार मारिने र पिटिने अवस्थाको अन्त्यका लागि होइन, मारिएपछि दिइने क्षतिपूर्ति र हर्जाना रकमको असुलीमा बढी चासो राख्छन्। शान्तिपूर्ण, सुस्थिर, सुसंस्कृत र विधिको शासनको खोजीमा रहेका नेपाली जनता 'पत्रकार'बाट आजित हुन थालेको अवस्था हो अहिलेको। पत्रकारितालाई धन्दा बनाएर आफ्नै भौतिक सम्पन्नताको खोजीमा लागेकाहरू राजनीतिका गिनी पिग बन्दै गएका छन्। पत्रकारिता परिचय संकटमा पर्दै गएको छ।

सञ्चार-विज्ञान र प्रविधिमा भएको व्यापक विकासले यतिबेला संसारकै पत्रकारितालाई भ्रम र सत्यको दोबाटोमा उभ्याएको छ। कुन भ्रम हो र कुन सत्य हो? ठम्याउन सकिने अवस्था छैन। यो परिस्थितिमा हाम्रो जस्तो भ्रष्ट राजनीति र निर्धन जनता भएको देश अलमलिनु अस्वाभाविक होइन। यद्यपि २०४६ सालको राष्ट्रिय जनआन्दोलनपछि बनेका कुनै पनि सरकारले सञ्चार क्षेत्रको अहिलेको अवस्थालाई पर्गेल्न सकेका छैनन्। सरकारसँग त्यसरी पर्गेल्ने न विवेक देखिन्छ न बर्कत। सरकारका नेता, जनप्रतिनिधि र विभिन्न पेसामा लागेका व्यक्तिको रंगीन तस्बिर छाप्ने आआफ्नै माध्यम छन्। देखेर जनता रनभुल्लमा परेका छन्।

यति त भन्नै पर्छ : सामाजिक सञ्जाल समस्या होइन। हरेक गृहस्थको घरमा कोपरा पनि चाहिन्छ र थाल पनि चाहिन्छ। यसो भन्दैमा कोपरा र थाल एउटै कुरा होइनन्। अहिले सामाजिक सञ्जालका प्रयोगकर्ताले कोपरा र थालको भेद गर्न छाडेका छन्। यसबाहेक एउटा अर्को सामाजिक मनस्थिति बन्दै गएको देखिन्छ- जो जति चिच्याउन सक्यो, जसले जति चर्को स्वरमा जो कसैलाई गाली गर्न सक्यो त्यसले समर जित्छ। यो उल्टो पनि हुन सक्छ। हामीकहाँ सामाजिक सञ्जाल व्यक्तिकेन्द्रित प्रयोगमा छन्। यसैको मोहमा प्रधानमन्त्री र मन्त्री, सांसद र राजनीतिज्ञ सबै लट्ठिएका छन्। कुनै पनि राजनीतिक दलका नेतामा देशमा 'बलियो थिति बसाल्ने' हुटहुटी र कल्पनाशीलता देखिएको छैन।

> के हो त पत्रकारिताको अर्थ? 'मिडियम इज दि मेसेज' कि 'मेसेज थ्रु दि मिडियम?' नेपालको आकार सानो छ र पनि सामाजिक सञ्जाल र पत्रकारिताबिचको भेद छुट्याउन सकिने अवस्था छैन। स्थापित भनिने सञ्चारमाध्यमहरू समेत आफूलाई सामाजिक सञ्जालको तहमा उतार्न तत्पर देखिन्छन्।



## Tender Notice

**Bid reference no: RIMCL/Tender-01-2083/84**

**Published date: 2083/04/23**

Reliable Investment and Merchant Capital Limited (RIMCL) invite quotations from interested registered (companies/firms) and eligible interior decorators/contractors and request to submit sealed tender within 7 days from the date of this notice within office hours (5:00 PM of the closing day) at its corporate office, Kathmandu - 4 Baluwatar as per the following details:
(in case last submission day happens to be a public holiday, the tender should be submitted by 5:00 PM on the next working day).

**Scope of works:** Entire project (Civil, Interior, furniture/furnishers, electrification, air-conditioning works etc.) – Reliable Investment and Merchant Capital Limited, Corporate Office.

**Project location:** Chilime Tower, Dhumbarahi, Kathmandu.

**Documents required:**
1. Valid Registration document
2. PAN registration
3. Experience letter
4. Tax Clearance Certificate for FY 2081/82.
5. Certification of Non-inclusion in Blacklist

**Terms and conditions:**
- The sealed tender should include the deposit voucher of NPR 1000/-(non-refundable) deposited into Reliable Investment and Merchant Capital Limited's bank account (as per details mentioned below).
- Vendor should take stamped/Authorized BOQ form from office of RIMCL.
- Sealed quotations as specified in BOQ (bills of Quantities).
- Sealed quotation should be submitted within 7 days from the date of notice published.
- Vendor should submit Bid bond guarantee of 1% of project cost. Bid bond shall be released after job assignment.
- Vendor should submit Performance Bond (10% of project cost) after assignment of work. Performance Bond shall be released upon completion of entire project in satisfied manner.

- **Submission Deadline:** Shrawan 29, 2083, by 5:00 PM.
- **Bid Opening date:** Bhadra 02, 2083, at 3:00 PM at Corporate Office Kathmandu - 4 Baluwatar.
- **Bank Details:**
  Bank Name: Global IME Bank Limited
  Account holder's Name: Reliable Investment and Merchant Capital
  Account no:11801010003261

ReliableCapital
Investment & Merchant Limited

काठमाडौं-०४, बालुवाटार
फोनः ०१-५९१९४१०
Email: info@reliablecapital.com.np
Url: www.reliablecapital.com.np


## प्रेस स्वतन्त्रतामा प्रतिबद्ध छौं

पृष्ठ १ बाट

समाचार बनाउने तथा लेख्ने क्रममा के सही हो, के गलत हो भन्ने सबै थाहा पाएपछि मात्र निणर्यमा पुग्नुपर्ने भएकाले अबको पत्रकारिता यस्ता प्रश्नबाट मुक्त हुनेतर्फ केन्द्रित भयो भने राम्रो हुने थियो। यस्ता जटिल प्रश्नबाट बाहिर आउने मिडिया ऐन बन्नुपर्छ भन्नेतर्फ सरकारको ध्यान केन्द्रित छ। यो सरकार अभिव्यक्ति तथा प्रेस स्वतन्त्रताप्रति प्रतिबद्ध छ।

*('मिडिया काउन्सिल विधेयक २०८३' मस्यौदामाथि सरोकारवालासँग छलफलका क्रममा शुक्रबार सूचना तथा सञ्चारमन्त्री तिमिल्सिनाले व्यक्त धारणाको सम्पादित अंश)*

# मिडियामा बहुआयामिक संकट

पृष्ट १ बाट

यस्तो अपेक्षा गरिरहेको पत्रकारिता क्षेत्रलाई सरकारले अपेक्षाअनुसारको व्यवहार गर्नुको साटो नियन्त्रण वा आफ्नो अनुकूल ढाल्न खोज्दा त्यो लोकतन्त्रका लागि नै घातक हुन्छ भन्ने चिन्ता सबैतिर देखिन्छ। सरकार जिम्मेवार बनोस् र मिडियाका बहुपक्षीय संकट निवारणका लागि गम्भीर बनोस् भन्ने अपेक्षा यतिबेला छ। तर सरकारको बाटो, सत्ता सञ्चालक अनि सत्तारुढ दलको रवैया देख्दा यो गम्भीर विषयमा सोच्नु उनीहरूको प्राथमिकताको विषय होइनन झैं देखिँदै छ।

लोकतन्त्र सुदृढीकरणमा योगदान दिएका नेपाली मूलधारका मिडियाले निरन्तर यसको प्रवर्धनमा समेत काम गर्दै आएका छन्। लोकतन्त्रको अभावले हुने क्षतिबारे पूर्ण जानकार भएका कारण पनि मिडियाले यो कुरालाई प्राथमिकतामा राख्छ नै। तर पछिल्लो समयमा नेपाली मिडियामा उत्पन्न बहुपक्षीय संकट समाधानको सन्दर्भमा सहकार्य आवश्यक छ। मिडियाका आर्थिक, नैतिक, प्रविधिगत जस्ता बहुपक्षीय संकट छन्।



> मूलधारका मिडियालाई नियन्त्रण वा संकुचित गर्नुको साटो सम्पादकीय स्वायत्तताको सम्मान गर्दै डिजिटल साक्षरता, तथ्य परीक्षण र सार्वजनिक उत्तरदायित्व प्रवर्धनमा सरकारले गम्भीर सहकार्य र अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ।

**आर्थिक संकट**

नेपाली मिडियामा निजी क्षेत्रबाट २०–२२ अर्ब रुपैयाँ बढी लगानी भैसकेको छ। यसलाई क्षेत्रका हिसाबले कम्ती मान्न सकिँदैन। सरकार संरक्षित सञ्चारमाध्यमहरूमा वार्षिक अनुदानको अंक पनि कम छैन। वार्षिक रुपमा सरकारले गोरखापत्रलाई ४ करोड ६० लाख, रेडियो नेपाललाई ३१ करोड, टेलिभिजनलाई ४१ करोड, राससलाई १४ करोड रुपैयाँ अनुदान दिने गरेको छ। अनुदानबाहेक पनि विभिन्न शीर्षकमा सरकारी मिडियामा सरकारको लगानी छ नै। हाल नेपाल टेलिभिजनलाई भने आन्तरिक प्राविधिक कारणले अनुदान रोकिएको छ। त्यो समस्या हट्ला नै। यसरी हेर्दा मूलधारको मिडियाले यो लगानीको सदुपयोग गर्दै व्यावसायिक रुपमा पुँजी निर्माण गर्न सक्ने वातावरण बनाउनु पर्ने हो। तर आवश्यक नीति, सरकारको विभेदकारी सोच र प्रतिस्पर्धात्मक बजारको सुनिश्चितता नहुँदा नेपाली मिडियाले आर्थिक संकट बेहोर्न परिरहेको छ। नियमित सरकारी अनुदानमा चल्ने सञ्चारमाध्यमलाई पनि समयानुकूल व्यवस्थापन गर्नेतर्फ पनि सोच बन्न सकिरहेको पाइँदैन। त्यसैगरी सरकारको आफूले झण्डै अर्ब रुपैयाँबराबर अनुदान दिइरहेका मिडियामा मात्र सरकारी विज्ञापन दिने निर्णयले निजी क्षेत्रका सञ्चारमाध्यममा निजी क्षेत्रबाट भएको लगानी सुरक्षामा चुनौती थपिदियो र विज्ञापन बजारलाई स्वस्थ प्रतिस्पर्धात्मक बनाउने नीति बनाउनुपर्ने बाटोबाट सरकार अन्यत्रै मोडिन थाल्यो। यसबाट सरकारले मिडियाप्रति विभेदको नीति अख्तियार गरेको देखियो। विभेदको नीतिले मिडियालाई समस्यामा पार्नेभन्दा अरु परिणाम दिन सक्दैन। त्यसैगरी विज्ञापन बजार विस्तार सन्दर्भमा पनि राज्य थप उदार नबन्दासम्म नेपाली मिडियाको आर्थिक संकट पार लाग्ने देखिँदैन। नेपाली बजारमा उपलब्ध वस्तुहरू मदिरा, कस्मेटिक सामान, औषधि इत्यादिबारे विज्ञापन गर्न नपाइने नीतिले सबैभन्दा बढी मारमा नेपाली मिडियाको अर्थतन्त्र परेको छ। विज्ञापन ती वस्तु प्रयोगका लागि उत्प्रेरित गर्ने माध्यम मात्र हैन, आवश्यक जानकारी दिनु पनि हो। त्यसैले मिडियाको दीगोपनमा सघाउ पुऱ्याउन सक्ने पक्षलाई पनि ध्यानमा राखेर निश्चित आचारसंहिता निर्माण गरी विज्ञापनको दायरा फराकिलो बनाउने सन्दर्भमा राज्यको थप उदारमना आवश्यक छ।

**नैतिक संकट**

नेपाली मिडिया यतिबेला नैतिक संकटको मारमासमेत छ। १२ भाइको गलत भाष्य निर्माण गर्दै आफूअनुकूलमा सूचना प्रवाहका संयन्त्र चलाउने प्रवृत्तिको विकास हुँदै गर्दा आज नेपाली मिडियाको प्रभावकारिता र विश्वसनीयतामाथि नै प्रश्न उब्जिन थालेको छ। यस्तो प्रश्न कोही व्यक्ति नियन्त्रित र अपरिचित प्रविधिमा आधारित संयन्त्रले नै बढी रुपमा उठाउँदै आएको छ। मूलधारका मिडियाप्रतिको विश्वास हटाउन र आफ्नो एकोहोरो सूचनामा भर पर्न 'एल्गोरिदमइजम' फैलाइँदै गर्दा दुःखका साथ काम गरिरहेका मिडियाको नैतिक मूल्य र मर्ममाथि नै प्रहार हुने काम भैरहेको छ। मूलधारका मिडियाले सञ्चारकर्मको मूल्यमान्यता बोकेर त्यसको सबै औपचारिक प्रक्रिया अवलम्बन गर्छ। उसको टिम छ। उसले टिमवर्कका माध्यमबाट समाजका मुद्दामाथि व्यापक बहस चलाउँदै कर्म गर्छ। उसले गुनासो पनि सुन्छ, फिडव्याक पनि लिन्छ। यो जिम्मेवारीका साथ हुने उसको उपस्थितिलाई कुनै अदृष्य कोठामा नियोजित रुपमा उत्पादन हुने सामग्रीको माध्यमबाट विश्वासहिन सावित गर्ने प्रयत्न हुनु दुःखद कुरा हो। यो कुरामा सरकार पनि गम्भीर बन्नुपर्ने हो। तर सरकार प्रमुखको राष्ट्रबासीका नाममा भएको सन्देशसमेत उनको निजी प्ल्याटफर्ममा राखेर प्रवाह हुन्छ। यो घटनाले नेपालका मूलधारका मिडियाप्रतिको सरकारको दृष्टिकोण उजागर गरेको छ। र, मूलधारका मिडियालाई लज्जित समेत बनाएको छ। यो नैतिक संकट पनि एउटा ठुलो समस्या बनेर उपस्थित भएको छ। त्यतिमात्रै हैन, भर्खरै पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाललाई सोधिएको एउटा प्रश्नको जवाफमा उनले दिक्क मान्दै 'अब म मरेपछि' भन्ने जवाफ दिएको सुनियो। यस्तो प्रश्न गर्न प्रेरित गर्ने काम अहिलेका शासकको विगतको अभ्यासले नै गरेको हो। क्षमता प्रवर्धभन्दा 'बुम' प्रदर्शनलाई नै पत्रकारिताको मानक ठान्ने अवस्थाको निर्माणले नेपाली पत्रकारिताले नैतिक संकटको महसुस गरिरहेको छ। बिपी कोइरालाले एक ठाउँमा भनेका छन्- विज्ञान भनेको मानिसको नैतिक निर्णय होस्, विज्ञानलाई कुन दिशातिर लैजाने भन्ने कुरा नैतिक नियन्त्रणको विषय होस्। अहिलेको प्रविधिको दिशा पनि मानिसको नैतिक निर्णयको आधारमा होस्। यसका लागि राज्य नै गम्भीर बन्न आवश्यक हुन्छ। तत्कालिक लाभले विज्ञानको उपजका रुपमा आएको प्रविधिको प्रयोगबाट मानिस जातिलाई नै अनैतिक बनाइदिने खतरातर्फ समयमै सोच्न आवश्यक छ।

**प्रविधिगत संकट**

प्रविधिको बाक्लो उपस्थितिले निम्त्याएको संकट निवारणका लागि पनि सोच्नुपर्ने भएको छ। प्रविधि आफैंमा मानव जातिका लागि निकै ठुलो सहयोगी हो र हुनुपर्छ। प्रविधिको विकासको ध्येय नै मानव सहायताका लागि हो। तर त्यो प्रविधिको प्रयोग गर्ने सिप भएन भने त्यसको दुरुपयोग हुन्छ र लगत परिणाम दिन्छ। अहिले प्रविधिको प्रयोग सही समाचारका लागि भन्दा पनि भ्युजका आधारमा हुने कमाइलाई प्राथमिकतामा राखेर भैरहेको छ। 'भ्युज बढ्छ र आम्दानी हुन्छ, त्यसैले यस्तो सामग्री राखेको' भन्ने जवाफसमेत प्रेस काउन्सिलले पाउन थालेको छ। काउन्सिललाई समेत यस्तो जवाफ दिन थालिएपछि प्रविधि प्रयोगकर्ताले कस्ता सामग्री प्रवाह गर्छन् भन्ने अनुमान सजिलै लगाउन सकिन्छ। यो गम्भीर समस्या हो। समस्या समाधानका लागि स्वायत्त नियामक निकायको प्रभावकारी उपस्थिति, विभेदरहित विज्ञापन प्रणाली, पारदर्शी श्रम व्यवस्थापन र न्यु मिडियाको कानुनी दायरा निर्धारणबाट आवश्यक छ। प्रेस काउन्सिलमा संरचनागत सुधार गरी प्रभावकारी नियमनलाई अझ जोड दिनपर्ने देखिन्छ।

यस्ता संकट निवारणका लागि पनि पत्रकारितासँग सम्बन्धित श्रमजीवी पत्रकार ऐन बनेको दशकौं बितिसकेको अवस्थामा समीक्षा आवश्यक छ। अझै धेरैजसो पत्रकारले नियुक्ति पत्र नपाउनु, तोकिएको न्यूनतम पारिश्रमिक नपाउनु र समयमा तलब नपाउने अवस्था अन्त्यका लागि समेत काम गर्नुपर्ने अवस्था छ। 'नेपालमा अझै पनि ३८ प्रतिशतभन्दा बढी श्रमजीवी पत्रकार नियुक्ति पत्रबिनै काम गर्न बाध्य छन् भने ७० प्रतिशत पत्रकारले कानुनले तोकेका सेवासुविधा (उपदान, सञ्चयकोष, बिमा, समयमै वृत्ति विकास) पाउन सकेका छैनन्' एउटा प्रतिवेदनको यो अंशले मात्र पनि हाम्रो अवस्था दर्शाउँछ। यो अवस्थाको अन्त्यका लागि सरोकारवालासँगको छलफल र सहकार्यलाई सरकारले ध्यानमा राखेर काम गर्नुपर्छ।

मिडियामा आन्तरिक सुशासन पनि अहिले पेचिलो मुद्दा बनेर उपस्थित छ। त्यस्तै सम्पादकीय स्वायत्तता पनि सबैले स्वीकार गर्ने परिस्थिति बनेको छ। यति मात्रै हैन, डिजिटल माध्यमको तीव्र विस्तारसँगै सूचना प्रवाह सहज र व्यापक भए पनि यसको प्रयोगमा केही गम्भीर चुनौती देखिन थालेका छन्। क्लिक, भ्यु, सेयर र विज्ञापनमा आधारित डिजिटल अर्थतन्त्रले कतिपय अवस्थामा तथ्यमा आधारित गहिरो सूचनाभन्दा सनसनीपूर्ण, भावनात्मक र उत्तेजक सामग्रीलाई बढी प्राथमिकता दिने प्रवृत्तिलाई बढाएको छ। यसले गलत सूचना, मिथ्या समाचार, घृणात्मक अभिव्यक्ति र षड्यन्त्रपूर्ण धारणाहरूलाई छिटो फैलिन सहयोग पुऱ्याउन सक्छ, जसले सामाजिक संवादलाई कमजोर र समाजलाई ध्रुवीकृत बनाउने जोखिम हुन्छ। त्यस्तै व्यक्ति वा समूह नियन्त्रित डिजिटल माध्यमहरूमा सम्पादकीय उत्तरदायित्व, तथ्य परीक्षण र सार्वजनिक हितको मापदण्ड कमजोर हुन सक्ने भएकाले सूचना र प्रचारबिचको सीमा धमिलो बन्न सक्छ। दीर्घकालमा यस्तो प्रवृत्तिले विश्वसनीय पत्रकारितामाथि चुनौती खडा गर्नुका साथै शक्तिशाली व्यक्ति, संस्था वा आर्थिक समूहले डिजिटल प्रभावमार्फत जनमत निर्माण वा प्रभावित गर्ने सम्भावना पनि बढाउन सक्छ। त्यसैले डिजिटल स्वतन्त्रतासँगै नैतिकता, मिडिया साक्षरता, तथ्य परीक्षण र सार्वजनिक उत्तरदायित्वलाई समान रूपमा बलियो बनाउन आवश्यक छ। यी सबै सवालमा गम्भीरताका साथ काम गर्ने इच्छाशक्ति सरकारले देखाउनुपर्ने हो तर देखाइरहेको छैन। सरकार यो मानसिकतामा छैन भन्ने महसुस सिंगो मिडिया क्षेत्रलाई भएको छ। के सरकार आफ्नो यो जिम्मेवारीमा गम्भीर बन्ला ?

मिडिया क्षेत्रमा सुधार ल्याउन सरकारले मुख्यतः नीतिगत, आर्थिक, कानुनी र नियमनकारी सुधार गर्नुपर्ने देखिन्छ। यसका लागि सरकारले पारदर्शी र विभेदरहित विज्ञापन प्रणाली लागु गर्दै मदिरा, कस्मेटिक्स र औषधि जस्ता वस्तुको विज्ञापनमा निश्चित आचारसंहितासहित उदार नीति अपनाउनुपर्छ, जसले मिडियाको आर्थिक संकट हल गर्न सहयोग पुऱ्याओस्। प्रविधि तथा डिजिटल माध्यमको तीव्र विस्तारले निम्त्याएको सनसनीपूर्ण र गलत सूचनाको जोखिम न्यूनीकरण गर्न प्रेस काउन्सिलमा संरचनागत सुधार गरी स्वायत्त र प्रभावकारी नियमन सुनिश्चित गर्न आवश्यक छ। मूलधारका मिडियालाई नियन्त्रण वा संकुचित गर्नुको साटो सम्पादकीय स्वायत्तताको सम्मान गर्दै डिजिटल साक्षरता, तथ्य परीक्षण र सार्वजनिक उत्तरदायित्व प्रवर्धनमा सरकारले गम्भीर सहकार्य र अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ।

# सरकारको कार्यशैलीप्रति प्रतिपक्षको आलोचना

काठमाडौं, साउन २२ (नागरिक)- प्रतिनिधिसभाको शुक्रबारको बैठक सीमा विवाद, स्थानीय विकास आयोजनाबारे विषयले दिनभर गरम बन्यो। एलपी ग्यास अभाव, सरकारको कार्यशैली, प्रधानमन्त्रीको सीमासम्बन्धी विवादित अभिव्यक्ति सच्याउनुपर्नेलगायतमा प्रतिपक्षको विरोध रह्यो भने सत्तापक्षले पनि एलपी ग्यास अभाव र सरकारको कार्यशैलीप्रति सरकारको आलोचना गरेको छ।

बैठकमा सांसदहरूले ग्यास अभावबारे सरकारको ध्यानाकर्षण गराएपछि उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारीले संसद्मा स्पष्टीकरण दिइन्। उनले नियमित माग धान्न सक्ने परिमाणमै ग्यास आयात भइरहेको जानकारी गराइन्। मन्त्री कुमारीका अनुसार, पारदर्शी वितरणका लागि 'एलपी ग्यास ट्र्याकिङ प्रणाली' र गुगल फर्ममार्फत विवरण संकलन सुरु गरिएको छ भने आयल निगममा 'क्विक रेस्पोन्स टिम' गठन गरी १६६ वटा गुनासो सम्बोधन भइसकेको छ।



संसद्मा प्रधानमन्त्री बालेन्द्र शाहको कार्यशैली र नियमावली पालनाको विषय जोडदार रूपमा उठ्यो। नेकपाका सांसद महेन्द्रबहादुर शाहीले सभामुख डोलप्रसाद अर्यालको निष्पक्षतामाथि प्रश्न उठाउँदै सभामुखले सांसदहरूलाई मात्र नियमावली पालना गराउन दबाब दिने तर प्रधानमन्त्रीलाई भने नियमावली पालना गराउन नसकेको आरोप लगाए। नियमावलीअनुसार महिनाको पहिलो हप्ता प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर हुनुपर्ने र उठेका प्रश्नको जवाफ सात दिनभित्र दिनुपर्ने बाध्यकारी व्यवस्था कार्यान्वयन नभएको भन्दै उनले असन्तोष व्यक्त गरे।

सरकारको आलोचनामा सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसदहरू स्वयं प्रस्तुत भए। रास्वपा सांसद रमेश प्रसाईंले चुनावमा 'नो लाइन, केवल अनलाइन' भनेर भोट मागे पनि नागरिक ग्यासका लागि दिनभर लाइनमा बस्नुपरेको देख्दा लाज लागेको टिप्पणी गरे। सांसद मनीष झाले सरकारको नियतमा शंका नभए पनि काम गर्ने ढंग नपुगेको भन्दै बोर्डरमा २५ रुपैयाँको चिप्स खोसिने तर त्रिभुवन विमानस्थलमा पहुँचवालालाई ब्लु लेबल र ल्यापटप ल्याउन दिइने दोहोरो व्यवहारबारे प्रश्न उठाए। त्यस्तै, सांसद टीका (ज्वाला) संग्रौलाले सरकारले भाषण र नाराभन्दा परिणाममुखी काम र सुशासनको अनुभूति गराउनुपर्नेमा जोड दिइन्।

यसैगरी धनुषाको ढल्केबरमा प्रस्तावित ट्रमा सेन्टर योजना अन्यत्र सार्न खोजिएको भन्दै कांग्रेस सांसद चन्द्रमोहन यादवले संसद्मा उभिएर मौन विरोध जनाए। रास्वपा सांसद मनीष खनालले शून्य वा विशेष समयमा उठाउने विषय आकस्मिक समयमा उठाएर दुरुपयोग गरेको भन्दै नियमापत्ति जनाए, तर सभामुखले उनको कुरालाई महत्त्व दिएनन्। यादवले आफ्नो भनाइ राखिसकेपछि उठेर मौनधारण गरे। उनलाई कांग्रेसका दुईजना सांसद्ले बस्न आग्रह गरेका थिए। सभामुखले पनि बस्न पटकपटक आग्रह गरे। उनले अडान नछाडेपछि सभामुखले ढल्केबर ट्रमा सेन्टरको वास्तविक अवस्थाबारे संसद्मा जानकारी गराउन सरकारको नाममा रुलिङ जारी गरे।

बैठकमा प्रधानमन्त्री बालेन्द्र शाहले जेठ १७ मा नेपाल-भारत भूमि सम्बन्धमा दिएको अभिव्यक्तिलाई प्रतिपक्षका सांसदहरूले शुक्रबार पनि उठाए। रास्वपा सांसद सुरेन्द्र चौधरीले प्रधानमन्त्रीको अभिव्यक्तिको बचाउ गर्दै नेपालले पनि भारतको भूमि मिचिएको भनी दिएको अभिव्यक्तिको विरुद्धमा नबोल्न प्रतिपक्षी दलहरूलाई आग्रह गरे। त्यो कुरा उठाउँदा नेपाललाई कुनै पनि फाइदा नहुने उनको तर्क थियो। राष्ट्रवाद र सार्वभौमिकता नाप्न नसकिने भएकाले यसलाई मुद्दा नबनाई समझदारीमा सुल्झाउनुपर्ने र संसद्-सरकार एकापसमा जबाफदेही हुनुपर्ने उनको तर्क थियो।

तर प्रमुख प्रतिपक्षी दल कांग्रेसका सचेतक निश्कल राईले सांसद चौधरीको भनाइप्रति कडा आपत्ति जनाउँदै प्रधानमन्त्रीको अभिव्यक्ति गलत रहेको र त्यसप्रति आफूहरूको विरोध निरन्तर कायम रहने स्पष्ट पारे। श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राईले भारत र चीनले नेपालको लिपुलेक नाकाबाट व्यापार सुरु गरेको विषयमा सरकारको आधिकारिक जवाफ माग गरेका छन्। 'भारत र चीनबिच लिपुलेकबाट व्यापार सञ्चालन भइराखेको छ भन्ने कुरा जानकारीमा आएको छ', उनले भने, 'नेपाल सरकारले यो विषयमा बोलेको छैन। हामी चाहन्छौं- सरकार बोलोस्।' सांसद् सुशील खड्काले 'हरित रोजगारी' सिर्जना गर्न प्रस्ताव गरे। आफ्नो निर्वाचन क्षेत्र बागलुङमा सुन्तला उत्पादन राम्रो भए पनि बाँदर आतंकका कारण किसान मारमा परेको विषय उठाए। युवाहरू खाडी मुलुकमा श्रम गर्न बाध्य भइरहेको अवस्था औंल्याउँदै उनले वन्यजन्तु नियन्त्रणका लागि नयाँ मोडल प्रस्ताव गरे। गत वर्ष बागलुङ, म्याग्दी र पर्वतमा सय करोड बढीको सुन्तला बिक्री भएको थियो।


**हिमाल दोलखा हाईड्रोपावर कम्पनी लिमिटेडको**
**सत्रौं र अठारौं वार्षिक साधारण सभाको माइन्युट**

यस हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडको मिति २०८३ साल असार २६ गते शुक्रबारका लागि बोलाईएको कम्पनीको सत्रौं र अठारौं वार्षिक साधारण सभा टौखेल, ललितपुर स्थित बिग बैङक्वेट एण्ड इभेन्टस् प्रा. लि. को सभा हलमा संचालक समितिका अध्यक्ष श्री रञ्जना दहालज्यूको अध्यक्षतामा बिहानको ९:३० बजे बसी निम्नबमोजिमको प्रस्तावहरुउपर छलफल भई निम्नानुसार निर्णय गरियो ।

**सभाको सूचना**

कम्पनीको संचालक समितिको ५६ औं बैठकले कम्पनीको सत्रौं र अठारौं वार्षिक साधारण सभा मिति २०८३/०३/०४ गते बोलाउनको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा २ को व्यवस्थाबमोजिम सभा हुने मिति, समय, स्थान, शेयर दाखिल खारेज दर्ता किताब बन्द रहने सम्बन्धि सूचना क्रमश: मिति २०८३/०२/१४ र १५ गतेको नेपाली राष्ट्रिय दैनिक नेपाल समाचार पत्र पत्रिकामा प्रकाशन गरिएको थियो । मिति २०८३/०३/०४ गते बिहान १०:०० बजे काठमाडौं, सुकेधारा स्थित सेलिब्रेशन पार्टि हलमा तय गरिएको वार्षिक साधारण सभामा शेयरधनीहरुको स्वयं एवं प्रोक्सी मार्फत भएको उपस्थितिमा कम्पनी ऐन तथा कम्पनीको नियमावलीको व्यवस्थाबमोजिम आवश्यक गणपूरक संख्या अपुग भई साधारण सभा स्थगित गरिएको थियो । कम्पनीको संचालक समितिको मिति २०८३/०३/०४ गते बसेको ५८ औं बैठकको निर्णयले उक्त स्थगित साधारण सभा आज मिति २०८३/०३/२६ गते तय गरी सभा हुने मिति, समय र स्थान को बारेमा शेयरधनी महानुभावहरुलाई जानकारीको लागि मिति २०८३/०३/०५ गते को नेपाल समाचार पत्र नेपाली राष्ट्रिय दैनिक पत्रिकामा पुन: सूचना प्रकाशन गरिएको थियो ।

त्यसैगरी यसरी प्रकाशन गरिएको सूचनासहित आ. व. २०८०/८१ र २०८१/८२ को लेखापरीक्षण सम्पन्न भएको बासलात, आय-व्यय हिसाब र नगद प्रवाह विवरणसहितको संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने संचालक समितिको वार्षिक प्रतिवेदन कम्पनीको वेबसाईडमा समेत शेयरधनी महानुभावहरुको जानकारीको लागि उपलब्ध गराईएको थियो ।

**सभाको बैधानिकता**

कम्पनीको सत्रौं र अठारौं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ तथा नियमावली अनुसार पुन: बोलाईएको हुँदा कम्पनीको बाँडफाँड भएको कुल शेयर संख्याको २५ प्रतिशत भन्दा बढी शेयरधनीहरुको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्राबधान रहेकाले कम्पनीको सत्रौं र अठारौं वार्षिक साधारणसभामा राखिएको शेयरधनीको हाजिरीपुस्तिकामा स्वमं तथा प्रोक्सी मार्फत हाजिर जनाउने शेयधनी महानुभावहरुको संख्या ४१९ र शेयरको २९.०९ प्रतिशत हाजिरी भएको जानकारी बमोजिम साधारणसभाको गणपूरक संख्या पुगको र प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएकोले सभाको अध्यक्षद्वारा सभा संचालन गरियो ।

**संचालक समितिको प्रतिवेदन सभा समक्ष प्रस्तुत:**

सभाका अध्यक्ष श्री रञ्जना दहाल ज्यूबाट कम्पनीको संचालक समितिको तर्फबाट आ. व. २०८०/८१ र २०८१/८२ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गरी सभामा उपस्थित शेयरधनीमहानुभावहरुलाई निम्न प्रस्तावहरु उपर छलफल गरी निर्णयको लागि प्रस्ताव गरियो ।

**प्रस्तावहरु :**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.ब. २०८०/८१ र २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे ।
२) लेखा परिक्षकको प्रतिवेदन सहितको आ.ब. २०८०/८१ र २०८१/८२ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत सो सँग सम्बन्धित अनुसुचीहरु माथि छलफल गरी पारित गर्ने बारे ।
३) आ.ब. २०८२/८३ को लागि लेखापरीक्षकको नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।
४) विविध ।

**शेयरधनी महानुभावहरुबाट उठाईएको जिज्ञासा एवं सुझावहरु:**

१) **शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठ :** शेयरको मूल्य बढी रहेकोछ, रेभिन्यू घट्दो अवस्थामा छ । बैंकको वेसरेट घटिरहेकोमा कम्पनीले नाफा गर्नु पर्ने नाफा गर्न सकेको छैन । बाढि पहिरोबाट हुने क्षति न्युनिकरण गर्ने तर्फ लाग्न कम्पनीलाई आग्रह गर्नु भयो । कम्पनीलाई आयोजनालाई छिटो भन्दा छिटो मर्मत गरी डिभिडेण्ड दिने वातावरण तयार गर्न आग्रह गर्नु भयो । डिभिडेण्ड नदिने कम्पनीको सूचिमा यस हिमाल दोलखा हाईड्रोपावर कम्पनी पनि रहेकोमा चिन्ता व्यक्त गर्दै वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्नु भयो ।
२) **शेयरधनी श्री उत्तम दत्त पाण्डे:** कम्पनीको के.बि.एन.आर इस्वा पावर लिमिटेडमा लगानी रहेको, बैंकलाई भुक्तानी गर्न बाँकी मौज्दात रकम तथा वार्षिक रुपमा कम्पनीले प्राप्त गरेको रेभिन्यु सभा समक्ष प्रस्तुत गर्नु भयो । वहाँले कम्पनीले लाभांश वितरण नगरी शेयरधनीको हात सधैं खाली गरेकोले त्यस तर्फ ध्यान दिन आग्रह गर्नु भयो । साथै कम्पनीले नियमितरुपमा वार्षिक साधारण सभा गर्न आग्रह गर्नु भयो ।
३) **शेयरधनी श्री सुदिप श्रेष्ठ:** शेयरधनीहरुले प्रतिफलको आशा गरी शेयरमा लगानी गरेको हुँदा मुनाफा प्राप्त हुन नसकेकोमा चिन्ता व्यक्त गर्नु भयो । बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपको कारणले मुनाफा गर्न नसकेको देखिंदा कम्पनीको मेनेजमेण्टले त्यस किसिमको प्राकृतिक विपत्तीबाट हुने क्षति कम गराउने तर्फ कार्य गर्न आग्रह गर्नु भयो । साथै कम्पनीको वार्षिक साधारण सभा प्रत्येक वर्ष गर्न सुझाव दिनु भयो ।
४) **शेयरधनी श्री गोविन्द ब. के.सी.:** प्राकृतिक प्रकोपबाट कम्पनी पिडित भएको, आर्थिक मन्दी तथा युद्ध लगायत अन्तराष्ट्रिय कारणसमेतले कम्पनी घाटामा गएको देखिएको, यस किसिमको समस्या सामाधान गर्न कम्पनी व्यवस्थापनलाई आग्रह गर्नु भयो । कम्पनीको वार्षिक साधारण सभा प्रत्येक वर्ष गर्न आग्रह गर्नु भयो । कम्पनीद्वारा साधारण सभाको लागि प्रस्तुत प्रस्तावहरु प्रति पूर्ण समर्थन रहेको व्यहोरा जानकारी गराउँदै वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्नु भयो ।
५) **शेयरधनी श्री निरुपमा गुप्ता :** वार्षिक साधारण सभा प्रत्येक वर्ष गर्न आग्रह गर्नु भयो । बुकभ्यालु कम देखिन्छ, त्यसलाई सुधार गर्न आग्रह गर्नु भयो । शेयरधनीलाई लाभांश दिने तर्फ कम्पनी व्यवस्थापनलाई आग्रह गर्नु भयो । फाईनान्सियल ईन्डिकेटर ऋणात्मक रहेको त्यसलाई सुधार्न आग्रह गर्नुभयो । हाईड्रोपावरको अतिरिक्त सोलार स्टोरेज प्रोजेक्ट तर्फ पनि लाग्न कम्पनीलाई सुझाव दिनु भयो । साथै कम्पनी व्यवस्थापनलाई रिक्स मेनेजमेण्ट सम्बन्धमा कस्तो योजना छ भनी प्रश्न गर्नु भयो ।

**शेयरधनी महानुभावहरुबाट उठाईएको जिज्ञासा एवं सुझावहरुको संवोधन :**

कम्पनीका अध्यक्ष एवं सधारणसभाको सभाध्यक्ष श्री रञ्जना दहालज्यूले शेयरधनी महानुभावहरुले उठाउनुभएको जिज्ञासा एवं प्रश्नको सम्बन्धमा कम्पनीका पूर्व लेखा कर्मचारी श्री सुधिर लामिछानेज्यूलाई संचालक समिति एवं व्यवस्थापनको तर्फबाट स्पष्ट पारिदिन आग्रह गर्नु भए बमोजिम लामिछानेले शेयरधनी महानुभावहरुले कम्पनीलाई सल्लाह, सुझाव दिनु भएकोमा विशेष धन्यवाद ज्ञापन गर्नु भयो । शेयरधनी महानुभावहरुले उठाउनु भएको प्रोजेक्ट मेनेज्मेन्टको लागि कम्पनीमा टपक्लासको मेनेजमेन्ट टिमले कार्य गरिरहेको जानकारी गराउँनु भयो । हाल आयोजनामा भएको क्षतिको मर्मत संभार गरी संचालन गर्न, आगामी दिनमा कसरी क्षतिलाई कम गर्न सकिन्छ भनेर कम्पनी निरन्तर कार्य गरिरहेको व्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउनु भयो । शेयरधनी महानुभावहरुले उठाउनु भएको लाभांशको विषयमा कम्पनीले शेयरमा लगानी गरेको केबिएनआर इस्वा पावर लिमिटेड(९७.२ मे.वा.) अपरेशनमा आएपछि त्यस कम्पनीले प्रदान गर्ने लाभांशबाट शेयरधनीलाई लाभांश वितरण गर्न सकिने व्यहोरा जानकारी गराउँनु भयो । सोलार लगायत थप प्रोजेक्टमा लागानी गर्ने विषयमा संचालक समितिले छलफल गरी उपयुक्त हुने देखिएमा लगानी गर्न सक्ने जानकारी गराउँदै शेयरधनी महानुभावहरुको सल्लाह सुझाव बमोजिम आगामी वार्षिक साधारण सभा प्रत्येक आ. व. मा तोकिएको समयमा गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो ।

**सभाबाट भएका निर्णयहरु :**

**सामान्य प्रस्ताव**

१. प्रस्ताव नं. १ :संचालक समितिको आ. ब. २०८०/८१ र २०८१/८२ को संचालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत संचालक समितिको वार्षिक प्रतिवेदन पारित गरियोस भनी सभामा राखिएको प्रस्तावलाई सर्वसम्मतिबाट परित गरियो ।
२. प्रस्ताव नं. २ : लेखा परीक्षकको प्रतिवेदन सहित आ. ब. २०८०/८१ र २०८१/८२ को वासलत, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत सो सँग सम्बन्धित अनुसुचीहरु पारित गरियोस भनी सभामा राखिएको प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो ।
३. प्रस्ताव नं. ३ : आगामि आ.व.२०८२/०८३ को लेखापरिक्षण कार्यको लागि लेखापरीक्षको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्तावमा लेखापरीक्षकमा श्री I. P. Mainali & Associates, Kathmandu लाई नियुक्त गर्ने र निजलाई पारिश्रमिकवापत् VAT सहित रू.३,३९,०००/–प्रदान गर्ने प्रस्ताव सर्वसम्मरुपमा पारित गरियो ।

विविध शिर्षक अन्तर्गत आजको यस सत्रौं र अठारौं वार्षिक साधारण सभामा छलफलका अन्य विषयहरु नरहेकोले शेयरधनी लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै सभाका अध्यक्षज्यूद्वारा सभा समापन भएको घोषणा भयो ।


# पत्रकारिता : दिशा कता ?

पृष्ठ १ बाट

पत्रकारका कार्य जसकसैले पनि गरे हुन्छ, यान्त्रिक बुद्धिका माध्यमबाट गर्दा नहुने छैन भन्ने दिशामा अघि बढेको प्रयाससामु मानवसमाजमा पत्रकारिताको सान्दर्भिकता, निरन्तरता पुनर्स्थापित गर्न पनि गतिशील प्रयास आवश्यक छ। पत्रकारिताका, माध्यमका मूल्य र मान्यतालाई किनारामा फ्याँक्न नमिल्ने आयाममा प्रकाश पार्ने जमर्को पनि गर्नुपर्ने छ। यस आलेख उपरोक्त परिवेशका अन्तरकुन्तरका विषयमा सांकेतिक प्रकाश पार्ने प्रयास मात्र हो। परिवेशका अनेक आयामलाई विवेचना गर्न त बृहत् शोध र सांख्यिकीय आधार नै चाहिन्छ।

**सही सूचनाको खाँचो**

सूचना, सही सूचना मानव जातिका लागि मात्र एउटा सन्देश वा समाचार वा अभिव्यक्ति वा प्रस्तुति नभएर जीवनका विविध फाँटमा उपयोगी हुने महत्त्वपूर्ण संसाधनका रूपमा विकसित हुँदै आएको सर्वविदित सन्दर्भ हो। सूचनाले टनिकले वा पोषणले झैं सशक्त पार्ने यथार्थलाई जान्नेहरूले मानेको पाइन्छ। निर्णय लिनका लागि, मत बनाउनका निमित्त वा व्यवहारलाई खास दिशामा निर्देशित गर्नका लागि वा समाजमा विविध सम्बन्ध विकास गर्नका लागि सूचनाले कहिले शिक्षाको रूपमा, कहिले मनोरञ्जनको रूपमा र कहिले शुद्ध इन्फर्मेसनको रूपमा सेवा पुऱ्याएको पाइन्छ। सूचनाको अधिकारलाई उच्च स्थान दिइएको सन्दर्भ त सर्वविदित विषय हो।

त्यसैक्रममा सही सूचना सही समयमा उपयोगी हुने ग्रहणीय शैलीमा सर्वसाधारणसमक्ष पुऱ्याउन विकसित भएको विधा पत्रकारिता हो। यसको पृष्ठभूमिमा अनेकको वर्षौंको अभ्यास, चिन्तन, संघर्ष, शोध र नवीन प्रयोगको स्थलगत अनुभव छ। आमसञ्चार माध्यम छापा, रेडियो, टेलिभिजन, अनलाइनले पत्रकारिताका मूल्य-मान्यतालाई पच्छ्याएर नागरिकलाई सुसूचित, सुशिक्षित, सुमनोरञ्जित गरेका प्रमाण इतिहास र वर्तमानमा भेटिन्छन्।

त्यसकै आडमा बुझ्नेहरू भन्छन् डिजिटल युग, मोबाइल जमाना, एआई प्रयोगको दन्कँदो प्रवृत्ति, सामाजिक सञ्जालको झाँगिँदो जनप्रियतामाझ पनि पत्रकारिताले सर्वसाधारणमा सही सूचना सेवा प्रस्तुत गर्ने सम्भाव्यता छ। हो, यसका लागि एउटै सूत्र भने छैन, समय, समाज र परिस्थितिको अनुकूलतालाई ध्यानमा राखेर गतिशील नीति, ढाँचा र योजना भने आवश्यक छ। हेक्का राख्नुपर्छ- पत्रकारिता ओझेलमा पर्नु भनेको सर्वसाधारणलाई सूचना सशक्त पार्ने अति सहज, अति ग्रहणीय, अति उपयोगी आधार गुम्नु हो। यसलाई हलुका ढंगमा लिँदा अन्त्यमा नागरिक, समाज, संस्कृति, भाषा र राष्ट्रिय हितका भूराजनीतिका विषयवस्तुको गहनता, गम्भीरता सबैमा आँच आउन जान्छ।

सूचना प्रवाहलाई निरन्तर राख्ने, समाचारक्रमलाई नियमित पार्ने क्रममा पत्रकारिताभित्र विकसित समाचार कक्ष वा उत्पादन कक्षका रिपोर्टिङ, सम्पादकीय प्रक्रिया व्यवस्थित र विश्वसनीय मानिन्छ। सत्य, तथ्यको निष्पक्ष खोज, उपयुक्त स्रोतमा आधारित प्रस्तुति, यथार्थमा अडेको विश्लेषण, उपयुक्त वर्णन, सन्तुलित शिष्ट टिप्पणी, न्यायोचित भाष्य, सरल र सान्दर्भिक प्रस्तुति विशेष उल्लेखनीयमा पर्छन्। ती सबै वर्तमानमा पनि सान्दर्भिक छन्। उपयुक्त रूपमा प्रविधिले दिएको सुविधा, प्रयोगकर्ताको आकांक्षा र प्रवृत्तिअनुरूप नवीकरण वा पुनः आविष्कार गर्दा पनि हुन्छ। हो, हेडलाइनको मोह, सनसनीपूर्णताको लालसा, आँखा वा कानका लागि मोहनीमय शैली मात्र खोज्ने हो भने बेग्लै कुरा।

**द्वारपाल होइन द्वारदर्शन**

आमसञ्चार माध्यमका प्रयोगकर्ता सबैजसो सामाजिक सञ्जालमा सरेर रमाइरहेको, सेयर, लाइक तथा कमेन्टमा व्यस्त भइरहेको, सामग्री उत्पादन, प्रसारण र प्रस्तुति गरिरहेको परिदृश्यले पत्रकारिताको सान्दर्भिकतामाथि प्रश्न उठाउँछ। तर अलि गतिशील भएर नवीन सोच र प्रयोग गर्ने हो भने पत्रकारिताले त्यसमा पनि योगदान वा सहयोग दिने अनेक फाँट फेला पर्छन्, त्यसको प्रयोगबाट पत्रकारिता झन् सबल हुने सिर्जनात्मकता पैदा हुने सम्भावना छ। हो, यसका लागि उकालो पार गर्ने संघर्ष भने गर्न तयार रहनुपर्छ।

त्यसक्रममा द्वारपालको भूमिका होइन, सूक्ष्म द्वारदर्शनको सीप शैली सान्दर्भिक हुन जान्छ। निश्चित समय र निर्धारित माध्यमबाट सूचना प्रवाह हुने परिवेशमा हुर्किएको पत्रकारितालाई आज जहिले पनि जहाँ पनि उत्पादन, घण्टाघण्टाको न्युज साइकल, आकस्मिक पोस्टिङ, प्रसारण हुने सम्भावना भएको अवस्थामा मिसिन भने आवश्यक पर्छ। पत्रकारिताको द्वारपाल भूमिका सूक्ष्म द्वारदर्शनमा परिणत भएको स्थितिमा अवलोकनका केही विधि आधार भने नवीन हुनु अनिवार्य नै छ। पहिले सूचनालाई खास मापदण्डका आधारमा सम्पादकीय प्रक्रियाअन्तर्गत सामाजिक दायित्व भावले छान्ने, रोक्ने वा प्रयोग नगर्ने गरिन्थ्यो। आज त्यो कार्यमा नवीनता, सिर्जनात्मकता र समयअनुरूपको मौलिकता भने चाहिन्छ।

**सामूहिक प्रयास**

यसक्रममा सञ्चार क्षेत्रको सामूहिक प्रयास नै अपेक्षित हुन्छ। वास्तवमा अहिले नेपालमा पत्रकारितामा संलग्न पत्रकार, सञ्चारगृह, आमसञ्चार संस्था, सरकार, पत्रकारिता प्रयोगकर्ता सबैले पत्रकारिता र आमसञ्चार माध्यमीय क्षेत्रलाई नयाँ कोणबाट अवलोकन गरी नवीन प्रयोगको माध्यमबाट अघि बढ्नुपर्ने आवश्यकता छ। केही विज्ञ यसलाई नवीन वा पुनः आविष्कार भन्न रुचाउँछन्।

पत्रकारलाई सुविधाको आसनमा बसेर स्थिति अवलोकन गर्न मिल्दैन। संस्थाले खै विज्ञापन, आम्दानी, प्रायोजक, प्रयोगकर्ता सबै सामाजिक सञ्जालमा छन्, हामी के गर्न सक्छौं र भनेर हात बाँधेर बस्न मिल्दैन। सरकारलाई संविधानले पूर्ण स्वतन्त्रता दिइहालेको छ, गर खाऊ अब के खोजेको, हामीलाई माध्यम चाहिँदैन, हामी त आफ्नै सामाजिक सञ्जाल र त्यसमाका फलोअर्समै व्यस्त छौं भनेर उम्कन पनि मिल्दैन। प्रयोगकर्ताले पनि आफ्नो सूचनाको हकको बृहत् पक्षलाई ध्यानमा राखी पत्रकारितालाई जोगाउनका निमित्त मिडिया लिटरेसीलाई विस्तार गर्दै पत्रकारितालाई अघि बढ्न टेवा प्रदान गर्नुपर्ने स्थिति छ। उपरोक्त सबै पक्षले आआफ्नो भूमिकालाई पुनः परिभाषित गरी पारस्परिक विश्वास र सहयोग बढाउदा भरपर्दो विकल्प निस्कने सम्भावना रहन्छ।

यसै क्रममा पत्रकारितालाई विकसित र विस्तारित गर्न नवीन वित्तीय आधार तयार गर्ने दिशामा पनि निरन्तर खोजी र प्रयास आवश्यक पर्छ। परम्परागत आय क्षेत्र सुक्दै गएको पृष्ठभूमिमा नयाँ आर्थिक पूर्वाधारको अन्वेषण आवश्यक पर्छ नै। पत्रकारले के गर्ने त ? केही विज्ञको परामर्श छ- पत्रकारले यसतिर आफूलाई निरन्तर सचेत राख्दै सत्यताप्रतिको प्रतिबद्धता कायम राख्दा राम्रो, स्पिडको मोहमा त्यसलाई किनारामा राख्न मिल्दैन। सनसनीपूर्ण हेडलाइनको सोख, सोसल मिडियाको दौडको संवेदनशीलता बुझ्नु राम्रो हो तर त्यसमा प्रतिस्पर्धा खोज्नु राम्रो होइन, मध्यनजर त विश्वसनीयता र सर्वसाधारणको आस्थामा राख्न जरुरी छ। मौलिक खोजका सामग्री, भरपर्दो शोध, गहन सन्दर्भ पारदर्शी नैतिक अडान, एआई प्रयोग तर निर्भर होइन, सिर्जनात्मकता बचाइराख्नेतिर ध्यान दिँदा राम्रो। जिम्मेवारी लिन प्रतिबद्ध रहने र संस्थागत क्षमताको प्रयोगमा ध्यान दिँदा राम्रो मानिन्छ। शक्तिमा रहेका संसाधन परिचालनमा हात भएकाहरूलाई जिम्मेवार बनाउने आँट पनि पत्रकारमा रहनुपर्छ नै।

उपर्युक्त क्रममा सञ्चार संस्थाको भूमिकालाई कसरी व्याख्या गर्ने ? केही विज्ञहरूको विचारमा यस दिशामा स्मार्ट आन्तरिक व्यवस्थापन र सञ्चार, निरन्तर संस्थागत विकास, पत्रकारिता र अन्य जनस्रोतको क्षमता वृद्धि, प्रयोगकर्तालाई विश्वासमा लिने विषय बढी सान्दर्भिक हुन्छन्। सञ्चारगृहलाई एकढिक्का भएर एउटै लक्ष्यतिर उन्मुख पार्नेमा प्रतिबद्धता, प्रणाली विकास गर्दा सहज हुन्छ। संकटलाई बेहोर्ने क्षमतामा जोड दिनु उचित छ र गुणस्तरीय सामग्री उत्पादनमा गम्भीर बन्ने, सस्तो लोकप्रियतातिर नजाने, संस्थागत सहयोग, सहकार्य, सेवा भाव प्रवर्द्धन गर्नेतिर विशेष योजना नै हुनुपर्छ। आयका विषयमा नवीन सोच, नयाँ प्रविधि, एआईको सुरक्षित प्रयोग पनि प्राथमिकतामा पार्न आवश्यक छ।

**सरकारबाट के अपेक्षा**

नयाँ युगमा पत्रकारितालाई जोगाइराख्ने काममा सरकारको सहजीकरण, सहयोग र सद्भावना अपेक्षित रहन्छ। पत्रकारिताले नागरिकलाई सचेत पार्न सुसूचित राख्न र सहभागिताका लागि तयार गर्न योगदान दिई सार्वजनिक चासो र हितका विषयमा आवाज उठाउने हुनाले त्यसको प्रत्यक्ष महत्त्व अन्यका अतिरिक्त सरकारलाई पनि हुन्छ। यसैले पत्रकारितालाई सघाउन सरकार उदार रहन आवश्यक छ, उपयुक्त कानुनी आधार तयार गर्न अनिवार्य आर्थिक संसाधन र प्रविधि जुटाइदिन प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्दा समाज लाभान्वित हुने स्पष्ट छ। प्रयोगकर्ताले पत्रकारितालाई सघाउने अनेक प्रत्यक्ष-अप्रत्यक्ष आधार छन्। सामग्री प्रयोगदेखि त्यसमाथिको आलोचना टिप्पणी, उत्पादनमा सुझाव, गल्ती औंल्याउने, होसियार गराउने, सञ्चार साक्षरता वा माध्यम ज्ञान फिजाउने दिशामा योगदान पुऱ्याउने कुरामा ध्यान दिँदा राम्रो हुन्छ।

# हामीभित्रका अदृश्य छिद्रहरू

सधैं बाहिरी संसार मात्र नहेरौं। आफ्नै किल्लाको भित्ता पनि जाँचौं। कतै सानो चिरा वा चुहावट देखिए समयमै टालौं किनकि जीवनलाई ढाल्ने आँधी सधैं बाहिरबाट मात्र आउँदैन। कहिलेकाहीं विनाशको सुरुवात हामी आफैंभित्रबाट पनि भइरहेको हुन्छ।

चिन्तन




फादर डा. अगस्टिन थोमस एसजे

देवेन्द्र पौडेल

जीवन एउटा किल्लाजस्तै हो। यसले हामीलाई जीवनका आँधीहुरी, असफलता, आलोचना र सङ्कटबाट जोगाउनुपर्छ। यस्तो किल्ला केवल अग्ला पर्खालले मात्र बलियो हुँदैन। त्यसका लागि मजबुत जग, गुणस्तरीय सामग्री र नियमित हेरचाह आवश्यक पर्छ। कहिलेकाहीं बाहिरबाट विशाल, सुन्दर र अभेद्य देखिने किल्ला पनि भित्तामा परेको सानो चिरा समयमै टालिएन भने कमजोर हुँदै जान्छ, अनि त्यही चिराबाट पानी पसिरहे एक दिन सिंगो पर्खाल नै गल्र्यामगुर्लुम खसेर ठुलो दुर्घटना हुन सक्छ।

मानिसको व्यक्तित्व पनि त्यस्तै किल्ला हो। हाम्रो बानी, मूल्य, सम्बन्ध, निर्णय र दैनिक व्यवहारका इँटा जोडेर यो किल्ला वर्षौंदेखि निर्माण भइरहेको हुन्छ। धेरै मानिस असफल हुनुको कारण उनीहरूमा क्षमता वा अवसरको कमी मात्र होइन, हामीले नदेखेका यस्तै छिद्रबाट आत्मविश्वास, ऊर्जा र नैतिक बल निरन्तर चुहिरहेको हुन्छ। हाम्रा आनीबानी, सोच, व्यवहार र निर्णयमा सानो विचलनका रूपमा सुरु यी छिद्र लामो समय बेवास्ता गर्दै गएमा यिनले हाम्रो आत्मविश्वास, सम्बन्ध, चरित्र अनि भविष्यलाई खियाउँदै लैजान्छन् र जीवनलाई नै कमजोर तथा असफल बनाउँछन्। त्यसैले किल्लाजस्तै बलियो जीवन निर्माण गर्नु भनेको कमजोरी लुकाउनु होइन, आफ्ना कमजोरीहरू चिन्नु, तिनलाई स्वीकार गर्नु र ठुलो चिरा बन्नुअघि नै टाल्नु हो।

भावना, बुद्धि, समय, सम्बन्ध, आर्थिक व्यवहार र नैतिकता जस्ता ६ ओटा कुरामा अन्तर्निहित कमजोर व्यवस्थापनले मन्द विषका रूपमा जीवनको अर्थ र मूल्यलाई क्षति पुऱ्याएका हुन्छन्।

**भावनात्मक वा संवेगात्मक छिद्रहरू**

मानिसले संसारलाई केवल आँखाले मात्र देख्दैन, आफ्ना भावनाले पनि देखेको हुन्छ। एउटै घटना कसैका लागि सामान्य हुन सक्छ, तर अर्काका लागि भने त्यसैले गहिरो चोट पनि पुऱ्याउन सक्छ।

अरूको प्रतिक्रियाबाट आफ्नो मूल्य मापन गर्न थालेपछि भावनात्मक कमजोरी बढ्छ। कसैले प्रशंसा गऱ्यो भने आफू सफल लाग्छ, आलोचना गऱ्यो भने सबै प्रयास व्यर्थजस्तो लाग्न सक्छ। सामाजिक सञ्जालमा धेरै 'लाइक' आए मात्र खुसी हुने वा हाकिमले खुलेर तारिफ नगरे आफ्नो काम बेकार ठान्ने बानीले भावनात्मक शक्ति बिस्तारै चुहाउँछ।

हाम्रो समाजमा अरू मानिसले के भन्लान् भन्ने डरले धेरै निर्णय चलेका हुन्छन्। आफ्नो मूल्य आफैंभित्र नभई अरूको प्रतिक्रिया र अनुमोदनमा अडिएको हुन्छ। त्यस्तै कसैले वर्षौंअघि बोलेको कठोर वाक्य, अपमान, विश्वासघात, असफल प्रेम, कसैले गरेको अन्याय वा पारिवारिक विवाद मनमा थुप्रिएर बसेका हुन्छन्। यस्ता कुरा वर्षौंसम्म बोकेर हिँड्दा त्यो घटना बितिसके पनि त्यसको विष मनमा बाँकी रहन्छ। यस्ता पीडाले वर्तमानको ऊर्जा चुसिरहेको हुन्छ। यस्तो बेला हामी बाहिर सामान्य देखिन्छौं, तर मनले पुरानो हिसाब बोकेर हिँडिरहेको हुन्छ। यस्ता चिराहरू टाल्न आफ्नै मनतिर फर्कनुपर्छ।

यसका लागि आत्मचेतना एउटा सुरक्षा कवच हो। आफूभित्र के भइरहेको छ भन्ने थाहा पाएपछि बाहिरी घटनाले हामीलाई सजिलै नियन्त्रण गर्न सक्दैन। यसो भएमा आलोचना सुन्न सकिन्छ, अस्वीकार सहन सकिन्छ तर त्यसकै आधारमा आफूलाई अयोग्य ठहर गर्नुपर्दैन।

**बुद्धिमा देखिने छिद्रहरू**

मानिसको स्वभाव जन्मजातै जिज्ञासु हुन्छ। बालबालिकाले हरेक कुरा छुन खोज्छन्, बुझ्न खोज्छन्। यही जिज्ञासा ज्ञानको पहिलो ढोका हो। जिज्ञासाले नै हामीलाई बोल्न, हिँड्न, पढ्न र संसार बुझ्न सिकाउँछ तर पछि उमेर बढ्दै जाँदा हाम्रो दिमाग ज्ञानले होइन, सूचनाको भिडले भरिन थाल्छ।

बुद्धिले खोजअनुसन्धानभन्दा सुनेको कुरामा भर पर्न थालेपछि मानिसभित्रको जिज्ञासु बालकको स्वभाव र आलोचनात्मक सोच हराउन थाल्छ। केही सेकेन्डका भिडियोबाट समाज, राजनीति, विज्ञान वा सम्बन्धको निष्कर्ष निकाल्न थालियो भने संसारलाई बुझ्ने हाम्रो दृष्टि साँघुरिँदै जान्छ। यस्तो अवस्थामा योजनाबद्ध रूपमा बुद्धिमा हुने चुहावट रोक्न सिक्नुपर्छ। फरक विचार भएका पुस्तक पढ्नुपर्छ। सुनेका कुरामाथि प्रश्न गर्नुपर्छ। कुनै सूचना पत्याउनुअघि स्रोत खोज्नुपर्छ। आफूले पहिलेदेखि विश्वास गरेको धारणासमेत गलत हुन सक्छ भन्ने बुझ्नुपर्छ।

त्यसैले जिज्ञासा सही दिशामा रह्यो भने हाम्रो दिमाग केवल सूचना राख्ने भाँडो हुँदैन, सत्य छुट्याउने साधन बन्छ। यसले नै भ्रम, प्रचार र मानसिक नियन्त्रणविरुद्ध सुरक्षा दिन सक्छ।

**समय व्यवस्थापनमा देखिने छिद्रहरू**

समय नै संसारमा सबैलाई सबैभन्दा समान रूपमा बाँडिएको सम्पत्ति हो। धनी होस् वा गरिब, विद्यार्थी होस् वा व्यापारी, सबैले दिनमा चौबिस घण्टा नै पाउँछन्। त्यसैले समयको व्यवस्थापन परिमाणमा होइन, त्यसको प्रयोगमा हुन्छ।

समयको नोक्सानी प्रायः ठुलो निर्णयबाट हुँदैन। पाँच मिनेट मात्रै भनेर फोन खोलिन्छ, आधा घण्टा बित्छ। एउटा भिडियोपछि अर्को आउँछ। एउटा धारावाहिक शृङ्खला तीनचार भागसम्म पुग्छ। पढाइ, व्यायाम, बचत योजना वा परिवारसँग समय बिताउने कामभन्दा तत्काल रमाइलो दिने गतिविधि हामीलाई आकर्षक लाग्छ। यसरी हामी कहिलेकाहीं आफ्ना प्रियजनलाई सधैं उपलब्ध रहने मान्छे ठान्छौं र उनीहरूका लागि छुट्याउनुपर्ने समय क्षणिक रमाइलोमा खर्च गर्छौं। कहिलेकाहीं हामी टाढाका मानिसलाई प्रभावित गर्न समय खर्च गर्छौं, तर घरका वृद्ध आमाबुवासँग केहीबेर बस्न भ्याउँदैनौं। बच्चालाई खानेकुरा वा खेल्ने सामान दिन्छौं तर उसको कुरा सुन्न समय दिँदैनौं।

हामीले आफ्नो एक दिनलाई एउटा खाली भाँडो मानौं। त्यसमा सबैभन्दा पहिले परिवार, स्वास्थ्य, शिक्षा, अर्थपूर्ण काम र दीर्घकालीन लक्ष्यका ठुला ढुंगा राख्नुपर्छ। सुरुमा ससाना व्यस्तता, मोबाइल, निरर्थक गफ र क्षणिक मनोरञ्जनले भाँडो भरियो भने महत्त्वपूर्ण कुराका लागि ठाउँ बाँकी रहँदैन। त्यसैले बिहान उठेदेखि मोबाइल, अनियोजित भेटघाट, निरर्थक गफ र अनन्त मनोरञ्जनमा समय खर्च भयो भने जीवनका महत्त्वपूर्ण कामका लागि समय बच्दैन। यसरी कामलाई पर सार्नु पनि समयको चुहावट हो।

त्यसकारण समयको प्वाल टाल्न स्पष्ट योजना हुनुपर्छ। यसका लागि कडा अनुशासन चाहिन्छ। त्यसर्थ समय जोगाउनु मात्र पर्याप्त छैन, त्यसलाई सही ठाउँमा लगाउनु आवश्यक छ।

जीवन एकै दिनमा बन्दैन। एउटा-एउटा इँटा थपिँदै बनेको हुन्छ। व्यक्तित्व पनि घण्टा-घण्टाको सही प्रयोगबाट निर्माण हुन्छ। त्यसर्थ आफ्नो समय जोगाउनु भनेको आफ्नो जीवनको जग जोगाउनु हो।

**सम्बन्धमा देखिने छिद्रहरू**

मानिस सामाजिक प्राणी हो। हाम्रा सम्बन्धले हाम्रो पहिचान, आत्मविश्वास र मानसिक स्वास्थ्यलाई गहिरो रूपमा प्रभाव पारेका हुन्छन्। तर आधुनिक जीवनले सम्बन्धको गुणस्तरभन्दा सङ्ख्यालाई ठुलो देखाउने वातावरण बनाएको छ। यसो हेर्दा हाम्रा सामाजिक सञ्जालमा सयौं साथी हुन सक्छन्। विवाह, भोज, पार्टी वा घुमघाममा साथ दिने मानिसको कमी नहुन सक्छ तर रमाइलोको भिड हुनु र जीवनमा भरोसा गर्न सकिने सम्बन्ध हुनु एउटै कुरा होइन।

परिवारका सदस्य, नजिकका मित्र, विश्वासिला गुरु र भरपर्दा सहकर्मीले हाम्रा सम्बन्धलाई बलियो र रमाइलो बनाएका हुन्छन्। यसरी सत्य बोल्ने साहस दिने, गल्ती देखाइदिने र कठिन समयमा चुपचाप साथ दिने धैर्य राख्न सक्ने सम्बन्धहरू हामीले जानेर पनि गुमाउँदै गइरहेका छौं।

सम्बन्धको चुहावट तब सुरु हुन्छ, जब हामी गहिरा सम्बन्धलाई सामान्य ठान्छौं र सतही चिनजानमा बढी ऊर्जा खर्च गर्छौं। बाहिरका मानिससँग विनम्र हुने तर घरमा रुखो बोल्ने, साथीको पोस्टमा शुभकामना लेख्ने तर आफ्नै दाजुभाइसँग वर्षौं संवाद नगर्ने पक्कै राम्रो होइन।

हाम्रो परिवारमा प्रेम धेरै भए पनि त्यसको अभिव्यक्ति कम हुने गर्छ। साँचो सम्बन्ध केवल रमाइलोमा सँगै हुनु होइन। गल्तीमा सचेत गराउने, सङ्कटमा साथ दिने र सफलतामा ईर्ष्याबिना खुसी हुन सक्ने सम्बन्ध नै जीवनका वास्तविक आधार हुन्।

**आर्थिक छिद्रहरू**

पैसा नै सफलताको अन्तिम मापदण्ड होइन तर आर्थिक अनुशासनले जीवनको स्थिरता, स्वतन्त्रता र आत्मविश्वासमा ठुलो भूमिका खेलेको हुन्छ। मानिसहरू धनी हुन धेरै कमाउनुपर्छ भन्ने ठान्छन्, यो पनि सत्य होइन। वास्तवमा आर्थिक मजबुती आफूसँग भएको रकम सही रूपमा व्यवस्थापन गर्न सिकेपछि सुरु हुन्छ। स्वास्थ्य, शिक्षा, सम्बन्ध र मानसिक शान्तिसम्मका कुराहरू पैसाको अनुशासनसँग जोडिएका हुन्छन्।

कहिलेकाहीं हामी दुःख, तनाव वा निराशा कम गर्न किनमेल गर्छौं। नयाँ लुगा वा सामानले केही समय खुसी दिन्छ तर त्यो खुसी छोटो हुन्छ, खर्चको भार लामो रहन्छ। दराज कपडा, जुत्ता र झोलाले भरिँदै जान्छ, तर बचत खाता खाली रहन्छ। बचतले पैसा मात्र जम्मा गर्दैन, आत्मसंयम, दूरदृष्टि र आत्मविश्वास पनि निर्माण गर्ने भएकाले आर्थिक चुहावटमा ध्यान दिनु पनि उत्तिकै आवश्यक छ।

**नैतिकतामा देखिने छिद्रहरू**

नैतिकता मानिसको चरित्र अडिने जग हो। कसैले नदेखेको बेला पनि हामीले गर्ने निर्णयलाई हाम्रा मूल्य र मान्यताले नै दिशा दिन्छन्। नैतिकताको चुहावट प्रायः ठुला अपराधबाट होइन, साना-साना सम्झौताबाट सुरु हुन्छ। छलकपट बानीको रूपमा बन्दै जाँदा र झुटलाई परिस्थितिको बहाना दिएर सही ठहऱ्याउन थाल्दा चरित्रको जग चर्किन थाल्छ। त्यसपछि अरूले हामीमाथि गर्ने विश्वास मात्र होइन, आफ्नै नजरमा रहेको आत्मसम्मानसमेत खस्किँदै जान्छ।

नैतिकताको प्वाल टाल्न आफ्ना सिद्धान्तप्रति सचेत र दृढ प्रतिबद्धता चाहिन्छ। परिस्थिति जति अप्ठ्यारो भए पनि आफ्ना कामलाई आफ्ना मूल्य र मान्यतासँग मिलाएर अघि बढ्नुपर्छ। इमानदार हुँदा घाटा बेहोर्नुपर्ने वा अप्रिय परिणाम सामना गर्नुपर्ने अवस्था आउन सक्छ। नैतिकता उच्च राख्ने हो भने यसका लागि पनि हामी तयार रहन सक्नु पर्छ। यस्तो बेला सत्यको पक्षमा उभिन सक्नु नै नैतिकताको अग्निपरीक्षा हो।

सबैले आफैंभित्र रहेका छिद्रहरू जाँचौं

व्यक्तित्वलाई कमजोर र असफल पार्ने चुहावटहरूमध्ये प्रत्येकलाई अलग-अलग हेर्दा सानो र सामान्य लाग्न सक्छन् तर सबै चुहावट वा प्वाल एकसाथ खुला रहे भने तिनैले मानिसको व्यक्तित्व कति कमजोर बनाउँछन् भन्ने कुरा अनुमान समेत गर्न सकिँदैन।

सबै छिद्र एकै दिनमा टाल्न सकिँदैन। सबैभन्दा पहिले आफ्ना कमजोरीप्रति सचेत हुन आवश्यक छ। सचेतताले सुधारको बाटो देखाउँछ र सुधारले विकासतर्फ डोऱ्याउँछ। हाम्रो उद्देश्य कहिल्यै गल्ती नगर्ने मानिस बन्नु होइन, बरु आफ्ना सोच, व्यवहार र निर्णयप्रति अझ जिम्मेवार र सजग बन्नु हो।

जीवनमा आँधी नआउने कुरा सुनिश्चित गर्न सकिँदैन। असफलता, आलोचना, आर्थिक संकट, सम्बन्धको बिछोड र अनिश्चितता जीवनका स्वाभाविक कुरा हुन्। मूल प्रश्न आँधी आउँछ कि आउँदैन भन्ने होइन, हाम्रो किल्लालाई सहन सक्ने गरी बनाएका छौं कि छैनौं भन्ने हो।

हरेक अनुशासित निर्णयले जगमा एउटा ढुंगा थप्छ। हरेक इमानदार व्यवहारले भित्तालाई मजबुत बनाउँछ। हरेक अर्थपूर्ण संवादले भित्री खम्बा बलियो पार्छ। बुद्धिमानीपूर्वक प्रयोग गरिएको हरेक घण्टा, सोचेर गरिएको हरेक खर्च र सिक्न गरिएको हरेक प्रयासले जीवनको किल्लालाई सुरक्षित बनाउँछ।

यसरी बनेको किल्लाले आँधीबाट आफूलाई मात्र जोगाउँदैन। त्यो अरूका लागि पनि आश्रय बन्छ। दिशाहीनलाई मार्गदर्शन दिन्छ, थाकेकालाई भरोसा दिन्छ र निराश भएकालाई फेरि उठ्न प्रेरणा दिन्छ।

त्यसैले सधैं बाहिरी संसार मात्र नहेरौं। आफ्नै किल्लाको भित्ता पनि जाँचौं। कतै सानो चिरा वा चुहावट देखिए समयमै टालौं किनकि जीवनलाई ढाल्ने आँधी सधैं बाहिरबाट मात्र आउँदैन। कहिलेकाहीं विनाशको सुरुवात हामी आफैं भित्रबाट पनि भइरहेको हुन्छ।



सबै छिद्र एकै दिनमा टाल्न सकिँदैन। सबैभन्दा पहिले आफ्ना कमजोरीप्रति सचेत हुन आवश्यक छ। सचेतताले सुधारको बाटो देखाउँछ र सुधारले विकासतर्फ डोऱ्याउँछ। हाम्रो उद्देश्य कहिल्यै गल्ती नगर्ने मानिस बन्नु होइन, बरु आफ्नो सोच, व्यवहार र निर्णयप्रति अझ जिम्मेवार र सजग बन्नु हो।

# आत्मक्रान्तिबाट चेतनाको विस्तारतर्फ

आधुनिकता आवश्यक छ, आध्यात्मिकता पनि त्यत्तिकै आवश्यक छ। प्रविधिले सुविधा दिन्छ, दिशा दिँदैन। कृत्रिम बुद्धिमत्ताले सूचना दिन्छ, विवेक दिँदैन। आर्थिक विकासले सम्पन्नता दिन सक्छ, शान्ति दिँदैन। त्यसैले आधुनिक विज्ञानसँगै ध्यान, योग, नैतिक शिक्षा, करुणा र आत्मबोधको अभ्यासलाई पनि समान महत्त्व दिनुपर्छ।

अध्यात्म



डा. नम्रता पाण्डे

आजको विश्व परिवर्तनको खोजीमा छ। समाज परिवर्तनका लागि विभिन्न आन्दोलन, विद्रोह, क्रान्ति र राजनीतिक अभियानहरू सञ्चालन भइरहेका छन्। युवाहरू परिवर्तनका संवाहक मानिन्छन्। उनीहरूमा ऊर्जा, जोस, साहस र नयाँ सोच हुन्छ। तर विडम्बना, यही ऊर्जा कहिलेकाहीं आवेग, हिंसा, घृणा र अराजकतामा परिणत भइरहेको देखिन्छ। क्रान्तिको नाममा समाज विभाजित भइरहेको छ, राष्ट्र कमजोर बन्दै गएको छ र मानवता नै संकटमा परेको छ। आजको अर्को चुनौती भनेको जेनजी पुस्ता हो। यो पुस्ता प्रविधिमा अत्यन्त सक्षम छ, सूचना र ज्ञानको पहुँचमा छ, तर यही पुस्ताको ठुलो हिस्सा क्षणिक मनोरञ्जन, आक्रोश, सामाजिक सञ्जालको लत र उद्देश्यहीन प्रतिस्पर्धामा अल्झिएको पनि देखिन्छ, कहिले धार्मिक र साम्प्रदायिकताको नाममा त कहिले राजनीति र समाज रूपान्तरणको रूपमा। यही परिवर्तनका लागि पनि जीवनको गहिरो अर्थभन्दा बाहिरी प्रदर्शनमा बढी ध्यान केन्द्रित भएको अवस्था छ। यही सन्दर्भमा सन्तहरू, ऋषिहरू र आध्यात्मिक चिन्तकहरूले एउटा गहिरो सन्देश दिन्छन्- क्रान्तिभन्दा माथि उत्क्रान्ति आवश्यक छ। बाहिरी व्यवस्थालाई परिवर्तन गर्नुभन्दा पहिले आफ्नै चेतना, विचार, चरित्र र जीवनदृष्टिको रूपान्तरण आवश्यक छ। वास्तविक परिवर्तन आत्मक्रान्तिबाट सुरु हुन्छ।

**क्रान्ति र उत्क्रान्तिको अन्तर**

क्रान्ति सामान्यतया बाहिरी संरचना परिवर्तन गर्ने प्रक्रिया हो। यसले शासन व्यवस्था, सामाजिक संरचना वा आर्थिक प्रणाली परिवर्तन गर्न सक्छ। इतिहासमा धेरै क्रान्तिहरू भएका छन्, जसले केही सकारात्मक उपलब्धि पनि दिएका छन्। तर धेरै क्रान्तिहरू हिंसा, प्रतिशोध र द्वन्द्वका कारण नयाँ समस्याको कारण पनि बनेका छन्। उत्क्रान्ति भने चेतनाको विकास हो। यो मानिसको सोच, संस्कार, नैतिकता र आत्मबोधको विस्तार हो। उत्क्रान्तिमा घृणाको स्थान प्रेमले लिन्छ, हिंसाको स्थान करुणाले लिन्छ र विभाजनको स्थान एकताले लिन्छ। क्रान्तिले शासन बदल्न सक्छ तर उत्क्रान्तिले मानव बदल्छ। जब मानव बदलिन्छ, समाज र राष्ट्र स्वतः बदलिन थाल्छ।

**चेतनाको विस्तार किन आवश्यक छ ?**

समाजमा देखिने अधिकांश समस्या बाहिरी होइनन्, भित्री हुन्। भ्रष्टाचार, हिंसा, लोभ, स्वार्थ, असहिष्णुता र विभाजनको मूल कारण चेतनाको कमी हो। मानिसले आफूलाई मात्र केन्द्रमा राख्दा समाज विखण्डित हुन्छ। चेतनाको विस्तार भनेको आफूलाई मात्र होइन, परिवार, समाज, राष्ट्र र सम्पूर्ण मानवताको हितलाई पनि आफ्नै हितको रूपमा अनुभूति गर्नु हो। चेतनशील व्यक्ति प्रतिक्रियाभन्दा जिम्मेवारी रोज्छ। ऊ प्रतिशोध होइन समाधान खोज्छ। ऊ युद्ध होइन संवादमा विश्वास गर्छ। वास्तविक शिक्षा पनि यही हो- मानिसलाई केवल दक्ष होइन, दीक्षित, सचेत र संवेदनशील बनाउनु।

**आजको जेनजी पुस्ताको चुनौती**

जेनजी सबैभन्दा सूचनासम्पन्न पुस्ता हो। उनीहरू डिजिटल प्रविधिमा दक्ष छन्। संसारको कुनै पनि जानकारी केही सेकेन्डमै प्राप्त गर्न सक्छन् तर सूचना र ज्ञान एउटै कुरा होइन। सामाजिक सञ्जालले तुलना, देखावटी जीवन, तात्कालिक लोकप्रियता र क्षणिक प्रसिद्धिलाई प्राथमिकता दिएको छ। परिणामस्वरूप धेरै युवाहरू आफ्नो वास्तविक क्षमता पहिचान गर्न नसकी बाहिरी मान्यताको पछि दौडिरहेका छन्। युवाहरूमा रहेको ऊर्जा सही दिशामा प्रयोग भएन भने त्यो ऊर्जा विनाशकारी बन्न सक्छ। तर यही ऊर्जा अनुसन्धान, नवप्रवर्तन, सेवा, नेतृत्व र आध्यात्मिक विकासतर्फ उन्मुख भयो भने समाज परिवर्तनको महान् शक्ति बन्न सक्छ। त्यसैले जेनजीको पहिचान केवल आधुनिक प्रविधि होइन, झेनजस्तो सजगता, मौनता, आत्मअनुशासन र चेतनाको गहिराइ पनि हुनुपर्छ।

**झेन–परम्पराको मर्म : वर्तमानमा जागृत जीवन**

जेनजी पुस्ता विद्रोही, क्रान्तिकारी मात्र होइनन्, बरू झेन-परम्पराको सजगता, मौनता, आत्मअनुशासन र जागृत चेतनाका संवाहक बन्न आवश्यक छ। झेनले सिकाउँछ- प्रतिक्रियाभन्दा सजगता, आवेगभन्दा विवेक, प्रतिस्पर्धाभन्दा आत्मबोध र बाहिरी कोलाहलभन्दा भित्री शान्ति महत्त्वपूर्ण हुन्छ। जेनजीले प्रविधिको शक्तिलाई झेनको चेतनासँग जोड्न सके भने उनीहरू केवल आधुनिक पुस्ता मात्र होइन, मानवताको नयाँ युगका मार्गदर्शक बन्न सक्छन् किनभने झेन कुनै धर्मको सीमित अभ्यास मात्र होइन, जीवन जिउने कला हो। झेनले वर्तमान क्षणमा पूर्ण रूपमा जागृत भएर बाँच्न सिकाउँछ। मनलाई अनावश्यक तनाव, चिन्ता, क्रोध र अहंकारबाट मुक्त गर्दै आत्मबोधतर्फ लैजान्छ। आजको युवा पुस्तालाई बाहिरी सूचनाभन्दा बढी भित्री मौनताको आवश्यकता छ। ध्यान, आत्मचिन्तन, स्वअनुशासन र विवेकले मात्र मानिसलाई स्थायी रूपमा सफल बनाउँछ। झेनको सन्देश स्पष्ट छ- पहिले आफूलाई जित, त्यसपछि संसारलाई परिवर्तन गर्ने कुरा गर।

**आत्मक्रान्ति : सबै परिवर्तनको आधार**

आत्मक्रान्ति भनेको आफ्ना कमजोरीसँग इमानदारीपूर्वक सामना गर्नु हो। अरूलाई दोष दिनुभन्दा पहिले आफूभित्रको क्रोध, लोभ, ईर्ष्या, घमण्ड र हिंसात्मक प्रवृत्तिलाई परिवर्तन गर्नु नै आत्मक्रान्ति हो। भगवान् बुद्धले पनि बाहिरी विजयभन्दा आत्मविजयलाई महान् मानेका छन्। श्रीकृष्णले भगवद्गीतामा आत्मसंयमलाई योगको आधार बताएका छन्। स्वामी विवेकानन्दले भनेका छन्-'आफ्नो भित्री शक्ति जगाऊ, संसार आफैं बदलिन्छ।' आत्मक्रान्ति भएको व्यक्तिले समाजमा विभाजन होइन, समन्वय ल्याउँछ। उसले अधिकारसँगै कर्तव्य पनि सम्झन्छ। आत्मक्रान्तिले मानिसलाई प्रतिक्रियात्मक होइन, उत्तरदायी बनाउँछ। यस्तो व्यक्ति परिस्थितिको दास होइन, आफ्नो विवेकको स्वामी हुन्छ। उसले आवेगलाई धैर्यमा, घृणालाई करुणामा र स्वार्थलाई सेवाभावमा रूपान्तरण गर्न सिक्छ। यही रूपान्तरणबाट व्यक्तित्व परिष्कृत हुन्छ र समाजमा सकारात्मक ऊर्जा प्रवाहित हुन्छ। साँचो क्रान्ति सडकमा नारा घन्काएर मात्र हुँदैन, त्यो त मन, मस्तिष्क र हृदयमा चेतनाको दीप प्रज्वलित भएपछि सुरु हुन्छ। जब प्रत्येक व्यक्तिले आफ्नो जीवनमा सत्य, प्रेम, अनुशासन र आत्मजागरणलाई स्थान दिन्छ, तब परिवारमा सद्भाव, समाजमा विश्वास र राष्ट्रमा सुशासनको आधार निर्माण हुन्छ। त्यसैले आत्मक्रान्ति कुनै व्यक्तिगत साधना मात्र होइन, समुन्नत समाज र सभ्य राष्ट्र निर्माणको पहिलो सर्त हो।

**युवा जोस : आन्दोलन होइन, रूपान्तरणको शक्ति**

युवाको जोस राष्ट्रको सम्पत्ति हो तर यो जोस केवल नाराबाजी, तोडफोड, घृणा र हिंसामा सीमित हुनुहुँदैन। परिवर्तनको नाममा समाजलाई जलाउने होइन, उज्यालो बनाउने नेतृत्व आवश्यक छ। युवाहरूले विज्ञान, अनुसन्धान, उद्यमशीलता, कृषि, वातावरण संरक्षण, सामाजिक सेवा, शिक्षा र नैतिक नेतृत्वमा आफ्नो ऊर्जा लगाउन सके राष्ट्र समृद्ध बन्छ। साँचो नेतृत्व अरूलाई हराउनु होइन, सबैलाई साथ लिएर अघि बढ्नु हो।

**समाज र राष्ट्र निर्माणमा चेतनशील नागरिकको भूमिका**

कुनै पनि राष्ट्र केवल संविधान वा सरकारबाट महान् बन्दैन। राष्ट्र महान् बन्नका लागि महान् नागरिक आवश्यक हुन्छन्। चेतनशील नागरिकले नियम पालन गर्छ, सत्य बोल्छ, भ्रष्टाचार अस्वीकार गर्छ, विविधतालाई सम्मान गर्छ र आफ्नो कर्तव्य पूरा गर्छ। उसले सामाजिक सद्भावलाई प्राथमिकता दिन्छ। प्रत्येक नागरिकले आत्मक्रान्तिको यात्रा सुरु गऱ्यो भने सामाजिक क्रान्तिको आवश्यकता नै धेरै कम हुन्छ। परिवर्तन स्वतः घरदेखि समाज र राष्ट्रसम्म फैलिन्छ।

**आध्यात्मिकता र आधुनिकताको समन्वय**

आधुनिकता आवश्यक छ, साथै आध्यात्मिकता पनि त्यत्तिकै आवश्यक छ। प्रविधिले सुविधा दिन्छ, दिशा दिँदैन। कृत्रिम बुद्धिमत्ताले सूचना दिन्छ, विवेक दिन सक्दैन। आर्थिक विकासले सम्पन्नता दिन सक्छ, शान्ति दिन सक्दैन। त्यसैले आधुनिक विज्ञानसँगै ध्यान, योग, नैतिक शिक्षा, करुणा र आत्मबोधको अभ्यासलाई पनि समान महत्त्व दिनुपर्छ। जब विज्ञान र अध्यात्म एकसाथ अघि बढ्छन्, तब समग्र विकास सम्भव हुन्छ।

**क्रान्ति होइन, चेतनाको उत्क्रान्ति आवश्यक**

आज मानव सभ्यता एउटा निर्णायक मोडमा उभिएको छ। बाहिरी उपलब्धिहरू अभूतपूर्व छन् तर भित्री शान्ति घट्दै गएको छ। त्यसैले आजको आवश्यकता केवल राजनीतिक, आर्थिक वा सामाजिक क्रान्ति होइन, चेतनाको उत्क्रान्ति हो। युवाले आफ्नो जोसलाई विनाश होइन, निर्माणमा लगाउनुपर्छ। जेनजीले क्षणिक प्रसिद्धिभन्दा स्थायी मूल्यलाई अपनाउनुपर्छ। झेन परम्पराको सजगता, आत्मानुशासन र मौन चेतनालाई जीवनमा उतार्नुपर्छ। प्रत्येक व्यक्तिले आत्मक्रान्तिको यात्रा सुरु गर्नुपर्छ। जब मानिस आफैं बदलिन्छ, परिवार बदलिन्छ। परिवार बदलिँदा समाज बदलिन्छ। समाज बदलिँदा राष्ट्र बदलिन्छ। राष्ट्र बदलिँदा विश्वमा शान्ति, सद्भाव र समृद्धिको नयाँ युग प्रारम्भ हुन्छ। त्यसैले यो समयको मूल मन्त्र बन्नुपर्छ- क्रान्तिभन्दा माथि उत्क्रान्ति, संघर्षभन्दा माथि चेतना र परिवर्तनभन्दा माथि आत्मरूपान्तरण। बाहिरी विजय अस्थायी हुन्छ, आत्मविजय शाश्वत हुन्छ। चेतनाको विस्तार नै मानवताको वास्तविक भविष्य हो।



# अनवरत आस्था

युवालाई आत्मविश्वास, महिलालाई समान अवसर, समाजलाई विश्वास र राष्ट्रलाई स्पष्ट दिशा दिन सकियो भने नेपाललाई समृद्ध बनाउन कुनै चमत्कार आवश्यक पर्दैन। यसका लागि आवश्यक छ- दृष्टि, इमानदारी, सहकार्य र निरन्तर कर्म। आजको संसारमा नेतृत्व केवल व्यवस्थापन गर्ने क्षमता होइन, परिवर्तनको कल्पना गर्ने र त्यसलाई व्यवहारमा उतार्ने साहस पनि हो।

कथा



शोभा ज्ञवाली

समय बित्दै गयो।
त्यो बिरुवा रुख बन्यो।
त्यसको छायामा अर्को
बिरुवा रोपियो, फेरि अर्को।
केही वर्षपछि त्यही उजाड
गाउँ बहारिलो बन्यो। गाउँ
परिवर्तित भएको थियो।
परिवर्तन रुखले होइन,
पहिलो कदम चाल्ने साहसले
गरेको थियो।

'नेतृत्व भनेको भिडलाई पछ्याउनु होइन, भिडले हिँड्ने नयाँ बाटो निर्माण गर्नु हो।'

हरेक युगले केही यस्ता व्यक्तित्व जन्माउँछ, जसले आफ्नो समयलाई मात्र होइन, भविष्यलाई पनि प्रभावित गर्छन्। उनीहरू पद, प्रतिष्ठा वा लोकप्रियताले महान् बन्दैनन्, आफ्नो दृष्टि, मूल्य र कर्मका कारण समाजमा परिवर्तनको सम्भावना जगाउँछन्। उनीहरूले प्रश्न मात्र उठाउँदैनन्, उत्तर खोज्ने साहस पनि दिन्छन्।

आस्था अधिकारी त्यस्तै नयाँ पुस्ताको नेतृत्वको प्रतिनिधि पात्रको नाम हो। आस्था अधिकारीका लागि नेतृत्व शक्ति प्रदर्शन गर्ने माध्यम होइन, शक्ति बाँड्ने संस्कार हो। उहाँको विश्वास छ- साँचो नेता त्यो होइन, जसले मानिसलाई आफ्नो पछाडि हिँडाउँछ; साँचो नेता त्यो हो, जसले मानिसलाई आफ्नै भविष्य निर्माण गर्ने आत्मविश्वास दिन्छ।

आज नेपालले आर्थिक, सामाजिक, नैतिक र मानसिक रूपान्तरणको आवश्यकता महसुस गरिरहेको छ। युवाको पलायन, अवसरको अभाव, बढ्दो निराशा, घट्दो सामाजिक विश्वास र कमजोर संस्थागत संस्कृतिले देशलाई गम्भीर प्रश्नहरूको सामना गराइरहेको छ। यस्तो समयमा आस्था अधिकारीको दृष्टि केवल आलोचनामा सीमित छैन, उहाँ समाधानको संस्कृति निर्माण गर्न चाहनुहुन्छ। उहाँ विकासलाई सडक, भवन र बजेटको सीमामा होइन, मानव क्षमता, शिक्षा, उद्यमशीलता, महिला नेतृत्व, नवप्रवर्तन र सामाजिक उत्तरदायित्वसँग जोडेर हेर्नुहुन्छ।

उहाँको सोचको केन्द्रमा एउटा गहिरो विश्वास छ- समाज तब मात्र बदलिन्छ, जब प्रत्येक नागरिक आफू परिवर्तनको हिस्सा बन्ने निर्णय गर्छ। त्यसैले उहाँका प्रत्येक पहलमा सहभागिता, सहकार्य, समावेशिता र उत्तरदायित्वको भावना देखिन्छ। उहाँ समस्या देख्नुहुन्छ तर समस्यामै रोकिनुहुन्न, समाधान खोज्ने मानिसलाई एकै ठाउँमा ल्याउने प्रयास गर्नुहुन्छ।

**सानो कथा, ठुलो सन्देश**

एउटा गाउँ वर्षौंदेखि सुक्खाग्रस्त थियो। पानी थिएन, हरियाली थिएन, आशा पनि थिएन। गाउँका मानिसहरू हरेक वर्ष सरकारलाई दोष दिन्थे, प्रकृतिलाई दोष दिन्थे, भाग्यलाई दोष दिन्थे। सबै परिवर्तन चाहन्थे तर परिवर्तनको पहिलो कदम चाल्न कसैसँग समय वा साहस थिएन।




एक दिन एउटी युवती गाउँ आइन्। उनले सभा गरिनन्, भाषण गरिनन्, आश्वासन पनि दिइनन्। गाउँको खाली जमिनमा एउटा सानो बिरुवा रोपिन् र त्यसलाई नियमित पानी हाल्न थालिन्। गाउँलेहरू हाँसे। उनीहरूले भने, 'एउटा बिरुवाले सिंगो गाउँ बदल्छ र?'

युवती मुस्कुराइन्। उनले उत्तर दिइन्, 'म सिंगो जंगल रोप्न आएकी होइन। म त पहिलो रुख रोप्ने साहस गर्न आएकी हुँ। जंगल त त्यसपछि धेरै हातले मिलेर बनाउने हो।'

समय बित्दै गयो। त्यो बिरुवा रुख बन्यो। त्यसको छायामा अर्को बिरुवा रोपियो, फेरि अर्को। केही वर्षपछि त्यही उजाड गाउँ बहारिलो बन्यो। गाउँ परिवर्तित भएको थियो। परिवर्तन रुखले होइन, पहिलो कदम चाल्ने साहसले गरेको थियो।

आस्था अधिकारीको नेतृत्वदर्शन पनि यही कथाजस्तै छ। उहाँ परिवर्तनको प्रतीक्षा गर्ने नेतृत्वमा होइन, परिवर्तनको सुरुवात गर्ने नेतृत्वमा विश्वास गर्नुहुन्छ। उहाँका लागि नेतृत्व भनेको आदेश दिने अधिकार होइन, प्रेरणा दिने क्षमता हो। एउटा विचार, एउटा उदाहरण र एउटा सही निर्णयले हजारौं मानिसको सोच बदल्न सक्छ भन्ने विश्वास उहाँमा छ। यही कारण उहाँको दृष्टि व्यक्तिगत उपलब्धिभन्दा माथि उठेर समाज निर्माण, अवसर सिर्जना र भावी पुस्तालाई सक्षम बनाउने अभियानमा केन्द्रित छ। इतिहास परिवर्तन गर्ने व्यक्तिहरूले सबै उत्तर लिएर यात्रा सुरु गरेका थिएनन्, उनीहरूले केवल पहिलो कदम चाल्ने साहस गरेका थिए।

आस्था अधिकारीको नेतृत्वको अर्को विशेषता भनेको दूरदर्शी सोच र मानवीय संवेदना हो। उहाँ भविष्यको कल्पना मात्र गर्नुहुन्न, त्यो भविष्य सम्भव बनाउने संस्था, नीति, संस्कार र नेतृत्व निर्माण गर्नुपर्छ भन्ने विश्वास राख्नुहुन्छ। उहाँका लागि लोकप्रिय निर्णयभन्दा सही निर्णय महत्त्वपूर्ण हुन्छ। क्षणिक प्रशंसाभन्दा दीर्घकालीन परिवर्तन मूल्यवान् हुन्छ। उहाँको विचारमा समाजमा धेरै मानिस अवसर खोजिरहेका हुन्छन् तर वास्तविक नेतृत्वले अवसर सिर्जना गर्छ।

युवालाई आत्मविश्वास, महिलालाई समान अवसर, समाजलाई विश्वास र राष्ट्रलाई स्पष्ट दिशा दिन सकियो भने नेपाललाई समृद्ध बनाउन कुनै चमत्कार आवश्यक पर्दैन। यसका लागि आवश्यक छ- दृष्टि, इमानदारी, सहकार्य र निरन्तर कर्म। आजको संसारमा नेतृत्व केवल व्यवस्थापन गर्ने क्षमता होइन, परिवर्तनको कल्पना गर्ने र त्यसलाई व्यवहारमा उतार्ने साहस पनि हो। यही कारण आस्था अधिकारीको सोचमा विकास आर्थिक वृद्धिसम्म सीमित छैन। उहाँ समावेशी समाज, सक्षम नागरिक, नवप्रवर्तनमा आधारित अर्थतन्त्र, नैतिक नेतृत्व र उत्तरदायी संस्थालाई समृद्ध नेपालको आधार मान्नुहुन्छ।

> संवेदनशीलता कमजोरी होइन, समाजलाई जोड्ने सबैभन्दा ठुलो शक्ति हो। करुणा र क्षमता सँगसँगै अघि बढ्दा मात्र दिगो परिवर्तन सम्भव हुन्छ। राष्ट्र निर्माण कुनै एक व्यक्तिको अभियान होइन। यो पुस्तौंसम्म चल्ने साझा यात्रा हो। त्यो यात्रामा दृष्टि, मूल्य, सत्यनिष्ठा र कर्मलाई सँगै लिएर अघि बढ्ने नेतृत्व नै इतिहासले सम्झन्छ।

उहाँको नेतृत्वले एउटा गहिरो सन्देश दिन्छ- संवेदनशीलता कमजोरी होइन, समाजलाई जोड्ने सबैभन्दा ठुलो शक्ति हो। करुणा र क्षमता सँगसँगै अघि बढ्दा मात्र दिगो परिवर्तन सम्भव हुन्छ। राष्ट्र निर्माण कुनै एक व्यक्तिको अभियान होइन। यो पुस्तौंसम्म चल्ने साझा यात्रा हो। त्यो यात्रामा दृष्टि, मूल्य, सत्यनिष्ठा र कर्मलाई सँगै लिएर अघि बढ्ने नेतृत्व नै इतिहासले सम्झन्छ। नयाँ नेपालको कथा केवल पूर्वाधारको कथा हुनेछैन, त्यो आत्मविश्वास, अवसर, नवप्रवर्तन र जिम्मेवार नेतृत्वको कथा हुनेछ।

आस्था अधिकारीको कथा केवल एउटा व्यक्तिको परिचय होइन। यो परिवर्तनलाई सम्भव ठान्ने सोचको कथा हो। यो साहस, संवेदना र दूरदर्शिताको कथा हो। यो यस्तो नेतृत्वको कथा हो, जसले व्यक्तिगत सफलतालाई समाजको समृद्धिसँग जोड्न खोज्छ। अन्ततः इतिहासले पदमा बसेका मानिसलाई मात्र सम्झँदैन, इतिहासले त्यस्तो नेतृत्व सम्झन्छ, जसले मानिसभित्र आशा जगायो, सम्भावना देखायो र भविष्यप्रति विश्वास निर्माण गऱ्यो।

# प्रेम–सागरमा सुवासचन्द्र

लडाइँ या प्रेम, त्यहाँ सब जायज हुन्छ। प्रेममा प्रेम पनि जायज छ, धोका पनि जायज छ। प्रेममा मुस्कान पनि जायज छ, आँसु पनि जायज। जायज हुन्छ त्यहाँ पीडा पनि, खुसी पनि। स्वीकारोक्ति पनि जायज छ, अपमान पनि जायज छ। प्रेममा माया मात्रै कहाँ, घृणा पनि जायज छ।

सङ्गीत



विमल भौकाजी



एक समय रेडियोका श्रोताका ओठमा एउटा गीत हरपल झुन्डिरहन्थ्यो। खास गरेर युवा वर्गमाझ त्यो गीत अत्यन्तै लोकप्रिय थियो, अझ अगाडि बढेर भन्ने हो भने प्रेममा धोका खाएका वा प्रेमबाट हार खाएर वियोग खेपिरहेका प्रेम-पराजित प्रेमीको मनको तस्बिर थियो त्यो गीत :

*'जति चोट दिन्छौ देऊ मायालु*
*मुटुभित्र साँचेर राख्नेछु*
*जति आँसु दिन्छौ देऊ मायालु*
*दुई आँखाबाट झार्नेछु'*

उतिबेलाका प्रसिद्ध गायक भक्तराज आचार्य आफैंले लय हालेर गाएको उक्त गीतको गायन-पक्ष यति प्रभावशाली थियो कि गीत सुन्दा स्वयं गायकले साँच्चै नै प्रेममा विश्वासघात बेहोरेका थिए कि भन्ने भान पर्छ। यो गीतका रचनाकार थिए- सुवासचन्द्र ढुंगेल। आज पनि सुवासचन्द्र स्वयंलाई साक्षी राखेर सोध्न सकिन्छ- 'के यो तपाईंकै जीवन-भोगाइ हो?'

सोच्नेले जे पनि सोच्न सक्छन् तर वास्तविकता र कल्पनशीलतामा आकाश-जमिनको अन्तर हुन्छ। सुवासचन्द्र एक स्रष्टा हुन्, सामान्य मान्छेको भन्दा त्यो स्रष्टा-मनमा केही अलग क्षमता पक्कै रहेको हुन्छ नै। सबैभन्दा ठुलो क्षमता भनेको कला हो, त्यो कलालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सक्नु उनको निजी सिप हो। यो भिन्नै कुरो हो, कलात्मक सिपमा केही आफ्नै अनुभूति होला, केही कल्पना होला।

प्रेममा वियोग भएको प्रेमीले आफ्नो प्रेमलाई बिर्सन सक्दैन भन्ने सशक्त उदाहरण हो यो गीत। गीतमा प्रेमको वियोगबाट सहन गर्न सक्ने ऊर्जा झन् धेरै प्राप्त गरेको अभिव्यक्ति दिएका छन् प्रेमीले। प्रेमिकाप्रति कुनै प्रतिशोध छैन, उल्टो समर्पण छ, प्रेमी 'त्यो प्रेम'प्रति अझ बढी आशक्त छ।

त्यसो त, २०३८ को मंसिरदेखि रेडियोबाट बज्न थालेको यो लोकप्रिय गीतभन्दा अगाडि असार महिनामै सुवासचन्द्रको अर्को गीत रेकर्ड भएर बज्न थालिसकेको थियो :

*'चिता बनाई जलाइनदेऊ*
*मुटुभरिका रहरहरू*
*घृणा गरेर लत्याइनदेऊ*
*मैले मागेका भिक्षाहरू'*

तारा थापाद्वारा गाइएको यो गीतमा प्रेमिकाको प्रेम-आवेग छ। स्वभावतः प्रेममा रहरहरू हुन्छन्, अनगिन्ती। कति भन्न सकिन्छ, कति भन्नै सकिन्न। भन्न नसकिएका रहरहरू छातीभित्रै उकुसमुकुस भएर रहिरहन्छन्। त्यसै पनि त, भन्ने नै गरिन्छ- प्रेमको कुनै भाषा हुँदैन, प्रेम मौन हुन्छ, त्यसको कुनै आवाज हुँदैन। प्रेममा भाव हुन्छ, भावना हुन्छ, अनुभूति हुन्छ। जब मान्छेभित्र प्रेम पलाउँछ तब त्यसको गतिलाई कसैले रोक्न सक्दैन, स्वयंमा चलायमान प्रेम क्रमशः हुर्कंदै जान्छ। यस्तो अवस्थामा प्रेम गर्ने मान्छेले प्रेम गरिएको मान्छेप्रति जे-जस्तो क्रियाकलाप गर्छ, ती सबै स्वीकार्य हुन्छन्। भनिन्छ, लडाइँ या प्रेम, त्यहाँ सब जायज हुन्छ। प्रेममा प्रेम पनि जायज छ, धोखा पनि जायज छ। प्रेममा मुस्कान पनि जायज छ, आँसु पनि जायज। जायज छ पीडा पनि, खुसी पनि। स्वीकारोक्ति पनि जायज छ, अपमान पनि जायज छ। प्रेममा माया मात्रै कहाँ, घृणा पनि जायज छ।

प्रेममा माग हुन्छ, प्रेममा क्षमा हुन्छ, प्रेममा त्याग हुन्छ तर जुनसुकै स्थितिमा पनि प्रेममा प्रेमचाहिँ हुन्छ नै। सुवासचन्द्रको गीतका शब्दहरू प्रेमको अत्यन्तै निकट छन्। उनी यो गीतमा प्रेमको उच्चतम बिन्दुमा पुगेका छन्। माथि नै पनि भनियो- प्रेममा रहरहरू हुन्छन् र तिनै रहरमा अन्तरनिहित प्रेम नै उनको ईश्वर हो, पूजा हो, आराधना हो। त्यस्तो महान् प्रेमलाई लत्याएको उनलाई सह्य छैन, त्यसलाई सग्लो बचाई राख्न उनी आग्रह गर्छन्। उनलाई राम्रोसँग थाहा छ प्रेमको महत्त्व।

लाग्छ, सुवासचन्द्र प्रेमका ज्ञाता नै हुन्। उनलाई प्रेमबारे सबै कुरा थाहा छ। खास गरेर प्रेमको असरबारे अझ बढी जानकारी राख्छन्, र त लेख्छन् :

*'चोट के हो व्यथा के हो*
*मजस्तो घाइतेलाई सोध*
*मिलन के हो खुसी के हो*
*मसँग कहिल्यै सोध्दै नसोध'*

मान्छे लडेर मात्रै पछारिँदैन, जब प्रेममा मात खाइन्छ तब यसरी मान्छे पछारिन्छ कि पूरै घाइते नै बन्छ, सम्भवतः कहिल्यै उठ्न नसक्ने गरेर। यस अर्थमा यो गीत शाब्दिक भाषाको केवल गीत मात्रै होइन, प्रेम बेहोरेका अर्थात् प्रेमबाट प्रभावित परिणाम हो। प्रेममा असफल भएपछि के हुन्छ? त्यसले कस्तो चोट पार्छ? त्यसबाट उब्जने व्यथा कस्तो हुन्छ? एकै पङ्क्तिमा उनी भन्छन्- मलाई सोध! मेरो घाइते मनलाई सोध!

असफल प्रेमीले सायद सजिलै बुझ्न सक्छन् उनको जवाफ। त्यसो त प्रेम गर्ने सबैलाई थाहा छ, प्रेमको असफलताबाट पाइने चोट शारीरिक चोटजस्तो हुन्न, धेरै मानेमा भिन्न हुन्छ तर प्रेम वियोग खेप्नेहरूलाई अझ बढी थाहा हुन्छ, प्रेमको असर र प्रेमको चोट। प्रेमले चोट पुऱ्याएको मान्छे बाँचेको त हुन्छ तर आफूलाई जीवित महसुस नगरी बाँचिरहेको हुन्छ। अनुहारमा हाँसो त हुन्छ तर त्यसमा कुनै खुसी मिसिएको हुन्न, अहँ एक रति सौन्दर्य छिपेको हुन्न त्यहाँ। हुन्छ त केवल पीडाको मिश्रण। के अर्थ खुसीको, त्यस्तो प्रेमपीडित मान्छेलाई? त्यसैले त गीतकार भन्छन्- के सोध्छौ प्रेमको बजारमा खोटा सिक्काजस्तो भएको मान्छेलाई, खुसीको कुरा? उनको आरोप छ- असली सिक्काले प्रेम खरिद गरिने यो नक्कली समाज हो।

जसले यो गीत गाए, अरुण थापा- सायद उनी स्वयं पनि यस प्रसङ्गमा उत्तिकै पीडित थिए कि! त्यसैले पो हो कि, उनले गाएको यो गीतको आवाजमा साँच्चिकै गीतका शब्दहरूको मर्म भेटिन्छ।

गीत भन्नु वास्तवमा शब्द र सङ्गीतको संयोजन हो, जहाँ आवाजले न्याय दिन सक्यो भने त्यो गीत अमर हुन्छ। सुवासचन्द्रको यो गीतलाई वास्तवमै अरुण थापाको स्वरले अमर बनाएको छ। गीत गाइँदैमा, चर्चा बटुल्दैमा गीतले जबसम्म मान्छेको हृदयलाई छुँदैन, तबसम्म त्यस्तो गीत केवल कागजको फूल हो। बास्नारहित फूल हुनु र नहुनुमा के अन्तर, जब फूलमा बास्ना छैन भने! यस अर्थमा सुवासचन्द्रको गीतहरू सुन्दर फूल हुन्। उनका हरेक गीतहरूले सुगन्ध फैलाएको पाइन्छ।

फूल भन्नु नै प्रेमको प्रतीक हो जबकि प्रेमको गीतमा फूलको चर्चा चल्ने हो भने त झन् सुनमा सुगन्ध!

*'फूल झरे पनि काँडा झर्दैन*
*म मरे पनि माया मर्दैन।'*

स्वभावतः फूल फुल्नुअघि कोपिला लाग्छ, फुल्छ-फक्रन्छ र अन्ततः ओलाउँछ र बोटबाटै झर्छ। त्यो बोटमा फेरि त्यसरी नै कोपिला लाग्छ, फुल्छ-फक्रन्छ, ओइलाउँछ र झर्छ। बोट रहुन्जेल यो क्रम चलिरहन्छ। यही फूलको उदाहरण दिने गरिन्छ प्रेममा पनि- ठिक विपरीत तरिकाले। फूलजस्तो त्यस्तो कमजोर हुँदैन प्रेम। यहाँ गीतकार सुवासचन्द्र ठिक त्यही फूलको प्रसङ्ग रवीन शर्मा र तारा थापाले गाएको उपर्युक्त गीतमा जोड्न पुग्छन्- मेरो प्रेम फूलजस्तो होइन, जो झरी जान्छ, बरु त्यसको दाँजोमा काँडाको आयु लामो हुन्छ। तथापि गीत सुन्दा उनको प्रेमले काँडालाई समर्थन गरेजस्तो देखिए पनि वास्तविकता त्यस्तो होइन। उनी अझै थप्छन्- मेरो प्रेम त्यो जूनजस्तो हो, झरी जाने ताराजस्तो होइन। यतिसम्म भन्छन् कि मेरो प्रेम अजम्बरी छ, म मरी गएँ भने पनि मेरो प्रेम जीवित रहिरहन्छ। हो नि त! हिर-राँझा, लैला-मजनू, मुना-मदन, मालती-मंगलेको प्रेमकथा दुनियाँमा बाँचिरहेको छ।

यत्ति भनौं- सुवासचन्द्र ढुंगेलका गीतहरू पनि बाँचिरहने छन्।

*bimapbhaukajee@hotmail.com*

# कोलाहलबिच मौन आत्ममन्थन

मानिसभित्रको मौनतामा आत्ममन्थनको कोलाहल छ। मानिस शान्त देखिन्छ तर शान्त छैन। मानिस कमजोर देखिन्छ तर कमजोर छैन। मानिस निर्दोष या निर्दयी देखिन सक्छ तर मानिस निर्दोष र निर्दयी दुवै छैन।

पुस्तक



मणि लोहनी

कथा पढ्दै रोमाञ्चित भएको मेरो अनुभव यो पहिलो होइन। कथाका किताबहरू पढ्दा म पटक-पटक रोमाञ्चित भएको छु। तरंगित भएको छु तर धेरै भएको थियो मनपसन्द कथा पढ्न नपाएको। अहिले जब कथाकार विवेक ओझाको नयाँ कथासंग्रह 'मौन कोलाहल' हातमा पऱ्यो र यसका पाना पल्टाउँदै गएँ, तब मेरो भित्री चेतना अर्कै किसिमले खलबलियो, बिथोलियो। एउटा सन्तोष मिल्यो- नेपाली कथा शक्तिशाली बन्दै गएको भन्ने सन्तोष र आनन्द।

'मौन कोलाहल' नाम आफैंमा अनौठो र विरोधाभाषपूर्ण छ। सुन्दा सामान्य लागे पनि दुई शब्दको यो जुगलबन्दीमा जीवनको ठुलो अर्थ र गहिरो प्रभाव लुकेको छ। कोलाहल नै मौन हो कि मौनताभित्र पनि कुनै ठुलो कोलाहल लुकेको हुन्छ? यही प्रश्नको उत्तर खोज्दै जब कथाभित्र प्रवेश गरेँ, तब थाहा भयो- पुस्तकको शीर्षक जत्तिकै यसको भाव, कथा र प्रस्तुतिले मनको कति गहिराइसम्म छोएर जान सक्दो रहेछ। हरेक मानिस आफ्नो जीवनको नायक हो। र ऊ हरकिसिमले सन्तुष्ट बाँच्न चाहन्छ। नसके सानसँग मर्छ तर झुक्दैन। हारेर पलायन भएर किन बाँच्ने? विवेकका अधिकांश पात्र जीवन जिउन अनेक गर्न सक्छन् तर आफू झुक्न तयार छैनन्।

नेपाली साहित्यमा आफ्ना चर्चित तथा पाठकमाझ अत्यधिक लोकप्रिय उपन्यासहरू 'ऐलानी' र मदन पुरस्कार विजेता उपन्यास 'ऐँठन'मार्फत विशिष्ट पहिचान बनाइसकेका लेखक विवेक ओझाको यो पहिलो कथासंग्रह हो। सांग्रिला बुक्सद्वारा प्रकाशित यस कृतिका कथाकार विवेकले उपन्यासको सफल यात्रापछि कथा विधामा पनि आफ्नो सशक्त उपस्थिति जनाएका छन्। यस संग्रहमा मान्छे, समाज, मनोविज्ञान र जीवनका विविध पाटालाई समेट्ने ९ वटा सशक्त कथाहरू संग्रहित छन्।

विवेक ओझाको लेखनको सबैभन्दा ठुलो सबल पक्ष भनेको यसको सरल, प्रवाही र कलात्मक भाषा हो। पानीझैं सलल बगेको उनको लेखनीले पाठकलाई अन्तिम पानासम्म बाँधेर राख्न सफल हुन्छ। कथाहरू सुन्दर छन् तर सँगसँगै रहस्यमय, रोमाञ्चक र खुल्दुलीले भरिएका छन्।

एउटा वाक्य सकिएर अर्को वाक्य सुरु नहुँदै पाठकको मनमा जुन किसिमको छटपटी र कौतूहल बढ्छ, त्यो नै विवेकको लेखनको खास शक्ति र सफलता हो। कतिपय कथा हाम्रै समाजका यथार्थपरक धरातलमा टेकेका छन् भने कतिपय कथा कल्पनाशीलताका उचाइमा उडेका छन्। स्वादिला र सजिला शब्दहरूले सुसज्जित यी कथाहरूले पाठकको हृदयलाई शान्त मात्र पार्दैनन्, कतिपय सन्दर्भमा त हैरानै नै बनाइदिन्छन्।




संग्रहभित्रको 'आत्महत्याको केन्द्र' त्यस्तै एउटा शक्तिशाली कथा हो। यसले हरिकोही पाठकको मनलाई गहिरो छटपटीको भुमरीमा पारिदिन्छ। मानिस जीवनका अनेकौं जटिल मोडमा पुग्दा किन यस्ता अन्तिम निर्णयहरू लिन विवश हुन्छ वा समाजले ऊमाथि कस्तो मनोवैज्ञानिक दबाब सिर्जना गर्छ भन्ने कुरालाई यस कथाले अत्यन्त मर्मस्पर्शी ढंगले उठाएको छ। दिमागलाई हलचल गराइदिने यस्तै अनौठा र मिठा कथा छन् किताबभरि। तर यो मिठास चिनीको जस्तो मात्र होइन। यो त त्यस्तो मिठास हो, जस्तो कि, भर्खरै कसैले प्रेमपूर्वक गाला चिमोटेर गएको छ– दुखेको त छ तर स्पर्श गर्नेको मायाले मिठो अनुभूति पनि गराएको छ। मौन कोलाहल भित्रका कथाहरू पढिरहँदा धेरै स्थानमा पाठकले यही विरोधाभाषपूर्ण तर मिठो पीडाको अनुभूति गर्न पाउँछन्।

कतिपय कथाले हाम्रो समाजको घिनलाग्दो, डरलाग्दो र पाखे मानसिकतालाई निर्मम ढंगले उजागर गरेका छन्। 'मौन कोलाहल'मा विवेकले समाजभित्र लुकेका कुरूप संवेदना र नग्न यथार्थलाई शब्दमा उतारेका छन्। अधिकांश कथाले मानवीय अस्तित्व, सामाजिक ढोंग, नैतिक द्वन्द्व र चेतनाको अन्धकार पक्षलाई दार्शनिक शैलीमा प्रस्तुत गरेका छन्। सबैभन्दा रमाइलो र गम्भीर पक्ष के हो भने पुस्तक पढेर सकिसकेपछि पनि पाठकलाई गम्भीर आत्ममन्थनतर्फ यसले डोऱ्याइरहन्छ। हतेव्यूह कथाले पाठकलाई सुरुबाटै हायलकायल पार्छ। यसमा बदलाको जुन किसिमको गजबको प्रस्तुति गरिएको छ, त्यसले मौनताले पनि मानिसलाई कतिसम्म क्रूर र हत्याको अवस्थासम्म पुऱ्याउन सक्दो रहेछ भन्ने कुराको उजागर गर्छ। मौनताभित्रको शक्ति र आगो कति भयानक हुन्छ भन्ने प्रमाण हो यो कथा।

महिला मुर्दासँग सम्भोगको लतीको अर्को कथा छ मुर्दाघर। यो कथा एम्बुलेन्स चालकको जीवन र मानसिकता वरिपरि घुम्छ। कथा पढ्दै जाँदा मलाई एक किसिमको दिगमिग र असहजता नलागेको होइन तर लेखकको कलात्मक भाषाशैली यति गज्जबको छ कि यस्तो संवेदनशील र जोखिमपूर्ण विषयलाई पनि पानीझैं सलल बग्नेगरी प्रस्तुत गरिएको छ, जसले पाठकको संवेदनशीलतालाई गहिरोसँग झक्झकाउँछ। यो कथामा अजीवको पात्र छ। यो कथा पढ्दा विदेशी कथा पढेको आभास हुन्छ। साच्चै मुर्दाघर अन्तराष्टिय स्तरको कथा हो।

अम्मल, क्यानभासभित्र र पिरिम, यी तीन कथाले लेखकको कल्पनाको भव्य उडानलाई स्पष्ट देखाउँछन्। मानिसका लुकेका आशक्ति, कलाप्रतिको मोह र प्रेमका विविध आयामलाई यी कथाले जीवन्त रूपमा पक्रिएका छन्।

'रुखको छाया र प्रेमको जरा' कथामा यति ठुलो र मिठो कथानक पाइन्छ कि पढ्दै जाँदा लाग्छ- विवेकले यसै विषयमाथि एउटा पूर्ण उपन्यास नै लेखेको भए पनि हुन्थ्यो। यस कथाको घनत्वले पाठकलाई उपन्यासकै जस्तो तृप्ति प्रदान गर्छ।

मृत्युको आँखा र डिडिमम्मा उस्तै सशक्त कथा हुन्। यी दुवै कथा संग्रहभित्रका विशिष्ट र वैचारिक रूपले परिपक्व रचनाहरू हुन्। जीवन, मृत्यु र मानिसका अचेतन मनका तहहरूलाई यी कथाहरूले सूक्ष्म ढंगले चिरफार गरेका छन्।

*manilohani47@gmail.com*

# पर्खनुहोस्, आउँदै छ ऋतु

**हामीले जीवनमा पाउनका लागि अनेक चिज खोज्छौं। खोजेका चिज पाउँछौं पनि तर सबै पाएका चिज सोचेअनुसार आउँदैनन्। सबै चिज आउँछन्, आकाङ्क्षा पूरा गर्न अर्को चिज पाउनुपर्नेगरी, सापेक्षित भएर। बाल्यकाल किशोरावस्थाको सापेक्षतामा, किशोरावस्था युवावस्थाको सापेक्षतामा, युवावस्था प्रौढावस्थाको सापेक्षतामा।**

निबन्ध



दिलीप ढकाल

प्रकृतिको नियम हतार होइन, क्रमिक विकास हो। बिउ रोपेको भोलिपल्ट फल लाग्दैन, कुर्नुपर्छ निश्चित महिना। नदीले एकै दिनमा पहाड काटेर बाटो बनाउँदैन। सयौं वर्ष लगाएर आफू हिँड्ने बाटो बनाउँछ अनि निर्धक्कसँग आफ्नो जीवन त्यही बाटोमा गुडाउँछ। सूर्य पनि आफ्नो निश्चित समयमा उदाउँछ, सौर्य-प्रदीप चाहियो भन्दैमा रात्रिकालमा ऊ उदाउँदैन।



हामीले जे खोज्छौं, त्यही पाउँछौं; सुन खोजे सुन, लसुन खोजे लसुन। सबैले खोजेकै चिज पाउने हुन् तर पाउनका लागि खोजको समय, स्थान र कर्म भने उपयुक्त हुनैपर्छ। बिनाश्रम त थालको खिर पनि मुखमा जाँदैन।

सबैभन्दा बलवान् समय हुँदोरहेछ। एउटा सानो बच्चा जब म ठुलो हुनेछु, तब यो गर्नेछु, त्यो गर्नेछु र अन्ततः खुसीको संसारमा पुग्नेछु भन्ने सोच्छ। ऊ ठुलो हुन्छ, समयअनुसार आवश्यक सबै कर्म गर्छ तर पनि उसले सोचेजस्तो अनन्त सुख पाउँदैन। उसले पढाइ सकेपछि जागिर खान्छ। त्यसपछि बिहे गर्नेछु, बिहेपश्चात् झनै अलौकिक सुख प्राप्त हुनेछ भन्ने सोच्छ। उसले बिहे पनि गर्छ। बिहेपश्चात् छोराछोरी प्राप्त हुन्छन् अनि कति आनन्द हुने होला भन्ने सोच्छ। छोराछोरी जन्मेपछि उनीहरूको पढाइलेखाइमा उसको ध्यान जान्छ। उसले सोच्छ, साँच्चै सुख त जागिरबाट अवकाश पाएपछि पो प्राप्त हुने हो। मान्छे कर्मबाट कहिले पो निवृत्त हुन्छ र? जागिरबाट अवकाश पाएपछि पनि काममा अनेक झमेला आइ नै रहन्छन्। यसरी कर्म गर्दागर्दै उसले थाहा पाउँछ- जीवन त सुखको आसैआसमा बितिसकेछ। अब त जीवन अस्ताउन मात्र बाँकी छ। सायद यति बेला उसले सोच्छ- वास्तविक सुख त जीवनपछि प्राप्त हुन्छ, त्यसैले आनन्दले यो जीवनलाई विश्रान्ति दिन पाए हुन्थ्यो।

यही हो मानव जीवन। हामीले जीवनमा पाउनका लागि अनेक चिज खोज्छौं। खोजेका चिज पाउँछौं पनि तर सबै पाएका चिज सोचेअनुसार आउँदैनन्। सबै चिज आउँछन्, आकाङ्क्षा पूरा गर्न अर्को चिज पाउनुपर्नेगरी, सापेक्षित भएर। बाल्यकाल किशोरावस्थाको सापेक्षतामा, किशोरावस्था युवावस्थाको सापेक्षतामा, युवावस्था प्रौढावस्थाको सापेक्षतामा। यसरी नै सम्पूर्ण जीवन चल्दो रहेछ। हामीले खोज्ने सुख सधैं दुःखको सापेक्षतामा चलिरहँदो रहेछ। त्यसैले दुःखबिना सुख मात्र कहिल्यै कसैले प्राप्त गर्दो रहेनछ। जीवन मृत्युको सापेक्षतामा चल्दो रहेछ।

आजको मान्छे तत्काल सफलता, धन, प्रसिद्धि र सुख खोजिरहेको देखिन्छ। मान्छेले प्रकृतिको नियमलाई बेवास्ता गर्छ। प्रकृतिको नियम हतार होइन, क्रमिक विकास हो। बिउ रोपेको भोलिपल्ट फल लाग्दैन, कुर्नुपर्छ निश्चित महिना। नदीले एकै दिनमा पहाड काटेर बाटो बनाउँदैन। सयौं वर्ष लगाएर आफू हिँड्ने बाटो बनाउँछ अनि निर्धक्कसँग आफ्नो जीवन त्यही बाटोमा गुडाउँछ। सूर्य पनि आफ्नो निश्चित समयमा उदाउँछ, सौर्य-प्रदीप चाहियो भन्दैमा रात्रिकालमा ऊ उदाउँदैन। प्रकृतिमा सबै चिज छ, प्रकृतिले आफूसँग भएको सबै चिज बिनाभेदभाव दिन्छ तर पर्खनुपर्छ। पाउने प्राकृतिक समय सुन्दर हुन्छ। प्राकृतिक परिपक्वताबिना कुनै चिज पायौं भने पनि त्यो प्रकृतिपक्वजस्तो कहाँ मिठो हुन्छ र?

सफलता निरन्तर कर्मको सन्तान हो, हतारको सन्तान होइन। आज कैयौं मान्छे सफल छन्, उनीहरू मनैदेखि आनन्दित छन्, हृदयदेखि नै मस्त छन्। त्यो आनन्द, त्यो मस्तीपछाडि वर्षौंको सङ्घर्ष छ, कैयौं असफलताका दर्द छन् त्यहाँ। तिनै दर्द, त्याग र सङ्घर्षको उपज हो सफलता। आज सामाजिक सञ्जालमा तिनै सफलताका कथा देखाइन्छन्, तिनीहरूको सङ्घर्षको यात्रा देखाइँदैन। हेर्नेहरू भोलि नै त्यस्तै सफलता पाउन हतारिन्छन्। हतारका पाइने चिज हो र सफलताको सुख?

महाभारत महाकाव्य हतारमा लेख्न सम्भव थियो र? एक लाख श्लोक, परिष्कृत छन्द, त्यो दर्शनको गहनता, चरित्रको महानता, ज्ञानको उज्ज्वलता। सानो धैर्य, लगाव तथा प्रतीक्षामार्फत यो कर्म सम्भव छैन। राम तत्काल अयोध्याको सिंहासनमा बसेको भए उनी राजा त हुन्थे तर मर्यादा पुरुषोत्तम हुने थिएनन्। चौध वर्षको वनवास, समयले लिएको परीक्षा हो, धैर्य, दीर्घसाधना अनि संयमको परीक्षा।

राजकुमार सिद्धार्थले एकै दिनमा बुद्धत्व प्राप्त गरेका थिएनन्। उनले वर्षौंसम्म खोज, तपस्या, असफलता र आत्मचिन्तन गरे। बोधिवृक्षमुनि लामो साधनापछि मात्र ज्ञान प्राप्त भयो। पाण्डवहरूले वनवास, अपमान र अनेक दुःख सहेर उचित समयको प्रतीक्षा गरे। उनीहरूले कुनै पनि निर्णय आवेशमा गरेनन्। धैर्य र सही समयको प्रतीक्षाले अन्ततः न्यायको मार्ग खोल्यो।

> प्रकृतिमा सबै चिज छ, प्रकृतिले आफूसँग भएका सबै चिज बिनाभेदभाव दिन्छ तर पर्खनुपर्छ। पाउने प्राकृतिक समय सुन्दर हुन्छ। प्राकृतिक परिपक्वताबिना कुनै चिज पायौं भने पनि त्यो प्रकृतिपक्वजस्तो कहाँ मिठो हुन्छ र?

संस्कृत दर्शन पढाउने श्रीकृष्ण गुरुको अद्‌भुत क्षमता यतिबेला सम्झिरहेको छु। लाग्छ- उहाँले हजारौं श्लोक कसरी कण्ठस्थ बनाउनुभयो होला? रघुवंशदेखि कुमारसम्भवसम्म, अग्निस्थापनादेखि श्राद्धपद्धतिसम्म। लघुसिद्धान्त कौमुदी, रुद्री, चण्डीलगायत कृतिका हजारौं श्लोक गुरुले कण्ठस्थ सुनाउनुहुन्थ्यो। हामीलाई दुईचार संस्कृतका मन्त्र कण्ठ गर्न पनि धौ धौ हुन्छ। आज बुझ्दै छु, गुरुको निरन्तरको धैर्यपूर्ण साधनाबाट यो सम्भव भएको हो।

विडम्बना आज हामी त्यस्तो समयमा बाँचिरहेका छौं, जहाँ १० सेकेन्डभन्दा लामो भिडियो हेर्ने धैर्य छैन। हामी अधिकांश समय डिजिटल स्क्रिनमा रहन्छौं तर त्यही स्क्रिनमा पूरा समाचार पढ्ने धैर्य राख्दैनौं। एउटा पुस्तक पढ्ने धैर्य छैन आज। हामी सम्बन्धको चुली लगाउन चाहन्छौं तर धैर्यपूर्वक वास्तविक प्रेम गर्ने समय हुँदैन। हामीमा अर्थहीन हतारो छ। आज प्रेम पनि तुरुन्तै चाहिन्छ, सफलता पनि तुरुन्तै चाहिन्छ, प्रसिद्धि पनि चुरुन्तै चाहिन्छ, धन पनि तुरुन्तै चाहिन्छ। हामीलाई सम्बन्धको महल बनाउने फुर्सद कहिल्यै भएन। हामीलाई सम्बन्धले होइन, क्षीण सामाजिक त्यान्द्रोले जोडेको छ। थाहा छैन, सम्बन्धको त्यो कमजोर त्यान्द्रो कतिबेला चुडिँने हो।

जन्मथलो स्याङ्जाको गाउँमा बुबाले रोप्नुभएको कागतीको बेर्नो सम्झनामा आउँछ। कोरोनाकालको कुरा हो, जुठेल्नोनजिकै बुबाले एक जोडी कागती रोप्नुभएको थियो। म पनि सहभागी थिएँ त्यो मामुली कर्ममा। चार महिनापश्चात् म काठमाडौं फर्कें। मलाई लागेको थियो, अर्को वर्ष दसैंमा घर जाँदा त्यो बोटमा लटरम्म कागती फल्नेछन्, दसैंभर कागतीले दाल मजासँग अमिल्याइनेछ। दसैं पनि आयो, घर पनि गइयो तर उक्त कागतीको बोट बल्ल बल्ल भुइँ छोड्दै रहेछ।

'एक वर्षसम्म पनि कागती किन माथि जान सकेन बुबा? यसले स्याहार पाएन कि?' मैले बुबालाई सोधें। बुबाले भन्नुभयो- यसलाई तरकारीले ओझेलमा पार्‍यो, त्यसैले यो फस्टाउन पाएन। अर्को साल थोरै बढेको रहेछ। झन्डै झन्डै अस्ताउन लागेको त्यो कागतीमा पोहोरदेखि बल्ल बतिला लाग्न थाल्यो।

यस पालि भने राम्रो फलेको रहेछ। मैले यसपालि घरमा जाँदा बोटमा लटरम्म कागती फलेको देखें तर ती बोटलाई मलजल गरेको, कागतीका लागि त्यहाँ उम्रिएका अन्य तरकारीका बेर्ना उखेलिएको अनि मर्नै लागेका कागतीका बेर्नामा जीवन भरेर वर्षौं कुरेका पल देखिनँ। यस्तै हुन्छ जहाँतहीं, देखिँदैनन् सङ्घर्षका मैदान, मात्र देखिन्छन् फुलेका-फलेका जीवनहरू। धैर्यपूर्वक गरिएको साधनाको फल ढिलो देखिए पनि स्वादिलो हुन्छ।

समयको मौन नियम छ- जुन फल चाँडै पाक्छ, त्यो चाँडै झर्छ; जुन फल ऋतु पर्खेर पाक्छ, त्यसको स्वाद वास्तवमै मिठो हुन्छ। खेत नजोती, बिउ नरोपी र सिँचाइ नगरी फलको प्रतीक्षा गर्नु मूर्खता हो। काँचो फललाई जबर्जस्ती पकाउन सकिए पनि त्यसको स्वाद प्राकृतिक रूपमा पाकेको फलजस्तो हुँदैन।

हिमालयका शिखरहरूलाई हेर्दा एउटा प्रश्न मनमा उब्जन्छ- यी पर्वतहरू यति अग्ला कसरी भए? कुनै विस्फोटले होइन, कुनै चमत्कारले पनि होइन। लाखौं वर्षको मौन प्रतीक्षाको परिणाम हुन् ती। नदीहरूलाई हेर्दा पनि त्यस्तै प्रश्न मनमा उब्जन्छ। एउटा खहरेले पहाड काट्न सक्दैन तर निरन्तर बगिरहने पानीको बहावले चट्टानलाई पनि बाटो दिन बाध्य बनाउँछ, ढुङ्गालाई पनि कुँदेर शालिग्राम बनाउँछ। त्यसैले प्रकृतिको सबैभन्दा ठुलो गुरु समय हो र समयको सबैभन्दा प्रिय शिष्य धैर्य।

हाम्रो घरमा हजुरबुबाले रोप्नुभएको नास्पतिको रुख छ। हरेक वर्ष गाउँलेलाई समेत पुग्नेगरी मिठो फल दिन्छ। उक्त नास्पतिले फल नदिँदै हजुरबुबा कीर्तिशेष हुनुभयो, उहाँले त्यो नास्पतिको फल खान पाउनुभएन। आज हामीले भने सोही नास्पति हरेक वर्ष प्रशस्त खान पाएका छौं। हरेक वर्ष नास्पति पाकेपछि सर्वप्रथम हजुरबुबालाई चढाएर मात्र हामीले खान्छौं। हजुरबुबाले रोप्नुभएको थियो, आज हामीले त्यसको स्वाद लिँदै छौं। मान्छेले बुझ्नुपर्छ, आज उसले जुन फल पाइरहेको छ, त्यो हिजो रोपिएको बिउको परिणाम हो। आज हामीले मिठो फल दिने रुख रोप्यौं भने उक्त रुखको फल हामीले मात्र खाने होइन, हाम्रो भावी पुस्ताले पनि खान पाउँछ। त्यसैले फलदायी रुख रोप्नु वास्तवमै पवित्र कर्म हो, महानतम धर्म हो। हामीले प्रकृतिको नियम उल्लङ्घन गरेनौं भने हामीमाथि प्रकृति सधैं दयालु बनिरहन्छ, प्रकृतिले हामीलाई निरन्तर मिठासपूर्ण फल दिइरहन्छ।

आजको मानवप्रवृत्ति भने यसको ठिक विपरीत छ। ऊ फूल फुल्नुअघि नै सुगन्ध खोज्छ, बिहान नहुँदै उज्यालो खोज्छ, कर्म गर्नुअघि नै परिणाम खोज्छ। यही अधैर्यले उसलाई निरन्तर अशान्त बनाइरहेको छ।

# शिवभक्ति, व्रत-उपासना र सनातन जीवनदर्शन

आस्था



वंशीकुमार शर्मा



श्रावण महिना वैदिक-सनातन परम्परामा आस्था, साधना, प्रकृति र आत्मसंयमको महिना हो। वर्षायाममा पर्ने यो महिना केवल धार्मिक अनुष्ठानको समय मात्र होइन, मानिस, प्रकृति र परमचेतनाबिचको सम्बन्धलाई पुनः स्मरण गर्ने सांस्कृतिक पर्व हो। खेतबारी हरियालीले ढाकिन्छन्, नदी-नाला जीवन्त बन्छन्, किसान रोपाइँ र खेतीपातीमा व्यस्त हुन्छन्, शिवालयहरू भक्तजनले भरिन्छन्। प्रकृतिको यही पुनर्जागरणसँगै मानिस पनि आफ्ना इच्छा, व्यवहार र जीवनशैलीलाई संयमित बनाउने अभ्यासमा प्रवृत्त हुन्छ। यही कारण श्रावणलाई पात्रोको एउटा महिना मात्र नभई सनातन सभ्यताको जीवनदर्शन अभिव्यक्त गर्ने कालखण्डका रूपमा हेरिन्छ।

श्रावणलाई भगवान् शिवको प्रिय महिना मानिन्छ। 'शिव' शब्दको अर्थ नै कल्याण हो। उनी विनाशका देवता मात्र होइनन्, अज्ञान, अहंकार, लोभ र मोहको विनाश गरी चेतनाको जागरण गराउने शक्ति हुन्। शिव परिवर्तनका प्रतीक हुन्। पुरानो र जडतालाई विसर्जन गरेर नयाँ चेतनाको उदय गराउने दर्शन नै शिवत्व हो।

उपनिषद्‌ले मानिसलाई बाहिरी संसारभन्दा आफ्नै अन्तरमनतर्फ फर्किन आग्रह गर्छ। 'तत्त्वमसि' र 'अहं ब्रह्मास्मि'जस्ता महावाक्यहरूले परम सत्य बाहिर होइन, मानिसभित्रै रहेको संकेत गर्छन्। श्रावणमा शिवको पूजा गर्नुको गहिरो अर्थ पनि यही हो। देवताको आराधनासँगै आफ्नै अन्तःकरणमा रहेको शिवत्वलाई जागृत गर्ने प्रयास। त्यसैले जलाभिषेक, बेलपत्र, मन्त्रजप र उपवासका बाह्य अभ्यासहरूको वास्तविक उद्देश्य अन्तर्मनको शुद्धीकरण हो।

भगवद्‌गीताले योगलाई समत्व र आत्मसंयमको मार्ग भनेको छ। गीता भन्छ-अत्यधिक भोजन गर्ने वा अत्यधिक उपवास बस्ने दुवै व्यक्तिले योग प्राप्त गर्न सक्दैनन्। यसले सन्तुलित जीवनशैलीलाई आध्यात्मिक उन्नतिको आधार मानेको छ। श्रावणमा गरिने व्रत-उपासनाको मूल मर्म पनि यही सन्तुलन हो। उपवास शरीरलाई दुःख दिन होइन, इच्छालाई अनुशासित गर्न हो; पूजा प्रदर्शनका लागि होइन, अन्तःकरणलाई निर्मल बनाउन हो।

संस्कृतमा 'उपवास' शब्दको अर्थ अत्यन्त अर्थपूर्ण छ। 'उप' अर्थात् नजिक र 'वास' अर्थात् बस्नु। अर्थात् परम सत्य, आत्मा वा ईश्वरको समीप बस्ने साधना। त्यसैले उपवास केवल भोजन त्याग गर्ने प्रक्रिया मात्र होइन। मनलाई विकारबाट मुक्त गर्ने, वाणीलाई मर्यादित बनाउने, इन्द्रियलाई संयमित राख्ने तथा जीवनलाई सात्विक बनाउने अभ्यास हो। भोजन नखाएर पनि यदि मन क्रोध, ईर्ष्या र अहंकारले भरिएको छ भने त्यो उपवास बस्नुको कुनै अर्थ हुदैन।

त्यस्तै 'व्रत' शब्दको अर्थ पनि भोजन त्यागभन्दा धेरै व्यापक छ। यसको मूल अर्थ हो दृढ संकल्प। सत्य बोल्ने, हिंसा नगर्ने, संयमित जीवन बिताउने, करुणाशील बन्ने, लोभ र क्रोधमाथि नियन्त्रण गर्ने अभ्यास नै वास्तविक व्रत हो। यस अर्थमा व्रत धार्मिक कर्मकाण्डभन्दा बढी आत्मसंस्कारको प्रक्रिया हो। शरीर, वाणी र मनलाई अनुशासनमा राख्ने अभ्यास नै सनातन जीवनदर्शनको आधार हो।

मानसिक स्वास्थ्यको दृष्टिले पनि श्रावणको साधनाको विशेष महत्त्व रहेको छ। आधुनिक जीवनशैलीमा तनाव, प्रतिस्पर्धा र मानसिक अशान्ति बढिरहेका बेला नियमित ध्यान, प्रार्थना, मौनता र आत्मचिन्तनले मनलाई स्थिर बनाउने अवसर दिन्छ। वैज्ञानिक अनुसन्धानहरूले ध्यान र 'माइन्डफुलनेस' अभ्यासले तनाव कम गर्न, एकाग्रता बढाउन र भावनात्मक सन्तुलन कायम राख्न सहयोग पुर्‍याउन सक्ने देखाएका छन्। धार्मिक साधनाले प्रदान गर्ने आत्मिक सन्तोष पनि धेरैका लागि मानसिक स्वास्थ्यको महत्त्वपूर्ण आधार बन्न सक्छ।

श्रावण प्रकृतिसँगको सम्बन्धलाई पुनः स्थापित गर्ने महिना पनि हो। वर्षाले धरतीलाई हराभरा बनाउँछ, जलस्रोत पुनर्जीवित हुन्छन्, खेतीपातीले नयाँ आशा जगाउँछ। किसानका लागि यो श्रमको समय हो भने समाजका लागि प्रकृतिप्रति कृतज्ञ हुने अवसर हो।

श्रावण संक्रान्तिलाई कर्कट संक्रान्तिका रूपमा पनि चिनिन्छ। वैदिक मान्यताअनुसार यस समय सूर्य दक्षिणायनमा प्रवेश गर्छन्। नेपालका विभिन्न भूभागमा लुतो फाल्ने, विशेष परिकार खाने, सामुदायिक रूपमा पर्व मनाउने र स्थानीय संस्कृति जोगाउने परम्परा अझै जीवित छ। यस्ता सांस्कृतिक अभ्यासले समाजमा एकता, सहकार्य र पुस्तान्तरण हुँदै आएको मौलिक पहिचानलाई जीवन्त राखेका छन्।

महिलाहरूका लागि श्रावण विशेष सांस्कृतिक महत्त्व बोकेको महिना हो। हरिया चुरा, पोते, मेहेन्दी र हरिया वस्त्र शुभता, समृद्धि र मंगलकामनाका प्रतीकका रूपमा ग्रहण गरिन्छ। बदलिँदो समाजमा यी अभ्यासलाई व्यक्तिगत आस्था र सांस्कृतिक पहिचानका रूपमा बुझ्ने दृष्टिकोण पनि विकसित हुँदै गएको छ। परम्पराको सम्मानसँगै व्यक्तिगत स्वतन्त्रताको सम्मान गर्नु आधुनिक समाजको सन्तुलित दृष्टि हो।

नेपाल शैव सभ्यताको महत्त्वपूर्ण भूमि हो। पशुपत, नाथ, दशनामी, सिद्ध, काश्मिरी शैव, वीरशैव र लिंगायतजस्ता परम्पराले शिवलाई सर्वोच्च आराध्य मानेका छन्। पशुपतिनाथदेखि देशभरिका हजारौं शिवालयसम्म श्रावण महिनामा देखिने श्रद्धालुको उपस्थिति धार्मिक विश्वास मात्र होइन, हजारौं वर्षदेखि निरन्तर बाँचिरहेको सांस्कृतिक परम्पराको प्रमाण हो।

यद्यपि आज श्रावणलाई सामाजिक सञ्जालका तस्बिर, फेसन वा औपचारिक कर्मकाण्डमा सीमित गर्ने प्रवृत्ति पनि बढ्दो छ। हरियो पहिरन, मेहेन्दी वा मन्दिर भ्रमणको आफ्नै सांस्कृतिक महत्त्व छ तर श्रावणको सम्पूर्ण अर्थ त्यतिमै सीमित हुँदैन। यसको सार आत्मसंयम, आत्मपरीक्षण, नैतिक अनुशासन र जीवनशैलीको परिष्कारमा निहित छ। बाह्य प्रदर्शनभन्दा भित्री रूपान्तरण श्रावणको वास्तविक उपलब्धि हो।

विज्ञान र आध्यात्मिकता फरक-फरक ज्ञान प्रणाली हुन्। विज्ञानले प्रमाण, परीक्षण र अनुसन्धानका आधारमा निष्कर्ष निकाल्छ भने धर्म र दर्शनले जीवनका नैतिक, आध्यात्मिक र अस्तित्वगत प्रश्नको उत्तर खोज्छन्। यी दुईलाई प्रतिस्पर्धी होइन, परस्पर पूरक दृष्टिले बुझ्न सकियो भने समाजमा स्वस्थ बौद्धिक संवाद सम्भव हुन्छ। आस्था विवेकसँग जोडिँदा र विज्ञान संस्कृतिप्रति सम्मानशील बन्दा दुवैको महत्त्व अझ बढी हुन्छ।

श्रावण महिनाको अर्को महत्त्वपूर्ण पक्ष व्रत र उपवास हो। संस्कृत भाषामा 'व्रत' शब्दको अर्थ केवल भोजन त्याग गर्नु मात्र होइन, बरु दृढ संकल्प, आत्मअनुशासन र उच्च उद्देश्यका लागि स्वेच्छाले स्वीकार गरिएको नियम हो। शास्त्रहरूले व्रतलाई शरीर, वाणी र मनको शुद्धिसँग जोड्छन्। हिंसा नगर्नु, सत्य र हितकर वचन बोल्नु, इन्द्रिय संयम गर्नु, लोभ, क्रोध र अहंकारलाई नियन्त्रण गर्नु तथा मनलाई सात्विक बनाउनु व्रतका मूल उद्देश्य मानिन्छन्। यस दृष्टिले व्रत धार्मिक कर्मकाण्डभन्दा धेरै माथि उठेर व्यक्तित्व निर्माणको अभ्यास बन्न पुग्छ।

व्रत-उपवासको अर्को महत्त्वपूर्ण पक्ष मानसिक स्वास्थ्यसँग जोडिएको छ। नियमित जप, ध्यान, प्रार्थना, मौनता र पूजा-आराधनाले मानिसलाई दैनिक तनावबाट केही समय अलग रहने अवसर दिन्छ। ध्यान र 'माइन्डफुलनेस' सम्बन्धी अनुसन्धानहरूले नियमित ध्यानले मानसिक तनाव घटाउन, एकाग्रता बढाउन तथा भावनात्मक सन्तुलन कायम राख्न सहयोग पुग्ने देखाएका छन्। धार्मिक अभ्यासबाट प्राप्त हुने आत्मिक सन्तोषलाई पनि धेरै मानिसले मानसिक स्वास्थ्यको महत्त्वपूर्ण आधारका रूपमा अनुभव गरेका छन्। यस अर्थमा श्रावणको साधना धार्मिक विश्वाससँगै मनोवैज्ञानिक सन्तुलनको अभ्यास पनि हो।

प्रकृतिसँग श्रावणको सम्बन्ध अझ गहिरो छ। वर्षाले धरतीलाई हराभरा बनाउँछ, नदी-नाला पुनर्जीवित हुन्छन् र किसान धान रोपाइँ तथा खेतीपातीमा व्यस्त हुन्छन्। नेपाली समाजमा श्रावणको महत्त्व धार्मिकसँगै कृषिमा पनि छ। खेतबारीमा फैलिएको हरियाली, घरआँगनमा पाक्न थालेका फलफूल र वर्षाको शीतल वातावरणले मानिसलाई प्रकृतिप्रति कृतज्ञ बन्न प्रेरित गर्छ। सनातन चिन्तनले प्रकृतिलाई उपभोगको वस्तु होइन, संरक्षण गर्नुपर्ने जीवनदाता शक्तिका रूपमा हेर्छ। त्यसैले श्रावणले वातावरण संरक्षणको सन्देश पनि बोकेको छ।

श्रावण संक्रान्तिलाई कर्कट संक्रान्तिका रूपमा पनि चिनिन्छ। यसै दिनदेखि सूर्य दक्षिणायनमा प्रवेश गर्ने वैदिक मान्यता छ। नेपालका विभिन्न भूभागमा लुतो फाल्ने, विशेष परिकार खाने, स्थानीय संस्कृतिअनुसार नाचगान गर्ने तथा सामुदायिक रूपमा पर्व मनाउने परम्परा आज पनि जीवित छ। यस्ता सांस्कृतिक अभ्यासले स्थानीय पहिचान, सामाजिक एकता र पुस्तान्तरण हुँदै आएको मौलिक परम्पराको संरक्षणमा महत्त्वपूर्ण योगदान पुर्‍याएका छन्।

महिलाहरूका लागि पनि श्रावण विशेष महत्त्वको महिना हो। हरिया चुरा, पोते, मेहेन्दी तथा हरिया वस्त्र धारण गर्ने चलनलाई शुभता, समृद्धि र दाम्पत्य सुखको प्रतीक मानिन्छ। बदलिँदो समाजमा यी परम्परालाई व्यक्तिगत आस्था र सांस्कृतिक पहिचानका रूपमा बुझ्ने दृष्टिकोण पनि विस्तार हुँदै गएको छ। परम्पराको सम्मानसँगै व्यक्तिगत स्वतन्त्रताको सम्मान गर्नु नै आधुनिक समाजको सन्तुलित दृष्टिकोण हो।

विज्ञान र आध्यात्मिकता फरक-फरक ज्ञान प्रणाली हुन्। विज्ञानले प्रमाण, परीक्षण र अनुसन्धानका आधारमा निष्कर्ष निकाल्छ भने धर्म र दर्शनले जीवनका आध्यात्मिक तथा नैतिक आयामलाई सम्बोधन गर्छन्। यी दुईलाई प्रतिस्पर्धी होइन, परस्पर पूरक दृष्टिले हेर्न सकियो भने समाजमा स्वस्थ बौद्धिक संवाद सम्भव हुन्छ। आस्था विवेकसँग जोडिँदा र विज्ञान संस्कृतिप्रति सम्मानशील बन्दा दुवैको महत्त्व अझ स्पष्ट हुन्छ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका दश वर्ष

# ३९ अर्ब ५८ करोड खर्च
# २३ लाख बढी रोजगारी सिर्जना

वसन्त ढुंगाना
*चितवन, साउन २२*



राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम व्यवस्थापन एकाइले स्थापनाको १० वर्षमा वित्तीय प्रगति ७०.२५ प्रतिशत हासिल गरेको जनाएको छ। यो अवधिमा सरकारबाट ५६ अर्ब ३५ करोड ९२ लाख ३२ हजार रुपैयाँ विनियोजन गरिएकोमा ३९ अर्ब ५८ करोड ८० लाख ९० हजार रुपैयाँ खर्च भएको छ।

दश वर्षअघि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना नामबाट सञ्चालित यस कार्यालयले कृषि क्षेत्रको आधुनिकीकरणसँगै २३ लाख ८३ हजारभन्दा बढीलाई प्रत्यक्ष तथा आंशिक रोजगारी सिर्जना गरेको दाबी गरेको छ।

कृषिमा आधारित अर्थतन्त्रलाई आधुनिक, व्यावसायिक, दिगो तथा आत्मनिर्भर कृषि प्रणालीमार्फत कृषिजन्य उद्योगमा रूपान्तरण गर्ने उद्देश्यका साथ सञ्चालन गरिएको कार्यक्रमले हालसम्म आंशिक रूपमा २१ लाख ४८ हजार ६०९ र पूर्णकालीन रूपमा २ लाख ३४ हजार ५७५ जनालाई रोजगारी उपलब्ध गराएको कार्यक्रम निर्देशक हिक्मतकुमार श्रेष्ठले जानकारी दिए। उनका अनुसार कुल रोजगारी संख्या २३ लाख ८३ हजार १८४ पुगेको छ। कार्यक्रमले हालसम्म २१ वटा सुपरजोन, २०६ जोन, एक हजार ६९९ ब्लक र ९ हजार ३९३ पकेट क्षेत्रमार्फत कृषि उत्पादन तथा व्यवसायीकरणलाई विस्तार गरेको जनाएको छ।

कार्यक्रमले खाद्य तथा पोषण सुरक्षाका लागि धान, गहुँ, तरकारी, आलु, दलहन, तेलहन, दूध र मासुलाई प्राथमिकतामा राखेको छ भने आयात प्रतिस्थापनका लागि मकै, सुन्तलाजात फलफूल, स्याउ, ओखर, केरा, आँप तथा माछा उत्पादनलाई प्रवर्द्धन गरेको जनाएको छ। त्यसैगरी कफी, अलैंची, अदुवा, बेसार र मौरीपालनलाई निर्यातमुखी बालीका रूपमा विकास गरिएको कार्यक्रम निर्देशक श्रेष्ठले जानकारी दिए। आर्थिक वर्ष २०७३/०७४ देखि सुरु भएको परियोजनाले आर्थिक वर्ष २०८१/८२ सम्म १६ लाख ५९ हजार ४५५ जना लाभान्वित भएका थिए भने चालु आर्थिक वर्ष २०८२/८३ मा थप एक लाख ५७ हजार ३५२ जना लाभान्वित भएसँगै कुल लाभान्वित जनसंख्या १८ लाख १६ हजार ८०७ पुगेको छ। कार्यक्रमअन्तर्गत ९ हजार २३६ हेक्टर क्षेत्रमा चक्लाबन्दी खेती विस्तार गरिएको छ। आधुनिक कृषि प्रविधिको प्रयोगमार्फत खाद्यान्न बालीको क्षेत्र विस्तार २५ हजार ९०९ हेक्टर, चैते धान २३ हजार ६४८ हेक्टर, फलफूल १० हजार ७५२ हेक्टर, तरकारी ७ हजार ४० हेक्टर तथा आलुको ४ हजार ६१ हेक्टर क्षेत्रमा प्रविधि विस्तार गरिएको कार्यालयले जनाएको छ। कृषि यान्त्रीकरणतर्फ ७६ हजार २४ वटा साना तथा आधुनिक कृषि उपकरण वितरण गरिएको छ भने ६२६ वटा कस्टम हायरिङ सेन्टर स्थापना गरी कृषकलाई सहज रूपमा कृषि मेसिन प्रयोग गर्ने व्यवस्था गरिएको छ। यसबाट उत्पादन लागत २५ देखि ३५ प्रतिशतसम्म घटेको कार्यक्रमको दाबी छ।

प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीअन्तर्गत ४३ हजार ४६३ हेक्टर क्षेत्रको उत्पादनलाई अनुदानसँग आबद्ध गरिएको छ। खाद्य गुणस्तर सुधारका लागि दुईवटा खाद्य परीक्षण भ्यान सञ्चालनमा ल्याइएको छ भने ८१ वटा जीवित माछा बिक्री कक्ष स्थापना गरिएको बताइएको छ। मह, अलैंची तथा मसला बालीको उत्पादन, प्रशोधन, ब्रान्डिङ र बजारीकरणमा समेत कार्यक्रमले सहयोग पुऱ्याएको जनाएको छ।

संरक्षित खेती प्रवर्द्धनका लागि १ हजार ६१४ वटा प्लास्टिक घर, उच्च प्रविधियुक्त ग्रीनहाउस, थोपा सिँचाइ, सोलार ड्रायर, बोरिङ तथा प्लास्टिक मल्चिङजस्ता प्रविधि विस्तार गरिएको छ। त्यस्तै कृषि पूर्वाधार विकासअन्तर्गत १०० बीउ स्रोत केन्द्र, ३०६ संकलन केन्द्र, ६३ भण्डारण गृह, १०४ कोल्डरुम र २२ सोलार स्टोर स्थापना भएका छन्।

प्राथमिक प्रशोधन उद्योग २१६, आलु चिप्स उद्योग १४, सुधारिएको अलैंची भट्टी ९९९, केरा राइपेनिङ च्याम्बर २४ तथा १४० वटा ढुवानी साधनमार्फत कृषि उत्पादनको प्रशोधन र बजारीकरणलाई समेत कार्यक्रमले प्राथमिकतामा राखेको छ। कृषि अनुसन्धान, शिक्षा तथा विस्तार सेवातर्फ कार्यक्रमले चार हजार दुई जना कृषि स्नातक इन्टर्नलाई प्रत्यक्ष सेवामा परिचालन गरेको जनाएको छा साथै ३५० प्राविधिक शिक्षालयसँगको सहकार्यमा सञ्चालन गरिएको 'सिक्दै कमाउँदै' कार्यक्रममा १६ हजार ४१९ विद्यार्थी सहभागी रहेका छन्।

समिक्षा गोष्ठिमा बोल्दै कृषि, पशुपन्छी तथा वातावरणमन्त्री गीता चौधरीले अन्य परियोजनाको तुलनामा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको कार्यसम्पादन सन्तोषजनक रहेको बताइन्। उनले कार्यक्रमले कृषि उत्पादन वृद्धि, रोजगारी सिर्जना र आयात प्रतिस्थापनमा उल्लेखनीय योगदान दिएको उल्लेख गरिन्।

'तरकारी, केरा, सुन्तलाजात फलपाल माछा गायतका कृषि उपजको आयात प्रतिस्थापन तथा अलैंची, मसला लगायतका निर्यातमुखी बालीको प्रवर्द्धनमा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमले उल्लेखनीय योगदान पुऱ्याएको छ' उनले भनिन् '७० प्रतिशत माथी प्रगति हुनु सन्तोष जनक हो।' उनले आगामी दिनमा कृषि प्रविधि हस्तान्तरण र प्राविधिक सेवा विस्तारलाई थप प्रभावकारी बनाउन कार्यक्रममार्फत आवश्यक जनशक्ति परिचालन गरिने जानकारी दिइन्। अनुसन्धान, शिक्षा र कृषि विस्तारबीचको समन्वयलाई सुदृढ बनाउन राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) र विश्वविद्यालयबीचको त्रिपक्षीय सहकार्यलाई थप मजबुत बनाइने उनको भनाइ थियो।

# उद्योग वाणिज्य संघको निर्वाचनका लागि सर्वसम्मत टिम घोषणा

अर्जुन ओली
*नेपालगन्ज, साउन २२*

नेपालगन्ज उद्योग वाणिज्य संघको आसन्न निर्वाचनका लागि 'सर्वसम्मत टिम' घोषणा गरिएको छ। संघको तीन वर्षे कार्यकालका लागि आगामी भदौ ६ गते मतदान गरिँदैछ।

चिरञ्जिवी ओलीको अध्यक्षतामा शुक्रबार पदाधिकारी तथा कार्यसमिति सदस्यहरूको नाम घोषणा गरिएको हो। जसअनुसार उपाध्यक्ष (उद्योग) मा कमलकुमार कार्की, उपाध्यक्ष (वाणिज्य)मा विष्णुप्रसाद श्रेष्ठ र उपाध्यक्ष (महिला) मा रुपा ओझा (सानु) तथा महासचिवमा विष्णु श्रेष्ठ, उप-महासचिवमा शिवप्रसाद दाहाल र कोषाध्यक्षमा टिकामणि उपाध्याय रहेका छन्।



यस्तै सदस्यहरूमा सन्तोष पौडेल, तोपबहादुर थापा, नन्दराम जैसी, सैयद जहाँगिर मुसलमान, अतुल गुप्ता, शरद अधिकारी, शरद रिजाल, आदित्य गुप्ता, चाँदबाबु अन्सारी र नगेन्द्र शाहीको नाम घोषणा गरिएको छ। यसैगरी एसोसियट सदस्यमा अब्दुल वाहिद अन्सारी र राजिव तलंगा, सम्वद्ध सदस्यमा फणाधर भण्डारी र सुरेशजंग बन्जारा रहेका छन्। सो क्रममा प्रजातान्त्रिक उद्योग व्यवसायी संघका तर्फबाट निर्वाचन परिचालन समितिका संयोजक ललितकुमार रौनियारले उम्मेदवारको नाम घोषणा गरेका थिए।

नेपालगन्ज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष कृष्णप्रसाद श्रेष्ठको अध्यक्षतामा भएको घोषणा कार्यक्रममा पूर्वअध्यक्ष नन्दलाल वैश्य, अब्दुल वाहिद मन्सुरी 'चुन्ना', संघका वर्तमान अध्यक्ष टंक धामी, वरिष्ठ उद्योगी कन्हैयालाल वैद्य, चम्पालाल बोथरा, प्रदिप छाजेड, पत्रकार महासंघ बाँकेका अध्यक्ष नवीन गिरी, संघका वर्तमान पदाधिकारी, उद्योगी, व्यवसायीलगायतको उपस्थिति रहेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष पदका उम्मेदवार ओलीले सम्पूर्ण उद्योगी, व्यवसायीका एजेन्डालाई साझा रूपमा समाधान गर्न सबै विचार समूह मिलेर सर्वसम्मत रूपमा टिम निर्माण गरिएको बताए। 'यो टिम मजबुद तरिकाले व्यवसायीको हकहितका निम्ति सधैं लड्नेछ, बाँकेमा गरिएको यो अभ्यासले देशभर राम्रो म्यासेज दिनेछ', उनले भने। यसअघि निर्वाचनका लागि प्रजातान्त्रिक प्यानलबाट सञ्जय थापा र समावेशी प्यानलबाट चिरञ्जिवी ओलीको नेतृत्वमा छुट्टा-छुट्टै प्यानल घोषणा भए पनि पूर्वअध्यक्ष तथा पदाधिकारीको पहलमा सर्वसम्मत रूपमा नेतृत्व छनोटको प्रयास थालिएको बताइएको छ। संघको निर्वाचनका लागि अन्य आकांक्षीहरूले पनि अध्यक्षसहित विभिन्न पदमा उम्मेदवारी दर्ता गराएका छन्।

# विज्ञापन छापेको सात दिनपछि मात्र कामदार छनोट गर्नुपर्ने

मधुजंग पाण्डे
*काठमाडौं, साउन २२*

नेपाली कामदार पठाउने इजाजतपत्र प्राप्त म्यानपावर कम्पनीले अब रोजगारीको विज्ञापन सम्बन्धी सूचना प्रकाशित गरेको कम्तीमा सात दिनपछि मात्र श्रमिक छनोट प्रक्रिया सुरु गर्नुपर्ने भएको छ।

अहिलेको अव्यवस्थित कामदार छनोट प्रक्रियालाई थप पारदर्शी बनाउने उद्देश्यले वैदेशिक रोजगार विभागले यस्तो नियम बनाएको हो। विभागले शुक्रबार सूचना जारी गर्दै वैदेशिक रोजगार ऐन-२०६४ र नियमावली- २०६४ मा भएको व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्न म्यानपावर कम्पनीहरूलाई यस्तो निर्देशन दिएको हो।

वैदेशिक राजगारी

सात दिनको म्याद दिएर सूचना प्रकाशित गरे पनि म्याद नसकिँदै कोटा सकिएको भन्दै वैदेशिक रोजगारीमा जान इच्छुक कामदारलाई निवेदन दिनबाटै बञ्चित गरेको गुनासो बढेपछि विभागले स्पष्ट निर्देशन सहित यो नियम पालना गर्न भनेको छ। म्यानपावर कम्पनीले विज्ञापन प्रकाशित गरेपछि सात दिनसम्म आएका सबै निवेदन संकलन गर्नुपर्ने र सातौं दिनपछि मात्र प्राप्त आवेदकमध्येबाट कामदार छनोट प्रक्रिया सुरु गर्नुपर्ने विभागको निर्देशनमा उल्लेख छ। यसरी छनोट गरिएका कामदारको सूची सम्बन्धित कम्पनीको वेबसाइटमा सार्वजनिक गर्नुपर्ने र छनोट प्रक्रियामा सहभागी भएका सबै आवेदकलाई समेट्नुपर्ने नियम बनाइएको विभागले जनाएको छ।

यसैगरी छनोटमा नपरेका कामदारलाई किन छनोट हुन नसकेको हो? भन्ने कारणसहित जानकारी दिनुपर्ने व्यवस्था अनिवार्य रूपमा पालना गर्न पनि विभागले सम्बन्धित कम्पनीहरूलाई निर्देशन दिएको छ।

विभागको यस नियमअनुसार वैदेशिक रोजगार ऐनको दफा १६ बमोजिम इजाजतपत्रवाला कम्पनीले कामदार छनोटका लागि कम्तीमा सात दिनको अवधि राखेर राष्ट्रियस्तरको दैनिक पत्रिका र आफ्नै वेबसाइटमा विज्ञापन प्रकाशित गर्नुपर्ने व्यवस्था छ।

वैदेशिक रोजगार ऐन- २०६४ को दफा १६ मा वैदेशिक रोजगारीमा नेपाली कामदार पठाउन पूर्व श्रम स्वीकृति प्राप्त भएपछि सम्बन्धित इजाजतप्राप्त म्यानपावर कम्पनीले ७ दिनको अवधि दिएर नेपाली भाषामा प्रकाशन हुने कुनै एक राष्ट्रिय दैनिक पत्रिकामा विज्ञापन छाप्नुपर्ने प्रावधान छ।

## भदौ १ गतेबाट श्रमिक पठाउन रोक्ने संघको चेतावनी

काठमाडौं, साउन २२ (नागरिक)- नेपाल वैदेशिक रोजगार व्यवसायी संघले आगामी भदौ १ गतेदेखि नेपाली श्रमिकलाई वैदेशिक रोजगारीमा पठाउने काम रोक्ने चेतावनी दिएको छ।

हाल वैदेशिक रोजगारीको क्षेत्रमा भएका विविध समस्या तथा नीतिगत सुधार गर्न सरकारलाई आवश्यक सहयोग गर्ने बताउँदै आएको संघले शुक्रबारसम्म श्रम स्वीकृति लिएका श्रमिक भदौ १ गतेसम्ममा गइसक्नुपर्ने र त्यसपछि कामदार नपठाउने चेतावनी दिएको छ।

यसअघि व्यवसायी भेलामार्फत १५ बुँदे माग राखेर आन्दोलनका कार्यक्रम तय गरेको संघले शुक्रबार पत्रकार सम्मेलन गरी यस्तो चेतावनी दिएको हो।

संघले उठाएका वैदेशिक रोजगार ऐन संशोधनलगायतका केही समस्या समाधानका लागि सरकार सकारात्मक भए पनि सेवाशुल्क परिमार्जन र हवाई भाडामा भ्याट छुटको मुख्य मागमा सरकारले ठोस निणर्य गर्न नचाहेको भन्दै यस्तो चेतावनी दिएको बताएको छ।

नीतिगत सुधारबिना वैदेशिक रोजगार क्षेत्रलाई व्यवस्थित, मर्यादित, सम्मानित, पारदर्शी र दिगो बनाउन सम्भव नभएको पनि संघले जिकिर गरेको छ। पत्रकार सम्मेलनमा संघका अध्यक्ष डिकबहादुर खत्रीले सरकारलाई दबाब दिन यस्तो चेतावनी दिएका हुन्।

## ह्याम्स अस्पताल र गोकर्णेश्वर नगरपालिकाबिच सहकार्य सम्झौता

काठमाडौं, साउन २२ (नागरिक)- हस्पिटल फर एड्भान्स्ड मेडिसिन एन्ड सर्जरी लिमिटेड (ह्याम्स अस्पताल) र गोकर्णेश्वर नगरपालिकाबिच नगरवासीलाई गुणस्तरीय, सहज, पहुँचयोग्य तथा सहुलियतपूर्ण विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यका साथ स्वास्थ्य सेवा सहकार्य सम्झौता सम्पन्न भएको छ। उक्त सम्झौताले स्थानीय सरकार र निजी स्वास्थ्य संस्थाबिचको सहकार्यलाई थप संस्थागत गर्दै नागरिकको स्वास्थ्य सेवामा पहुँच विस्तार गर्ने विश्वास लिइएको छ। सम्झौतापत्रमा ह्याम्स अस्पतालका अध्यक्ष आर एस भण्डारी तथा गोकर्णेश्वर नगरपालिकाका नगर प्रमुख दीपककुमार रिसालले हस्ताक्षर गरेका थिए। सम्झौता कार्यक्रममा दुवै संस्थाका पदाधिकारी, स्वास्थ्यकर्मी तथा सम्बन्धित अधिकारीको उल्लेखनीय उपस्थिति रहेको थियो।

सम्झौताअनुसार गोकर्णेश्वर नगरपालिकाको सिफारिसमा ह्याम्स अस्पतालमा उपचार, शल्यक्रिया तथा अन्य स्वास्थ्य सेवा लिन आउने नगरपालिकाका स्थायी बासिन्दाले अस्पतालबाट प्रदान गरिने विभिन्न विशेषज्ञ स्वास्थ्य सेवामा विशेष छुट तथा सहुलियत प्राप्त गर्नेछन्। यस व्यवस्थाले विशेषगरी आर्थिक रूपमा उपचार गर्न कठिनाइ भोगिरहेका नागरिकलाई राहत पुऱ्याउनुका साथै विशेषज्ञ चिकित्सकबाट गुणस्तरीय उपचार सेवा सहज रूपमा प्राप्त गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## नक्कली टाटा पार्टपुर्जा कारोबार आरोपमा व्यवसायी पक्राउ

काठमाडौं, साउन २२ (नागरिक)- टाटा गाडीका नक्कली पार्टपुर्जा र लुब्रिकेन्ट अवैध रूपमा आयात गरी बिक्री-वितरण गरेको आरोपमा प्रहरीले काभ्रेपलाञ्चोकको बनेपाबाट एक व्यवसायीलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकको टोलीले बनेपास्थित नेक्स्ट जेनेरेसन अटोमोटिभ प्रालिका सञ्चालक राजकुमार पोतेलाई पक्राउ गरेको हो। प्रहरीले कम्पनीको पसल र १० वटा गोदाममा छापा मारेर करोडौं रुपैयाँ मूल्य बराबरका अवैध रूपमा आयात गरिएका तथा नक्कली आशंका गरिएका पार्टपुर्जा र लुब्रिकेन्ट बरामद गरेको जनाएको छ। बरामद गरिएका गोदामहरू सिलबन्द गरिएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार पोते यसअघि पनि राजस्व छलीसम्बन्धी मुद्दामा कारबाहीमा परिसकेका व्यक्ति हुन्। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।


## वर्गीकृत विज्ञापन/डिस्प्ले

**सूचना**



जिल्ला काठमाण्डौ, काठमाण्डौं महानगरपालिका 16 बस्ने भारतीय सेनाका भू.पू. सैनिक नं. जेसी 629301K सुवेदार/ हनेरी क्याप्टेन भक्त बहादुर थापा 2|9GR को एकमात्र श्रीमतीको पेन्सन अभिलेखमा नाम Sita Devi र जन्ममिति 03/01/1958 A.D. र नेपाली नागरिकता प्रमाणपत्र नं. 67 मा सीता थापा, जन्म मिति 2018/08/18 B.S. (03/12/1961 A.D.) उल्लेख भएको हुँदा दुबै नामथर एवं जन्ममिति भएको व्यक्ति फरक फरक नभै एकै व्यक्ति भएको व्यहोरा प्रमाणिकरणको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।

**Welfare Branch Defence Wing Embassy of India Kathmandu**

**Vacancy Announcement**

Welfare Branch, Defence Wing, Embassy of India, Kathmandu invites application from interested candidates for the post of **Secretary** at DSBs Bhojpur, Diktel, Turture, Baglung & Waling and **NA-Cum-Peon** at DSBs Bhojpur, Palpa, Besisahar, Arghakhanchi, Butwal & Baitadi. The candidates must be Retd JCO age below 56 years and NCO/OR age below 50 years from Indian Army with Exemplary character and Med Cat **'SHAPE- I'**.

Applications alongwith bio-data and educational certificates can be submitted through e-mail on pc.nepal@yahoo.com or forwarded on following address by **20 Aug 2026 (1700 hrs)**.

Welfare Branch (BGSN), Defence Wing, Embassy of India
Thamel, Next to NSBL Bank
(Opposite Saraswoti Multiple Campus)
Kathmandu (Nepal) Tel No: 01-4518064/ 4512597/4513785
The written exam will be held on **24 Aug 2026 for DSB Secy and 27 Aug 2026 for NA-Cum-Peon**.
Asst Military Attaché (W)

**सूचना**



जिल्ला तनहूँ साविक बरभन्ज्याङ गा.वि.स. 8, हाल भानु न.पा. वडा नं. 6 बस्ने भारतीय भू.पू. सैनिक नं. जे.सी. 629765F सुवेदार तिलक मल्ल 3|9 जि.आर. को पेन्सन अभिलेखमा नाम तिलक मल्ल जन्ममिति 28//01/1966 A.D र नेपाली ना.प्र.नं. 1159 मा तिलक बहादुर थापा जन्ममिति 2020/10/15 B.S. (29/01/1964 A.D.) उल्लेख भएको साथै निजको एकमात्र श्रीमतीको नाम पेन्सन अभिलेखमा Krishna Devi Malla जन्म मिति 15/11/1966 A.D. र नेपाली ना.प्र.नं. 14(क) मा नाम कृष्ण देवी थापा जन्ममिति 2022/07/15 B.S. (31/10/1965 A.D.) उल्लेख भएको हुँदा दुबै नामथर एवं जन्ममिती भएको व्यक्ति फरक फरक नभै एकै व्यक्ति भएको व्यहोरा प्रमाणिकरणको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।

**सूचना**



तनहूँ जिल्ला साविक तनहूँसुर गा.वि.स. 2 हाल भानु न.पा. 6 बस्ने भारतीय भू.पु.सै.नं. JC629457F सुवेदार जङ्ग बहादुर थापा 1|9GR को भारतीय पेन्सन अखिलेखमा नाम जङ्ग बहादुर थापा जन्म मिति 06/01/1960 A.D र नेपाली ना.प्र.नं. 6043 मा जङ्ग बहादुर थापा जन्म मिति 2016/05/22 B. S. (07/09/1959 A.D.) उल्लेख भएको साथै निजको एकमात्र श्रीमतीको नाम पेन्सन अखिलेखमा Tara Devi जन्म मिति 01/07/1960 AD र नेपाली ना.प्र.नं. 1554 मा नाम थर तारा थापा जन्म मितिः 2019/03/17 B.S. (01/07/1962 A.D) उल्लेख भएको हुँदा दुबै नामथर एवं जन्ममिति भएको व्यक्ति फरक फरक नभै एकै व्यक्ति भएको व्यहोरा प्रमाणिकरणको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।

**मल्टीपर्पस फाइनान्स लिमिटेड**
**Multipurpose Finance Ltd.**
कर्पोरेट कार्यालयः जनकपुरधाम ४, विधापति चौक, सम्पर्क नं. ०४१-५९११७०
Email: mfclfin43@gmail.com, website: www.multipurposefinance.com

## २८औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३।०४।२३

मिति २०८३/०४/२० गते बसेको सञ्चालक समितिको बैठक नं. ४६० को निर्णयानुसार निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल गर्नको लागि यस वित्तीय संस्थाको २८ औं वार्षिक साधारण सभा बस्ने भएको हुँदा शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. **सभा बस्ने मिति, समय र स्थानः**
मितिः २०८३ साल भाद्र १६ गते मंगलवार (तद्नुसार सेप्टेम्बर ०१, २०२६)
समयः बिहान ११:०० बजे
स्थानः वित्तीय संस्थाको केन्द्रीय कार्यालय, राजविराज, सप्तरी

२. **छलफलका बिषयहरुः**
(क) **सामान्य प्रस्तावहरुः**
१. आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको २८ औं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आ.व. २०८१/८२ को नाफा वा नोक्सान विवरण र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने।
३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/८३ को हरहिसाब लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
(ख) **विविध।**

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. मिति २०८३।०५।०५ गतेका दिन १ दिन शेयर दाखिल खारेज दर्ता बन्द (Book Close) रहने छ। नेपाल स्टक एक्सचेन्ज लि. मा मिति २०८३।०५।०४ गते सम्म कारोवार भई नियमानुसार शेयर नामसारी भई कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन र मतदान गर्न सक्ने छन्।
२. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुलाई सभा हुने दिन शेयर प्रमाण पत्रमा उल्लेखित परिचयपत्र नं./हितग्राही खाता खोलिएको प्रमाण सहित वित्तीय संस्थाद्वारा जारी गरिएको प्रवेश पत्र साथमा लिई आउन हुन अनुरोध छ। प्रवेश पत्र प्राप्त नगर्नु भएका शेयरधनीले आफ्नो कुनै एक सक्कल शेयर प्रमाणपत्र/हितग्राही खाता खोलिएको प्रमाणपत्र परिचय खुल्ने कुनै प्रमाण (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) साथमा लिई आउन हुन अनुरोध छ। सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। हाजिरी पुस्तिका बिहान १०:०० बजे देखि खुल्ला रहनेछ।
३. प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सम्पूर्ण शेयरको प्रतिनिधिपत्र (प्रोक्सी फाराम) भरी वित्तीय संस्थाको सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगाडी वित्तीय संस्थाको कर्पोरेट कार्यालय, बिद्यापतिचोक, जनकपुरधाम, धनुषामा दर्ता गरी सक्नु पर्नेछ। यसरी प्रतिनिधी (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति वित्तीय संस्थाको शेयरधनी हुनु अनिवार्य छ।
४. सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी स्वयं सभामा उपस्थित भई मतदान गर्न चाहेमा शेयरधनीले गरिदिएको प्रोक्सी स्वतः बदर हुनेछ।
५. सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको अवस्थामा बाहेक एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा (साझा गरी) शेयर लिएको रहेछ भने शेयरधनीको दर्ता किताबमा दर्ता क्रमानुसार पहिलो नाममा उल्लेख भएको व्यक्ति एक जनाले मात्र सभामा भाग लिन सक्नेछ।
६. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट वित्तीय संस्थाको शेयरधनी दर्ता कितावमा संरक्षकको रुपमा नाम दर्ता भईरहेको व्यक्तिले मात्र सभामा भाग लिन सक्नु हुनेछ। तर संरक्षक आफै शेयरधनी नभएमा संरक्षकको रुपमा नाम दर्ता भइरहेको व्यक्तिले मात्र सभामा भाग लिन सक्नु हुनेछ। तर संरक्षक आफै शेयरधनी नभएमा संरक्षकले अरु शेयरधनीको प्रतिनिधी (प्रोक्सी) भई सभामा भाग लिन सक्नु हुनेछैन।
७. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधीले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ।
८. प्रतिनिधि मुकरर गर्दा आफनो नाममा रहेको सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ। एक भन्दा बढी व्यक्तिलाई आधा-आधा वा अरु कुनै किसिमबाट छुट्टाएर दिएमा बदर हुनेछ।
९. छलफलका बिषयसूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ। तर त्यस्ता विषयलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन।
१०. शेयरधनी महानुभावहरुको जानकारीको लागि वित्तीय संस्थाको संक्षिप्त आर्थिक विवरण वित्तीय संस्थाको वेबसाइटः www.multipurposefinance.com मा प्रकाशित गरिएको छ। पूर्ण आर्थिक विवरण, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, वार्षिक साधारण सभामा प्रस्तुत छलफलका बिषयहरु सहितको वार्षिक प्रतिवेदन वित्तीय संस्थाको वेबसाइटमा प्रकाशित गरिनेछ। अन्य विस्तृत जानकारीको लागि वित्तीय संस्थाको कर्पोरेट कार्यालयको फोन नं. ०४१-५९११७१ मा सम्पर्क राख्नु हुन वा वेबसाइटः www.multipurposefinance.com मा हेर्नुहुन अनुरोध छ।

## छवि विश्वकै धनी

# विश्व स्टार रोज्दैनन् प्रिमियर लिग


रोड्री

लन्डन, साउन २२ (एजेन्सी)- ब्राजिलका भिनिसियस जुनियर आर्सनलमा आबद्ध भएका भए, खेलजीवनको उत्कर्ष लयमा हुँदा इङ्लिस प्रिमियर लिग रोज्ने विश्वका सीमित सुपरस्टार बन्ने थिए।

स्पेनिस क्लब रियाल मड्रिड छाड्ने भिनिसियसको निर्णय हुँदा आर्सनलले ती ब्राजिलियन फरवार्डलाई आफ्नो बनाउन तयार थियो। २६ वर्षे भिनिसियस पनि सो सम्भावनाप्रति सकारात्मक नै देखिन्थे। तर, अब उनले बर्नाबेउमा सन् २०३२ सम्मका लागि नयाँ सम्झौतामा हस्ताक्षर गरिसकेका छन्। यसले फेरि एकपटक एउटा रोचक दुखद क्षणको सम्झना गराएको छ। इङ्लिस प्रिमियर क्लबहरूसँग अतुलनीय आर्थिक क्षमता छ। इङ्ल्यान्डको शीर्ष डिभिजनलाई विश्व फुटबलकै सबैभन्दा बलियो घरेलु प्रतियोगिता मानिन्छ। तर पनि बालन डिओरका दाबेदारहरूलाई आकर्षित गर्न भने सधैं धौधौ पर्दै आएको छ। इङ्लिस क्लबले विश्वस्तरीय सेन्टर ब्याक र गोलकिपरहरूलाई अनुबन्धित गरिरहेका छन्।

उनीहरूलाई टोलीमा टिकाइराख्न क्लबलाई खासै समस्या छैन। तर फरवार्डमा भने यो कमी प्रस्टै देखिन्छ। जहाँ सबैभन्दा बढी माग भएका आक्रामक खेलाडी र अट्याकिङ मिडफिल्डरहरू अझै पनि प्रायः अन्यत्रै जाने रोजाइ बनाउँछन्। प्रिमियर लिगले सुपरस्टार बनाउँछ, तर विरलै मात्र भित्र्याउन सक्छ। सन् १९९२ मा प्रिमियर लिग सुरु भएयता इङ्लिस शीर्ष डिभिजनका क्लबका तीन जना खेलाडीले मात्र पुरुषतर्फ बालन डिओर जितेका छन्। सन् २००१ मा लिभरपुलका माइकल ओवेन, सन् २००८ मा म्यानचेस्टर युनाइटेडका क्रिस्टियानो रोनाल्डो र सन् २०२४ मा म्यानचेस्टर सिटीका रोड्री यो सूचीमा छन्। उदीयमान उत्कृष्ट प्रतिभाहरू इङ्ल्यान्ड आएपछि विश्व स्टार बन्छन्। डेनिस बर्गक्याम्प इन्टर मिलानमा निराशाजनक समय बिताएपछि आर्सनल आएका थिए।

पछि प्रिमियर लिगका सबैभन्दा प्रभावकारी खेलाडीहरूमध्ये एक बने। एरिक क्यान्टोनाले फ्रान्स र लिड्समा छँदा नै आफ्नो प्रतिभाको झलक देखाइसकेका थिए। उनी म्यानचेस्टर युनाइटेडको प्रिमियर लिग युगको पहिलो महान् टोलीको पहिचान बने। इटालीको युभेन्ट्समा सोचेजस्तो प्रदर्शन गर्न नसकेपछि थिएरी हेनरी उत्तर लन्डन गए। उनी पनि पछि आफ्नो पुस्ताकै उत्कृष्ट फरवार्डका रूपमा चिनिए। रोनाल्डो १८ वर्षको उमेरमा स्पोर्टिङबाट युनाइटेडमा आबद्ध भए। पाँच वर्षपछि उनले बालोन डिओर जिते र त्यसपछि उनी रियाल मड्रिड गए। एर्लिङ हालान्ड सबैभन्दा राम्रो उदाहरण हुन्।

सन् २०२२ मा म्यानचेस्टर सिटीले बोरुसिया डर्टमुन्डबाट अनुबन्धित गर्दा उनी युरोपका सबैभन्दा लोभलाग्दा युवा फर्वार्ड भइसकेका थिए। तर उनले इङ्ल्यान्डमा पुगेपछि थप उचाइ पाए। भिनिसियसजस्ता खेलाडीलाई अनुबन्धित गर्नु ठूलो कुरा हो। जसले धेरैपटक च्याम्पियन्स लिग जिते र विश्वकै सर्वाधिक चिनिएका फुटबलरहरूमा आफूलाई स्थापित गरिसकेका छन्। यसमा केही अपवादहरू पक्कै छन्। तर धेरैजसो ठूला नामहरू आफ्नो खेलजीवनको स्वर्णिम समय सकिएछि मात्र इङ्ल्यान्ड भित्रिन्छन्। भिनिसियससँगको सबैभन्दा नजिकको तुलना आन्द्री सेभचेन्कोसँग गर्न सकिन्छ। सन् २००६ मा २९ वर्षको उमेरमा सेभचेन्को एसी मिलानबाट चेल्सीमा आएका थिए।


नेइमार



ह्यारी केन

> इङ्लिस प्रिमियर क्लबहरूसँग अतुलनीय आर्थिक क्षमता छ। इङ्ल्यान्डको शीर्ष डिभिजनलाई विश्व फुटबलकै सबैभन्दा बलियो घरेलु प्रतियोगिता मानिन्छ। तर पनि बालन डिओरका दाबेदारहरूलाई आकर्षित गर्न भने सधैं धौधौ पर्दै आएको छ।

उनले दुई वर्षअघि मात्र बालन डिओर जितेका थिए। आफ्नो करियरको उत्कर्ष समयमा प्रिमियर लिगमा आउने सीमित विश्व स्टारमध्ये उनी एक हुन्। रुआड गुलिट र जोर्ज वेहजस्ता अन्य बालन डिओर विजेताहरू पनि चेल्सीमा आबद्ध भए। तर उनीहरू खेलजीवनको उत्तरार्धमा थिए। ३६ वर्षको उमेरमा रोनाल्डो पनि युनाइटेड फर्किए। ज्लाटान इब्राहिमोभिच पनि ३४ वर्षमा युनाइटेड आए भने जर्गेन क्लिन्सम्यानले ३० वर्षको उमेरमा टोटनह्यामसँग सम्झौता गरे।

**सिरी 'ए' जस्तो छैन खर्च गर्ने शैली**

सन् १९८० र १९९० को दशकमा इटालीको सिरी 'ए' अत्यधिक धनी मात्र थिएन। विश्व फुटबलका सबैभन्दा ठूला स्टारहरूको निर्विकल्प घर नै थियो। डिएगो म्याराडोनाले बार्सिलोना छाडेर नेपोली रोजे।

ब्राजिलका रोनाल्डो आफ्नो खेलजीवनको उत्कर्षमा बार्सिलोनाबाट इन्टर मिलान पुगे। मिचेल प्लाटिनी, मार्को भान बास्टेन, लोथर म्याथ्युस र जिनेदिन जिदान सबैले आफ्नो खेलजीवनका केही उत्कृष्ट वर्षहरू इटालीमै बिताए। तर प्रिमियर लिगको आर्थिक प्रभुत्वले अर्कै प्रकारको ट्रान्सफर बजार सिर्जना गरेको छ। इङ्लिस क्लबहरूले ठूलो रकम खर्च गर्छन्। अलेक्जेन्डर इसाक, मोर्गन रोजर्स, एलियट एन्डरसन, मोइसेस काइसेडो, डेक्लान राइस र ज्याक ग्रिलिस सबै जना १०० मिलियन पाउन्डभन्दा बढी रकममा प्रिमियर लिग क्लबहरूबीच नै स्थानान्तरण भएका छन्। लिभरपुलका फ्लोरियन विर्ट्जजस्ता अन्य खेलाडीहरू भने ठूलो साख बोकेर प्रिमियर आउँछन्। प्रिमियर लिगको मोडल कुनै एक ठूला स्टार भित्र्याउनुभन्दा पनि कठिन सिजनमा टिकिरहन सक्ने १८ देखि २२ जना उत्कृष्ट खेलाडीहरूको टोली खडा गर्ने विषयमा बढी केन्द्रित छ।

**मड्रिड र बार्सिलोनाको आकर्षण**

विश्वका लोकप्रिय खेलाडीहरू उपलब्ध हुँदा इङ्लिस क्लबहरूका लागि रियाल मड्रिड र बार्सिलोनासँग प्रतिस्पर्धा गर्न गाह्रो हुन्छ। जुड बेलिङ्घम यसको एउटा उदाहरण हुन्। आफ्नो सुधारलाई निरन्तरता दिन बर्मिङ्घम सिटी छाडेर उनी बोरुसिया डर्टमुन्ड पुगेका थिए। इङ्ल्यान्डका मिडफिल्डर उनी आफ्नो देश फर्किनुको साटो मड्रिड गए। प्रिमियर लिग युगमा एकै खेल नखेली इङ्ल्यान्डको सिनियर पुरुष टोलीको प्रतिनिधित्व गर्ने उनी एक मात्र खेलाडी हुन्। किलियन एमबाप्पे मड्रिड जाने आफ्नो महत्त्वाकांक्षा पूरा गर्नुअघि अन्य धेरै क्लबहरूसँग जोडिएका थिए। नेइमारले सन् २०१३ मा सान्तोष छाड्दा प्रिमियर लिग टोलीहरूको चासोका बाबजुद बार्सिलोना रोजे।

एक कारणमध्ये लियोनेल मेसीसँगै खेल्ने अवसरको आकर्षण पनि एउटा कारण थियो। रोनाल्डोले बालन डिओर जितेको एक वर्षपछि युनाइटेड छाडेर रियाल मड्रिड रोजेका थिए। लुइस सुआरेजले लिभरपुलबाट प्रिमियर लिग गोल्डेन बुट र पिएफए प्लेयर्स' प्लेयर अफ द इयर जितेको केही महिनापछि बार्सिलोनाको यात्रा तय गरे। वेल्सका ग्यारेथ बेल र बेल्जियम एडेन हाजार्डले प्रिमियर लिगमै स्थापित भए। तर पछि लन्डन छाडेर यी पनि मड्रिड गए। बेल सन् २०१३ मा टोटनह्यामबाट रियलमा आबद्ध भए भने हाजार्डले ६ वर्षपछि चेल्सीबाट सोही कदम चाले। इङ्ल्यान्डकै कप्तान ह्यारी केन एलन शियररको २६० प्रिमियर लिग गोलको रेकर्डभन्दा ४७ गोलले मात्र पछाडि थिए। तर, उनी पनि टोटेनहम छाडेर बायर्न म्युनिख गए।

**के छ स्पेनमा ?**

स्पेनका व्यावहारिक आकर्षणहरू पनि छन्। मौसम, जीवनशैली र धेरै दक्षिण अमेरिकी खेलाडीहरूका लागि भाषिक तथा सांस्कृतिक निकटता पनि हो। तर यसको आकर्षण अझ गहिरो छ। मड्रिड र बार्सिलोनाको एउटा छुट्टै प्रतिष्ठा छ। च्याम्पियन्स लिगको इतिहास, विश्वव्यापी पहुँच र बालन डिओरजस्ता व्यक्तिगत सम्मानहरूसँगको सामीप्यताले अझ मजबुत बनाएको छ। यी दुवै क्लबहरूले प्रिमियर लिगका रोड्रीमा पनि चासो देखाएका छन्। हालान्ड भने विपरीत रूपमा उभिएका छन्। सिटीले उनलाई २१ वर्षको उमेरमा डर्टमुन्डबाट अनुबन्धित गऱ्यो। उनी अहिले विश्वका सबैभन्दा खतरनाक नम्बर ९ का रूपमा विकसित भएका छन्। उनी पनि मड्रिड जान सक्छन्। हालान्डका बुबा अल्फीलाई कुनै दिन उनी बर्नाबेउ जान सक्ने सम्भावनाबारे सोधिएको थियो।

'उनी सिटीमा खुसी छन्, उनको लामो सम्झौता छ। तर जुनसुकै खेलाडी पनि मड्रिडका लागि खेल्न चाहन्छ,' उनले भनेका थिए। यसको अर्थ हालान्ड तत्कालै सरुवा भइहाल्छन् भन्ने त होइन। तर यो भावना निकै महत्त्वपूर्ण छ। इङ्ल्यान्डले सुपरस्टारहरू जन्माउने मञ्च प्रदान गर्न सक्छ भन्ने कुरा बारम्बार सिद्ध गरिसकेको छ। तर, सफलताको शिखरका खेलाडीलाई प्रिमियर लिग आकार्षण गर्न सक्दैन। त्यहाँ पुगेकालाई पनि टिकाइराख्न प्रिमियर लिग क्लबका लागि कठिन चुनौती बन्दै आएको छ।

## गोल्डेनगेट र निम्स फाइनलमा



काठमाडौं, साउन २२ (नागरिक)- गोल्डेनगेट इन्टरनेसनल कलेज र निम्स प्रथम प्याराडाइस अन्तरकलेज बास्केटबल प्रतियोगिताको गर्ल्सतर्फ शुक्रबार फाइनलमा प्रवेश गरेका छन्।

गोल्डेनगेटले एलआरआईलाई ३७-३१ ले पराजित गऱ्यो। गोल्डेनगेटको जितमा एन्जल गुप्ताले १० अंक योगदान गरिन्। नीलिमा कोइरालाको ११ अंक सहयोगमा निम्सले जेभियर 'बी' लाई ३८-३७ को साँघुरो अन्तरले हरायो। टोखा नगरपालिकाको साईबाबा चोकस्थित आयोजक प्याराडाइस स्पोर्ट्स एकेडेमीको हलमा भइरहेको प्रतियोगिताको ब्वाइजमा जेभियर र सिसिआरसीले उपाधि भिडन्त पक्का गरे। जेभियरले लालीगुराँस नेसनल एकेडेमीलाई ६२-५२ ले हरायो। जेभियरका रोशन नगरकोटीले १७ स्कोर गरे। सिसिआरसीले मनास्लुलाई ८४-७८ ले पन्छायो। फाइनल शनिबार हुनेछ।

## काष्ठमण्डप 'बी' विजयी



काठमाडौं, साउन २२ (नागरिक)- काष्ठमण्डप विद्यालयको आयोजनामा जारी दोस्रो क्युकेएस अन्तरविद्यालय फुटसल प्रतियोगिताको सिनियर ब्वाइजमा काष्ठमण्डप 'बी' ले जिनियस आइबीलाई १-० गोलले शुक्रबार पराजित गरेको छ।

सिनियर ब्वाइजमै इम्पेरियल वर्ल्डले काष्ठमण्डप 'बी' लाई १-० र जिनियस आइबीलाई ३-०, युरो हात्तीगौंडाले मेरिडियनलाई २-१, दीक्षालयले मेरिडियनलाई १-० तथा काष्ठमण्डप 'ए' ले जोन डेवीलाई २-० गोलले हराए। जुनियर ब्वाइजमा काष्ठमण्डप 'बी' ले इम्पेरियललाई २-०, मेरिडियनले काष्ठमण्डप 'बी' लाई ४-२ तथा युरो, हात्तीगौडाले इम्पेरियललाई २-१ र मेरिडियनलाई १-० गोलले हराए। सिनियर गर्ल्समा मेरिडियनले एलआरआईलाई ४-० र जोन डेवीले एलआरआईलाई ८-० गोलले पन्छाए।

## नेपाली बक्सरको प्रशिक्षण भारतमा




काठमाडौं, साउन २२ (नागरिक)- नेपालका सात बक्सरले जापानमा तय आगामी २०औं एसियाली खेलकुदको तयारीका लागि भारतको आसामस्थित गुवाहटीमा प्रशिक्षण गर्ने भएका छन्।

जापानको आइची/नागोया सहरमा असोज ३ गतेदेखि सुरु हुने एसियाली खेलकुदमा नेपालका चार पुरुष र तीन महिला बक्सरले नेपालको चुनौती दिँदै छन्। सन् २०१० को ग्वाङ्झाउ एसियन गेम्समा पदक जितेयता नेपाली बक्सिङ असफल हुँदै आएको छ। यसपल्ट पदक जित्ने लक्ष्यसहित नेपाली टोलीले लामो समयदेखि तयारी गर्दै आएको छ। पछिल्लो समय बक्सिङमा राम्रो प्रदर्शन गर्दै आएको भारतमा नेपालले प्रशिक्षण गर्ने भएको छ। सात खेलाडीसहित ९ सदस्यीय नेपाली टोली सोमबार आसाम जाँदै छ। स्पोर्ट्स अथोरिटी अफ इन्डिया (साइ) अन्तर्गत नेसनल सेन्टर अफ एक्सिलेन्समा ४० दिने प्रशिक्षणमा रहने नेपाली बक्सिङ टोलीका प्रशिक्षक दीपक महर्जनले बताए। चीनको एसियाली गेम्समा पदक जित्ने खेलाडी दीपक नै हुन्।

पुरुष ५५ केजीमुनि चन्द्रबहादुर थापा, ६० केजीमुनि खगेन्द्र रोका मगर, ७० केजीमुनि दानबहादुर दर्लामी र ९० केजीमुनि रविन नेपालले प्रतिस्पर्धा गर्ने छन्। महिला ५१ केजीमुनि रमिशा श्रेष्ठ, ५४ केजीमुनि अस्मिता तामाङ र ६५ केजीमुनि कुसुम तामाङ सहभागी हुनेछन्। नेपाली टोली त्यत्तैबाट जापान जानेछ। राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव रामचरित्र मेहता र नेपाल बक्सिङ महासंघका अध्यक्ष राम अवालेलगायतले टोलीलाई शुक्रबार एक कार्यक्रमबीच बिदाइ गरे। पछिल्लो तीन संस्करण नेपालको बक्सिङ पदकविहीन रहँदै आएको छ। सात खेलाडीमध्ये रविनले दोस्रोपल्ट एसियन गेम्स खेल्न लागेका हुन्। रविनले १९औं एसियाली खेलकुदमा प्रतिस्पर्धा गरेका थिए। चन्द्र थापा पदक आशा गरिएका खेलाडी हुन्।

चन्द्रले सन् २०२५ मा दुबईमा भएको आइबा विश्व पुरुष बक्सिङ च्याम्पियनसिपका ऐतिहासिक कांस्य पदक जितेकका थिए। चन्द्रको कांस्य पदक नेपाली बक्सिङको इतिहासमा हालसम्मकै ठूलो हो। प्रशिक्षकमा दीपकसँगै राज श्रेष्ठ छन्। एसियाली खेलकुदमा समग्रमा बक्सिङले ६ कांस्य पदक जितेको छ। बक्सिङले दक्षिण कोरियाको सिओलमा सन् १९८६ मा भएको १०औं संस्करणदेखि पदक जित्न लागेको हो। त्यस बेला ४ कांस्य पदक जितेको थियो। बाँकी दुई संस्करणमा बक्सिङले पदक जित्दै नेपाललाई पदकविहीन हुनबाट जोगाएको थियो। सन् १९९० मा चीनको बेइजिङमा भएको ११औं संस्करणमा चित्रबहादुर गुरुङले पदक जिते। पछिल्लोपल्ट दीपकले १६औं एसियाडमा कांस्य जितेका हुन्।

### चन्द्रसहित चार बक्सर सम्मानित

नेपाल बक्सिङ महासंघले सोही कार्यक्रममा विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जित्ने २ र उत्कृष्ट प्रदर्शन गर्ने दुई गरी कुल चार खेलाडीलाई नगदसहित सम्मान गरेको छ। पदकविजेता चन्द्रबहादुर थापा र अर्पिल राना तथा उत्कृष्ट प्रदर्शन गर्ने लालप्रसाद उप्रेती र अन्जनी तेली सम्मानित भएका हुन्। चन्द्रले सन् २०२५ मा दुबइमा भएको आईबा विश्व पुरुष बक्सिङ च्याम्पियनसिप ५४ केजीमुनि कांस्य जितेका थिए। सोही प्रतियोगिताको ५१ केजीमुनि लालप्रसाद क्वार्टरफाइनलमा पुगेका थिए।

सन् २०२५ मा थाइल्यान्डमा भएको एसियन यु-२२ बक्सिङ च्याम्पियनसिपको पुरुष ५० केजीमुनि अर्पिलले कांस्य प्राप्त गरेका थिए। अञ्जनीले सन् २०२३ मा भारतमा भएको आइबा महिला विश्व बक्सिङ च्याम्पियनसिपको ५२ केजीमुनि क्वार्टरफाइनल यात्रा तय गरेकी थिइन्। चन्द्रले ५० हजार, अर्पिलले २० हजार तथा लालप्रसाद र अञ्जनीले समान १०/१० हजारसहित प्रशंसापत्र पाए। उनीहरूलाई सदस्यसचिव मेहताले सम्मान गरे। अञ्जनी भने कार्यक्रममा उपस्थित थिइनन्।

## पोखरामा धनञ्जय र चितवनमा भोपारा


रवि भोपारा


धनञ्जय लक्ष्मण

काठमाडौं, साउन २२ (नागरिक)- नेपाल प्रिमियर लिग (एनपिएल) का फ्रेन्चाइज टोली पोखरा एभेन्जर्सले श्रीलंकाका धनञ्जय लक्ष्मण र चितवन राइनोजले रवि भोपारालाई अनुबन्धित गरेका छन्।

पोखरा एभेन्जर्सले धनञ्जयलाई र चितवन राइनोजले इङ्लिस ब्याटर भोपारालाई लगातार दोस्रो सिजनका लागि अनुबन्धित गरेका हुन्। शुक्रबार सामाजिक सञ्जालबाट पोखरा र चितवनले एनपिएलको तेस्रो सिजनका लागि पुनः धनञ्जय र भोपारालाई अनुबन्ध घोषणा गरेका हुन्। २७ वर्षीय धनञ्जय श्रीलंकाका ब्याटिङ अलराउन्डर हुन्। उनले अघिल्लो संस्करण पोखराबाट अन्तिम तीन खेल खेलेका थिए। तीन खेलमा उनले १० विकेट लिँदै बलियो छाप छोडेका थिए। यद्यपि उनले पोखरालाई प्लेअफसम्म भने पुऱ्याउन सकेनन्। पोखराका मार्की खेलाडी कुशल भुर्तेल हुन्। यसअघि पोखराले बंगलादेशका लिजेन्ड सकिब अल हसनलाई पनि पनि अनुबन्धित गरिसकेको छ।

तीन साताअघि श्रीलंकाका पूर्वस्पिनर अजन्था मेन्डिस पोखराको मुख्य प्रशिक्षकमा नियुक्त गरेको थियो। यता, चितवनका भोपराका लागि एनपिएलका दुवै सिजन सम्झनलायक रह्यो। उनी पहिलो विकेट गुमेपछि ब्याटिङमा उत्रिन्थे। जहाँ उनले राम्रो प्रदर्शन पनि गरेका थिए। पहिलो सिजन टोलीले भोपाराकै सानदार ब्याटिङमा प्लेअफ यात्रा गरेको थियो। कुल ८ इनिङमा कुल २८६ रन जोड्दै उनी सर्वाधिक रनकर्ताको दौडमा दोस्रो थिए। उनको लयले दोस्रो सिजन पनि निरन्तरता पायो। कुल ७ इनिङमा उनले २३७ रन जोडे पनि चितवन प्लेअफमा पुग्न सकेन। सन् २००८ देखि २०१४ सम्म उनले इङ्ल्यान्डबाट टी ट्वान्टी अन्तर्राष्ट्रियमा खेले। ३५ इनिङमा उनले तीन अर्धशतकसहित ७११ रन जोडे।

चितवनले एक साताअघि मात्र पाकिस्तानी तीव्र गतिका बलर सोहेल तनवीरलाई मुख्य प्रशिक्षक नियुक्त गरिसकेको छ। यसअघिका दुई सिजन उनी चितवनका खेलाडी हुन्। चितवनका मार्की खेलाडीमा कुशल मल्ल छन्।




नेपाल रिपब्लिक मिडियाद्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, सम्पादक : बालकृष्ण अधिकारी